
जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ • अंक १५२ • २०८१ साल कार्त्तिक ८ गते बिहीबार (24 October, Thursday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

## सत्तारुढ दल बैठकमा राउतको अभिव्यक्तिबारे चर्चा

# मधेश प्रदेश सरकारको विकल्पमा ओली र देउवा सकारात्मक



**टुडे समाचारदाता**

काठमाण्डु । सत्तारुढ दलहरुको संयुक्त बैठकमा मधेश प्रदेश सरकारबारे चर्चा चुलिएको छ।

जनमत पार्टीका अध्यक्ष डा. सीके राउतले सामाजिक सञ्जाल अन्तर्गतको फेसबुकलगायतकामा गरेको विभिन्न स्टेटससहितको पोस्ट र सोका पार्टीका नेताहरूको अभिव्यक्तिलाई लिएर सो बैठकमा निकै चर्चा चलेको छ।

सत्ता सहयात्री दलहरुले मधेश प्रदेश सरकारको कामकारबाहीदेखि जनमतका अध्यक्षसहितको बोलीलाई लिएर सो बैठकमा प्रधानमन्त्री केपी शर्मा ओलीले निकै महत्वका साथ सुनेको बताइन्छ।

पछिल्लो समय मधेश प्रदेश सरकारको काम कारबाहीप्रति सत्ता साझेदार दलका नेताहरूले असन्तुष्टि जनाउँदै आएका छन्। जसले गर्दा प्रदेश सरकार संकटमा परेको हो कि भन्ने चर्चा पनि सो बैठकमा भएको छ। जनमत पार्टीले एक्लौटीढंगले विना कुनै छलफल र योजनाकै जथाभावी व्यक्तिलाई राजनीतिक नियुक्तिदेखि बजेट कटौतीसम्ममा बेवास्ता गर्दा सत्ता सहयात्री दलहरु विच्किएका छन्।

मुख्यमन्त्री सतीशकुमार सिंहले मधेश प्रदेश सरकार संचालनमा नेपाली कांग्रेस, लोसपा नेपाल र नेकपा एमालेलाई समेत बेवास्ता गर्दै विभिन्न आयोग तथा समितिमा राजनीतिक नियुक्ति गर्दा, कर्मचारी समायोजन तथा नियुक्ति गर्दा, बजेट विनियोजनलगायतका महत्वपूर्ण कामकाजमा सत्तारुढ दलका मन्त्रीहरुलाई समेत बेवास्ता गरी एक्लौटी ढंगले क्रियाकलपा गर्दा पटकपटक असन्तुष्टि जनाउँदै आएको छ।

यहाँसम्म कि जनमत पार्टीले अन्य दलको मन्त्रालयमा पनि हस्तक्षेप गरेको कारण सोको गुनासो केन्द्रसम्म आइपुगेको बैठकमा सहभागी एक नेताले बताए।

पछिल्लो समय राष्ट्रिय स्वतन्त्र पार्टीका सभापतिसमेत रहेका पूर्वगृहमन्त्री रवि लामिछाने पक्राउ परेपछि जनमत पार्टीका अध्यक्ष राउतले दिएको अभिव्यक्तिलाई लिएर पनि मधेश प्रदेश सरकारको समीक्षा भएको उनले बताए।

तर जनमत पार्टीका उपाध्यक्ष एवं मधेश प्रदेशका पूर्वमन्त्री ई. बसन्त कुशवाहाले मधेश प्रदेश सरकार परिवर्तनको हल्ला फिँजाएर सरकार, कर्मचारी र मधेशी जनतालाई भ्रमित गर्न खोजिएको आरोप लगाउँदै भ्रममा नपर्न आग्रह गरे।

मधेश प्रदेश सरकारले ल्याएको ७५ भन्दा बढी गौरवका योजनाहरू कार्यान्वयन हुने समयमा मधेश विरोधीहरूले बाधा अवरोध पुऱ्याउने काम गरेको भन्दै उनले जनमत पार्टी नेतृत्वको मधेश सरकार पूरै अवधि रहने दाबी गरे।

सो बैठकमा जनमत पार्टीका अध्यक्ष डा. राउत सहभागी भएको एक फोटोसमेत सार्वजनिक गर्दै उपाध्यक्ष ई. कुशवाहाले अध्यक्ष सीके राउतको सहभागिताका साथ बुधबारपनि सत्तारूढ दलको बैठक सम्पन्न भएकाले जनमत पार्टीको नेतृत्वमा मधेश प्रदेश सरकारमा निरन्तरता रही रहने दाबी गर्दै यसमा कुनै भ्रम नराख्न स्पष्ट पारे।

बैठकमा सहभागी एक नेताले पछिल्लो समय जनमत पार्टीका अध्यक्ष राउतले ओली सरकारकै विरुद्धमा दिएको अभिव्यक्तिबारे बालुवाटारमा चर्चा भएको थियो। संसद् होस् वा सार्वजनिक मञ्चबाट पनि अध्यक्ष राउतले संघीय सरकारलाई अहित हुने खालको अभिव्यक्ति दिँदै आएका छन्। जसले गर्दा मधेश प्रदेश सरकारको विकल्पबारे सोच्न प्रधानमन्त्री ओली र कांग्रेसका सभापति शेरबहादुर देउवा सकारात्मक देखिएको बताइन्छ।

मधेश प्रदेश सरकारमा जनमत पार्टीले नेतृत्व गरिरहँदा पार्टीको क्रियाकलाप तथा गतिविधिप्रति नेता तथा कार्यकर्ताहरुले असन्तुष्टि जनाउँदै पार्टी छाड्न थालेपछि उपाध्यक्ष एवं अनुशासन विभागका प्रमुख ई. दीपक साहले पार्टी नछाड्न अपिल गरेका छन्।

कांग्रेस र एमालेले आ-आफ्ना शीर्षनेतृत्वलाई मधेश प्रदेश सरकारको विकल्पबारे दाबी गर्दै आए पनि प्रदेश सरकारको नेतृत्वका लागि दुबै दलबीच हानथाप हुँदा परिवर्तनका मार्ग प्रशस्त हुन नसक्दा जनमत पार्टी नेतृत्वको सरकारले निरन्तरता पाएको एक प्रदेश सांसदले बताए।

केही महिना अघि वीरगञ्जमा कांग्रेस सभापति देउवा समक्ष मुख्यमन्त्रीमा दाबी गर्दै कांग्रेस मधेश प्रदेका संसदीय दलको टोलीले मधेश सरकार परिवर्तनका लागि दबाब दिएका थिए। भने अर्कोतर्फ प्रधानमन्त्री ओलीलाई एमाले मधेश प्रदेश संसदीय दलको टोलीले मुख्यमन्त्रीमा दाबी गर्दै गम्भीर छलफल गरेको थियो।

अत्यन्त जरुरी सूचना

नेपाल सरकारले ननग्रेडड तथा SEE फेल को लागि उच्च शिक्षामा अध्ययन गर्न बाटो खोल्यो, ८० प्रतिशत प्राक्टिकल शिक्षामा अधारित पाठ्यक्रम भएको CTEVT बाट स्वीकृत तपसिलको कोर्षहरुमा भर्ना खुल्यो।

१. प्रि- डिप्लोमा इन कम्पुटर इन्जिनियरिंग
२. प्रि- डिप्लोमा इन इलेक्ट्रिकल इन्जिनियरिंग
३. सर्भे इन्जिनियरिंग (अमिन नापी) तालिममा भर्ना खुल्यो

यस कोर्षहरुमा १ वर्षको अध्ययन अध्यापन र ६ महिनाको OJT हुने छ।

४. डिप्लोमा इन इलेक्ट्रिकल इन्जिनियरिंग - ३ बर्षे कार्यक्रममा केही सीट रिक्त रहेकोले इच्छुक विद्यार्थीहरु समयमै सम्पर्क गर्नुहोला।

सम्पर्क स्थान
नेपाल टेक्निकल इन्स्टिच्युट, जनकपुरधाम
सम्पर्क नं. ०४१-५२७३३६, ९८०११२४३३६, ९८०१०४८६१७, ९८५४०२४६०३

भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!


पुर्बान्चल विश्वविद्यालयबाट सम्बन्धन प्राप्त सबै भन्दा पुरानो, उच्चतम परीक्षाफल, नेपाल इन्जिनियरिंग परीषद बाट मान्यता प्राप्त मधेश प्रदेशको इन्जिनियरिंग कलेजको १६ औं ब्याचमा भर्नाको लागि समयमै सम्पर्क गर्नुहोला।

BE CIVIL 4 Years
BBA 4 Years
MBA 2 Years

फाराम भर्ने अन्तिम मिति २०८१/७/२२ गते सम्म

सम्पर्क स्थान
सेन्ट्रल इन्जिनियरिंग/म्यानेजमेन्ट कलेज, जनकपुरधाम
सम्पर्क नं. ०४१-५२७३३६, ९८५४०२१८९७, ९८०१०४८६१७, ९८५४०२४६०३



## सत्तारूढ दलको बैठक :
# राष्ट्रिय मुद्दामा एक ढिक्का भएर प्रस्तुत हुने

काठमाण्डु । सरकारलाई समर्थन गरिरहेका राजनीतिक दलहरुको बुधबारको बैठकमा सरकारको सय दिनको प्रगति, समसामयिक घटनाक्रम र राष्ट्रिय हित एवं मुद्दामा समान धारणामा साथ एक ढिक्का भएर अघि बढ्ने विषयमा छलफल भएको छ ।

प्रधानमन्त्री निवास, बालुवाटारमा बुधबार भएको बैठकमा लोकतान्त्रिक पद्धति, विधिको शासन र जनतामा सेवा प्रवाहका विषयमा



सरकार स्पष्ट भई दृढताका साथ काम गरिरहेको अवगत गराइएको छ । बैठकमा गृहमन्त्री रमेश लेखकले सहकारी अनियमिततासम्बन्धी संसदीय छानबिन समितिले सर्वसम्मत तयार पारेको प्रतिवेदन कार्यान्वयनका क्रममा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति एवं पूर्वउपप्रधानमन्त्री रवि लामिछानेलाई अदालतको स्वीकृति लिई पक्राउ गरिएको जानकारी गराउनुभयो ।

फौजदारी घटनामा न्यायिक छानबिन भइरहेका बेला अदालत र सरकारलाई दबाब दिने गरी भइरहेका विरोध प्रदर्शन उचित नभएको गृहमन्त्री लेखकले बताउनुभयो । यस्ता घटनाका विषयमा सत्तामा रहेका दलहरुले आफ्ना तर्फबाट वक्तव्य जारी गरी न्यायिक छानबिन र लोकतान्त्रिक पद्धतिलाई निष्पक्ष रुपमा अगाडि बढाउन आग्रह गर्ने विषयमा समझदारी भएको उहाँले बताउनुभयो ।

सरकारको हालसम्मको काम, आगामी योजनालगायत विषयमा यही कात्तिक ९ गते अर्को बैठक बस्ने तय भएको सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (एमाले) का महासचिव शङ्कर पोखरेलले जानकारी दिनुभयो । साथै साझा धारणा सार्वजनिक गर्ने पनि आजको बैठकबाट तय भएको उहाँले बताउनुभयो । बैठकमा प्रधानमन्त्री ओलीले सत्ता समीकरणमा रहेका दलहरु एक ढिक्का भएर प्रस्तुत हुनुपर्नेमा जोड दिनुभयो । लोकतान्त्रिक पद्धति, मूल्य र मान्यताप्रति आफूहरु प्रतिबद्ध रहेको स्पष्ट गर्दै राष्ट्रिय सद्भाव र हितको रक्षाका प्रश्नमा कुनै सम्झौता नहुने उहाँले बताउनुभयो । "हामी लोकतन्त्रका लागि लडेका हौँ । हामीलाई लोकतन्त्र मात्रै स्वीकार्य छ । अराजकता र अवाञ्छित क्रियाकलाप स्वीकार्य छैन । जनतालाई सार्वभौमसत्ता सम्पन्न बनाउन आजीवन लागेका छौँ । हाम्रो यो प्रतिबद्धता र दृढतामा कुनै कमी आउँदैन । यसमा हामी स्पष्ट छौँ", प्रधानमन्त्री ओलीले भन्नुभयो ।

बैठकमा नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा, गृहमन्त्री लेखक, एमालेका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, महासचिव पोखरेल, जनता समाजवादी पार्टीका सहअध्यक्ष रेणुकुमारी यादव, जनता समाजवादी पार्टी नेपालका उपाध्यक्ष राजकिशोर यादव, लोकतान्त्रिक समाजवादी पार्टीका अध्यक्ष महन्थ ठाकुर, नागरिक उन्मुक्ति पार्टीका अध्यक्ष रञ्जिता श्रेष्ठ, जनमत पार्टीका अध्यक्ष डा सिके राउतलगायत सहभागी हुनुहुन्थ्यो ।

यसैबीच प्रधानमन्त्री केपी शर्मा ओलीले सरकारको सय दिन पुगेको अवसरमा बुधबार दिउँसो ३ बजे सिंहदरबारबाट समग्र कामको उपलब्धिबारे सम्बोधन गर्ने कार्यक्रम रहेको थियो ।रासस

# मौलापुरकी मेयर साहद्वारा ७५ परिवारलाई चेक हस्तान्तरण

**टुडे समाचारदाता**

रौतहट । रौतहटको मौलापुर नगरपालिकाले 'बेटी के साथ मेयर कार्यक्रम' अन्तर्गत आज ७५ जनालाई परिवारलाई ३० हजारका दरले २२ लाख ५० हजारको अनुदान रकमको चेक हस्तान्तरण गरेको छ ।

मौलापुर नगरपालिकाकी मेयर रिनाकुमारी साहले नगरपालिकाको सभाहलमा आयोजित एक विशेष कार्यक्रम मार्फत चेक हस्तानान्तरण गरेकी छन् ।

मौलापुर नगरपालिका वार्ड न. १ मा ७ जना, वडा न. २ मा ६ जना, वडा न. ३ मा १५ जना, वडा न. ४ मा ७ जना, वडा न. ५ मा ७ जना ६ मा ६ जना,वडा न.७ मा १० जना,वडा न.८ मा ११ जना,वडा न.९ मा ६ जना कुल ७५ जना व्यक्तिले ३० हजारका दरले २२ लाख ५० हजारको अनुदान रकमको चेक हस्तानान्तरण गरेको छ ।

मेयर साहको विशेष पहलमा उमेर पुगेकी छोरीको विवाहका लागि आर्थिक सहयोग गर्ने




उदेश्यले मौलापुर नगरपालिकाले 'बेटी के साथ मेयर कार्यक्रम' विगतदेखी सञ्चालन गर्दै आएको छ । यस कार्यक्रमबाट विपन्न बर्गका व्यक्तिहरु लाभान्वित भएका छन् ।

छोरीको विवाहमा खर्च अधिक हुनेहुँदा विपन्न वर्गका अभिभावकलाई ठुलो आर्थिक संकट पर्ने गरेको कारण पालिकाले गरिब तथा विपन्न वर्गका उमेर पुगेका छोरीको विवाहमा ३० हजार रुपैया आर्थिक सहयोग गर्दै आएको छ । सोही कार्यक्रम अन्तरगत ७५ जना व्यक्तिले ३० हजारका दरले रकम पाएका हुन् ।

मौलापुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामबाबु साहका अनूसार 'बेटी के साथ मेयर कार्यक्रम' अन्तरगत अहिले सम्म ९ सय ८० जना भन्दा बढी व्यक्तिले यो सुविधा पाईसकेका छन् । यस कार्यक्रमले विवाहका लागि हरेक परिवारमा राहत महशुस हुनुका साथै सहयोग पुग्ने भएकाले आउँने दिनमा समेत यो कार्यक्रम निरन्तर रहने उनले बताएका छन् ।

# मालिकद्वारा कामदार महिला बलात्कृत

**टुडे समाचारदाता**


राजविराज । आफ्नो होटलमा काम गर्न राखेकी महिलालाई पटक पटक बलात्कार गरी भिडियो बनाएको आरोपमा संचालक पक्राउ परेका छन् ।

राजविराजको मुख्य बजार वडा- ४ मेनरोडस्थित "होटल तन्दुरी रेष्टुरेन्ट" का संचालक २८ वर्षिय आकाश आदर्श भनिने आकाश साह हलुवाईलाई यस्तो घृणित कार्य गरेको आरोपमा प्रहरीले पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्तासमेत रहेका प्रहरी नायब उपरीक्षक जितेन्द्र कुमार बस्नेतका अनुसार आफ्नै होटलमा काम गर्ने महिलालाई कोठामा थुनेर जबर्जस्ती करणी गरेको र सोको भिडियो समेत बनाई "सामाजिक संजालमा भाइरल गरिदिन्छु" भन्दै पटक पटक बलात्कारको प्रयास गरेको आरोपमा साह पक्राउ परेका छन् ।

२३ वर्षीया पीडित महिला राजविराजमै भाडाको कोठा लिइ बसोबास गर्दै आएकी छिन् । एक साताअघि सञ्चो नभएपछि उनी सोही कोठामा आराम गरिरहेकी थिइन् । राति ९ बजेतर्फ ढोका ढकढकाए पछि आफूले ढोका खोलेको र त्यसपछि भित्र प्रवेश गरेका होटल संचालक साहले मुख थुनेर धाकधम्की दिँदै बलात्कार गरेको पीडित महिलाले प्रहरी समक्ष बयान दिएकी छिन् ।

बलात्कार गरेको भिडियो मोबाइलमा खिचेर त्यस पछि पटक पटक सामाजिक संजालमा भाइरल गरिदिन्छु भन्दै बलात्कारको प्रयास गरेको ती महिलाले प्रहरी समक्ष बताएकी छिन् । बलात्कार गरेको दिनको



भिडियो आफ्नो वाट्सअपमा पनि पठाएको पीडित महिलाले प्रहरीलाई जानकारी गराएकी छिन् ।

बलात्कारको आरोप लागेका साह र पीडित भनिएकी महिला दुबै विवाहित हुन् । पीडित महिलाको बयान र उजुरीको आधारमा साहलाई असोज ३० गते पक्राउ गरि प्रथम पटक ७ दिनको म्याद थपिएको थियो । उक्त म्याद सकिएपछी बुधबार सप्तरी जिल्ला अदालतबाट जबरजस्ती करणी मुद्दामा थप ७ दिनको म्याद लिइ आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# जनता जायसवाल माविको वार्षिकोत्सव सम्पन्न

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको गणेशमान चारनाथ नगरपालिका स्थित जनता जायसवाल(प्रा.तथा व्या.) माध्यमिक विद्यालय गोदारले ६४ औं वार्षिकोत्सवको अवसरमा विभिन्न कार्यक्रम गरेको छ ।

विद्यालयले स्थापनाको अवसरमा शुभकामना आदान प्रदान तथा सांस्कृतिक कार्यक्रमको साथै बाल दिवसको अवसरमा आयोजित विभिन्न कार्यक्रमका बिजेता विद्यार्थीहरुलाई पुरस्कार बितरण गरेको छ ।

सो कार्यक्रममा गणेशमान चारनाथ नगरपालिकाका शिक्षा अधिकृत छोटी मुखियाले समाज विकासको लागि केही गर्ने अठोटका साथ अध्ययनमा लाग्न विद्यार्थीहरुमा आग्रह गरे । गलत संगतले विद्यार्थीहरुको अध्ययन बिग्रिने गरेको प्रति सचेत गराउँदै शिक्षा अधिकृत मुखियाले विद्यार्थीहरुको भविष्यप्रति अभिभावकहरु समेत सचेत हुनुपर्नेमा जोड दिए । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राजिव जायसवालले गुणस्तरीय शिक्षा प्रति विद्यालय दृढ गरेको उल्लेख गरे ।

सो विद्यालयका प्रधानाध्यापक पृथ्वीराज यादवको अध्यक्षता तथा शिक्षा अधिकृत छोटी मुखियाको प्रमुख आतिथ्यमा आयोजित




वार्षिकोत्सवसमारोहमाअभिभावक, विद्यार्थीहरु लगायतको उपस्थिति थियो । कार्यक्रमको संचालन शिक्षिका दुर्गा गौतमले गरेकी थिइन भने शिक्षिका रजनी कर्णले स्वागत मनतव्य राखेकी थिइन । वि.सं.२०१७ साल कात्तिक ७ गते स्थापना भएको विद्यालयमा वार्षिकोत्सवको अवसरमा विभिन्न कार्यक्रम आयोजन हुँदै आएको विद्यालयका शिक्षक जितेन्द्र प्रसाद सिंहले जनाए । कार्यक्रममा विद्यार्थीहरुले झिझिया नृत्यका साथै विभिन्न गायन प्रस्तुत गरेका थिए ।

# ओभरलोड मालवाहक ट्रकलाई जरिवाना

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्सामा ओभरलोड गरिएको भारतीय मालवाहक ट्रकलाई जरिवाना गरेको छ ।

भारवहन क्षमताभन्दा बढी सामग्री ढुवानी गरेका १४ वटा भारतीय मालवाहक ट्रकलाई यातायात व्यवस्था कार्यालय वीरगञ्जले कारबाही गरेको छ । भारतबाट कच्चा पदार्थ बोकेर एकीकृत भन्सार चौकी (आइसीपी) वीरगञ्ज हुँदै मकवानपुरको हेटौंडा जाँदै गरेका १४ वटा भारतीय मालवाहक ट्रकलाई दुई लाख तीस हजार रुपैयाँ जरिवाना गरिएको छ ।

आइसीपी भन्सारबाट जाँचपास गरी छुटेका मालवाहक ट्रक भारवहन क्षमता भन्दा झन्डै दोब्बर वस्तु ढुवानी गरेको भेटिए पछि जिल्ला ट्राफिक कार्यालय पर्साले कारबाहीका लागि यातायात व्यवस्था कार्यालय पठाएको छ । सो ट्रकहरुले भारवहन क्षमता भन्दा १६ टन देखि लिएर ३४ टनसम्म बढी सामान ढुवानी गरेको पाइएको



ट्राफिक प्रहरी निरीक्षक लोकराज भट्टले जनाए ।

उनले भने, 'जाँचको क्रममा सवारी क्षमता भन्दा बढी हुने गरि सामान ढुवानी गरेको हुँदा भारवहन नियमन सम्बन्धि निर्देशिका बमोजिम कारवाहीका लागि यातायात कार्यालय पठाएका हौं,' उनले अघि थप्दैं भने, 'भारवहन क्षमता भन्दा बढी सामान ढुवानी गर्ने सवारी साधनलाई कारबाही गरिने छ ।'

यातायात व्यवस्था कार्यालय वीरगञ्जका प्रमुख धर्मेन्द्रलाल कर्णले क्षमता भन्दा बढी भार बोकेका ट्रकलाई मधेश प्रदेश आर्थिक ऐन २०८१ को अनुसूचि २ को दफा ३ को उपदफा ८ को कसूरमा जरिवाना र भारवहन नियमावली कार्यविधि २०७४ बमोजिम क्षमता भन्दा बढी सामानको दस्तुर समेत असुल उपर गरिएको बताए ।

भारवहन क्षमता भन्दा दोब्बर सामग्री ढुवानी गर्ने सवारी साधनका कारण आइसीपी भन्सारदेखि परवानीपुर सडक खण्ड विभिन्न ठाउँ भाँसिएको छ । बहुअरी चोक, गण्डक नहर चोक, हरपतगन्ज, बगही चोक लगायतका विभिन्न ठाउँमा सडक भाँसिएकाले साइकल, मोटरसाइकल र चार चक्के साना सवारी चलाउन कठिनाइ हुँदै आएको छ ।

## प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा एक अर्ब ८१ करोड जम्मा

काठमाण्डु । प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु एक अर्ब ८१ करोड ७१ लाख १४ हजार तीन सय ७९ बराबर रकम जम्मा भएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले उपलब्ध गराएको यो विवरण यही कात्तिक ४ गतेसम्मको हो । उक्त कोषमा विभिन्न सङ्घ संस्था, निकाय र कम्पनीले सहयोग रकम जम्मा गरेका छन् । यस्तै व्यक्तिगत रुपमा पनि कोषमा रकम जम्मा भएको छ ।

सरकारले गत असोज ११ र १२ गतेको अविरल वर्षापछिको बाढीपहिरोबाट प्रभावित नागरिकलाई राहत तथा पुनःस्थापनाका लागि उक्त रकम खर्च गर्दै आएको छ । विपद् प्रभावितलाई सहज रुपमा राहत उपलब्ध गराउन सरकारले अति प्रभावित, प्रभावित क्षेत्र समेत घोषणा गरेको छ ।रासस

# रौतहटमा एकनाले बन्दुक फेला

**टुडे समाचारदाता**

रौतहट । रौतहटमा एकनाले बन्दुक फेला परेको छ ।

जिल्लाको चन्द्रपुर नगरपालिका वड़ा नम्बर ८ बस्तीपुर बाट प्रहरीले एक नाले बन्दुक फेला परेको छ । इलाका प्रहरी कार्यालय



चन्द्रनिगाहपुरबाट गएको गस्ती टोलीलाइ देखेर अपरिचित व्यक्तिले राखेको बन्दुक बाटोको छेउमा फलेर फरार भए पछि गस्ती टोलीले उक्त एकनाले बन्दुक बरामद गरेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

बरामद भएको एक नाले बन्दुक इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरले नियन्त्रणमा लिएर बन्दुक फालेर भागेका व्यक्तिको बारेमा थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता दीपक कुमार रायले जानकारी दिएका छन् ।

## तपाईंको आज
पण्डित : बम जी

| | |
|---|---|
| मेष | : प्रतिभा सम्पन्नता । |
| बृष | : शिक्षामा उन्नति । |
| मिथून | : पारिवाहिक सुख । |
| कर्कट | : धन वृद्धि सञ्चय । |
| सिंह | : प्रेम प्रसंग, मित्र सुख । |
| कन्या | : सुख समृद्धि हुने । |
| तुला | : भ्रमण अवसर हुने । |
| वृश्चिक | : अवसर प्राप्त । |
| धनु | : वाद विवादबाट बच्नु । |
| मकर | : नयाँ कार्य हुने । |
| कुम्भ | : पुरस्कार प्राप्त लाभ । |
| मीन | : बौद्धिक क्षमता । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# प्रमुख प्रतिपक्षसहितका दलहरूले राष्ट्रपति भेटे

काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलसँग सङ्घीय संसद्मा प्रतिनिधित्व गर्ने प्रमुख प्रतिपक्षसहितका दलका नेताहरूले भेट गर्नुभएको छ ।

राष्ट्रपति भवन शीतल निवासमा बुधबार प्रमुख प्रतिपक्षी दलका नेता एवं नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' सहित प्रतिपक्षमा रहेका दलका नेताहरूले भेट गर्नुभएको हो ।



प्रतिपक्ष दलहरूले प्रधानमन्त्री केपी शर्मा ओलीलाई ज्ञापनपत्र बुझाएको सन्दर्भमा सरकारबाट भएका कमीकमजोरीबारे राष्ट्रपतिलाई जानकारी दिनका लागि शीतल निवासमा आएको जानकारी दिनुभएको थियो ।

राष्ट्रपति पौडेलसँग प्रतिपक्ष दलका नेताहरूले वर्तमान परिस्थितिबारे जानकारी दिनका लागि आफूहरू आएको बताउँदै उहाँहरूले लोकतन्त्र र संविधानको संरक्षकको भूमिका निर्वाह गर्न आग्रह गरेको राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलले जानकारी दिनुभयो ।

नेताहरूले संविधानको मर्म विपरित र बहुलवादमा आधारित मर्म विपरितका कतिपय क्रियाकलाप हुन लागेको जिकिर गर्दै यसमा संविधानको संरक्षक र देशको अभिभावकका हैसियतमा भूमिका निर्वाह गर्न आग्रह गर्नुभएको थियो ।

सो असरमा राष्ट्रपति पौडेलले आफू संविधान, राष्ट्र र राष्ट्रिय एकताको प्रवर्द्धनप्रति प्रतिबद्ध रहेको बताउँदै संविधानले आफूलाई दिएको कर्तव्य र सीमाअनुसार अगाडि बढ्ने कुरामा विश्वस्त हुन आग्रह गर्नुभयो । उहाँले भन्नुभयो, "संविधान मर्म र लोकतन्त्रको मर्मलाई हेरेर संविधानले निर्धारित राष्ट्रपतिको कर्तव्य र सीमालाई हेरेर मैले काम गर्ने कुरामा तपाईहरूलाई विश्वास दिलाउन चाहन्छु ।" संसद्मा प्रतिपक्षमा नेकपा (माओवादी केन्द्र) सहित राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, नेकपा एकीकृत समाजवादी र आमजनता पार्टी छन् ।

राष्ट्रपति पौडेलसँगको भेटमा नेकपा (माओवादी केन्द्र) का अध्यक्ष दाहाल, शक्ति बस्नेत, राष्ट्रिय स्वतन्त्र पार्टीबाट सांसदद्वय शिशिर खनाल र सुमना श्रेष्ठ, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट नेता बुद्धिमान तामाङ र हेमजङ्ग गुरुङ, नेकपा (एकीकृत समाजवादी) बाट अध्यक्ष माधवकुमार नेपाल र वरिष्ठ उपाध्यक्ष राजेन्द्रप्रसाद पाण्डे र आमजनता पार्टीबाट नेता तिलक थापामगर सहभागी हुनुहुन्थ्यो ।रासस

# हूलहुज्जत र सडक प्रदर्शनले न्यायिक प्रक्रिया प्रभावित हुन्छः कांग्रेस

काठमाण्डु । नेपाली कांग्रेसले राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेका समर्थकहरुले गरिरहेको हूलहुज्जत र सडक प्रदर्शनले अनुसन्धानलाई प्रभावित गर्ने भन्दै ध्यानाकर्षण भएको जनाएको छ ।

कांग्रेसले बुधबार विज्ञप्ति जारी गरी सहकारी ठगी प्रकरणमा अनुसन्धानका लागि पक्राउ परेका सो पार्टीका सभापति लामिछानेका समर्थकहरुले राज्यका मिडिया कम्पनीका सञ्चालकहरु जिबी राई, छविलाल जोशी र प्रबन्ध निर्देशक लामिछानेलाई उजुरीका आधारमा अनुसन्धानका लागि पक्राउ गरिएको विज्ञप्तिमा उल्लेख छ ।

"कुनै पनि कसुरमा आरोप लागेपछि वैधानिक निकायबाट गरिने अनुसन्धान, छानबिन र न्यायिक प्रक्रियालाई सहयोग पु-याउनु प्रत्येक नागरिकको कर्तव्य हुन्छ भने राजनीतिक दलको झन् बढी जिम्मेवारी




तटस्थ निकायहरुलाई आतङ्कित र त्रसित पारी अनुचित दबाब सिर्जना गरिरहेको उल्लेख गरेको छ ।राज्यका वैधानिक निकायबाट भइरहेको निष्पक्ष अनुसन्धान र न्यायिक निरुपणलाई बाधा पुऱ्याउने, नागरिकको व्यक्तिगत स्वतन्त्रता, सामाजिक सद्भाव र स्थानीय शान्तिसुरक्षामा समेत खलल पुऱ्याउने गतिविधिप्रति कांग्रेसले विरोध जनाएको छ ।

संसदीय छानबिन समितिले दिएको प्रतिवेदनलाई कार्यान्वयन गर्नु सरकारको कर्तव्य भएकाले सोही बमोजिम केही सहकारीको रकम अपचलन गरेको अभियोगमा गोर्खा हुनु पर्दछ," विज्ञप्तिमा उल्लेख छ, "तर रास्वपाका नाममा भइरहेको गतिविधिहरुले विधिको शासन कायम गर्ने नेपाली जनताको चाहनालाई अवमूल्यन र उपहास गरेको छ ।"

प्रचलित कानुनबमोजिम कसुर ठहरिने कुनै पनि गतिविधिमा संलग्न जुनसुकै दल, पद वा हैसियतको व्यक्ति भए पनि उनीहरुमाथि समान ढङ्गले अनुसन्धान गरी कानुनी दायरामा ल्याउनुपर्छ भन्ने मान्यताप्रति कांग्रेस प्रतिबद्ध रहेको पार्टीको सूचना, सञ्चार तथा प्रचार विभाग प्रमुख मीन विश्वकर्माद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।रासस

## सरकारको सय दिन :

# दुई सय उद्योगमा ३४ अर्ब लगानीको प्रतिबद्धता

काठमाण्डु । वर्तमान सरकारले कार्यभार सम्हालेको एक सय दिनको अवधिमा दुई सय उद्योगका लागि करिब रु ३४ अर्ब बराबरको लगानीको प्रतिबद्धता गरिएको छ । सरकारको एक सय दिनको उपलब्धि सार्वजनिक गर्दै प्रधानमन्त्री केपी शर्मा ओलीले अर्थतन्त्रमा सुधारका सङ्केत देखापरेका बताउनुभयो ।



प्रधानमन्त्री ओलीले निजी क्षेत्रकै मागबमोजिम अर्थतन्त्र सुदृढीकरणका लागि आर्थिक सुझाव आयोगजस्ता महत्वपूर्ण आयोगको गठनले व्यवसायीमा आत्मविश्वास पलाउँदै गएको बताउनुभयो । उहाँले भन्नुभयो, "अन्तर्राष्ट्रिय स्वतन्त्र विज्ञ संस्थाबाट नेपालको सार्वभौम साख मूल्याङ्कन (क्रेडिट रेटिङ) को कार्य अन्तिम चरणमा पुगेको छ ।

लामो समयदेखि गिरेको शेयरबजार प्राकृतिक विपत्तिको प्रतिकूलताका बीचमा पनि प्रगतिकै लयमा छ ।"

नेपालमा पेट्रोलियम पदार्थको सहज आपूर्ति र भण्डारण क्षमता अभिवृद्धिका लागि भारतको सिलिगुडीदेखि झापाको चारआलीसम्म तथा अमलेखगञ्जदेखि चितवनको लोथरसम्म पाइपलाइन विस्तार र टर्मिनल भवन निर्माण कार्य अगाडि बढाउन नेपाल आयल निगम र इन्डियन आयल कर्पोरेसनबीच सम्झौता सम्पन्न भएको प्रधानमन्त्री ओलीले बताउनुभयो ।

वस्तु, सेवा र प्रक्रियाको गुणस्तरलाई सुनिश्चित गर्न, मापदण्डको आवश्यकतालाई ध्यानमा राख्दै नेपाल एक्रिडिटेसन सेन्टर सञ्चालनमा ल्याइएको उहाँले उल्लेख गर्नुभयो । यस संस्थाले मुलुकभरका विभिन्न क्षेत्रका गुणस्तर निर्धारण गर्ने संस्थाको कार्यक्षमता, पारदर्शिता र प्रमाणिकताको मापन गर्ने जिम्मेवारी बहन गर्ने छ ।

चालु आर्थिक वर्षको असोज मसान्तसम्म सङ्घीय सरकारी खर्च गत आर्थिक वर्षको सोही अवधिको तुलनामा केही प्रतिशतले वृद्धि भई करिब ३२ ९ अर्ब रुपैयाँ पुगेको प्रधानमन्त्री ओलीले जानकारी दिनुभयो । कुल राजस्व परिचालन १३ दशमलव ३ प्रतिशतले वृद्धि भई करिब २४८ अर्ब रुपैयाँ पुगेको उहाँले बताउनुभयो ।रासस

# ऊर्जा क्षेत्रको विकासका लागि नयाँ कार्ययोजना तयार

काठमाण्डु । ऊर्जा क्षेत्रको विकासका लागि 'ऊर्जा विकास मार्गचित्र तथा कार्ययोजना-२०८१' तयार गरी स्वीकृतका लागि मन्त्रिपरिषद्मा पेस गरिइएको छ ।



ऊर्जा, जलस्रोत तथा सिँचाईमन्त्री दीपक खड्काले मन्त्रालयको नेतृत्वसम्हालेको १०० दिनको अवसरमा आज पत्रकार सम्मेलन मार्फत् सो जानकारी दिनुभएको हो । उहाँले राष्ट्रिय अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुऱ्याउन सक्ने ऊर्जा उत्पादनका आन्तरिक स्रोतको अधिकतम विकास गर्न, राज्यको आन्तरिक विद्युत् खपत वृद्धि गर्न, अन्तरदेशीय विद्युत् व्यापारका लागि सम्भाव्य प्रतिफल प्राप्त गर्न तथा राज्यको ऊर्जा क्षेत्रको योजनावद्ध विकासका लागि उक्त कार्ययोजना तयार गरी मन्त्रिपरिषद्मा पेस गरिएको बताउनुभयो ।

ऊर्जामन्त्री खड्काले सरकारले सन् २०३५ सम्म २८ हजार ५०० मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य लिएकाले उक्त लक्ष्य पूरा गर्न ४६ खर्बभन्दा बढी लागत लाग्ने बताउनुभयो । उहाँले आफूले ऊर्जा मन्त्रालय सम्हालेको १०० दिनको अवधिमा देशभर परेको वर्षाका कारण ऊर्जा र सिँचाइ क्षेत्रमा ठूलो क्षति पुगेपनि वर्तमान सरकारको १०० दिनमा लक्षित क्रियाकलाप र अतिरिक्त क्रियाकलापतर्फ ९८ प्रतिशत लक्ष्य हासिल गरिएको उल्लेख गर्नुभयो ।

ऊर्जामन्त्री खड्काले १०० दिनको अवधिमा जल तथा मौसम विज्ञान नीति-२०८१ नेपाल सरकारबाट स्वीकृति भई कार्यान्वयनमा ल्याएको, जलस्रोत तथा सिँचाइ क्षेत्रमा अध्ययन अनुसन्धान कार्यका लागि मापदण्ड तयार गरी स्वीकृति गरिएको तथा निर्माण कार्यको मापदण्ड तयार गरी स्वीकृतिको लागि मन्त्रिपरिषद्मा पेस गरिएको बताउनुभयो । वर्तमान सरकारको १०० दिनको अवधिमा गत असोज १७ गते नेपाल विद्युत् प्राधिकरण, बङ्गलादेश पावर डेभलपमेन्ट बोर्ड एनटिपीसी विद्युत् व्यापार निगम भारतबीच नेपालबाट बङ्गलादेशमा ४० मेगावाट विद्युत् निर्यात गर्नेसम्बन्धी त्रिपक्षीय विद्युत् बिक्री सम्झौतामा हस्ताक्षर भएको मन्त्री खड्काले बताउनुभयो ।

यस्तै, सोही अवधिमा सुख्खा यामको विद्युत् मागलाई मध्यनजर गरी भारतसँग २३० मेगावाट विद्युत् आयतका लागि सम्झौतासमेत गरिसकिएको छ । यसैगरी, २२०/१३२/३३ केभी चिलिमे हब जिआईएस सबस्टेशन र २२०/१३२/३३ केभी त्रिशूली हब हाईव्रिड जिआईएस सबस्टेशन गरी दुई सबस्टेशन निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याउनुका साथै मध्यभोटेकोशी जलविद्युत् आयोजनाबाट बाह्रबिसे सबस्टेशन सम्मको चार किलोमिटर २२० केभी सिङ्गल सर्किट प्रसारण लाइएन निर्माण सम्पन्न भएको बताइएको छ ।

ढल्केवर-इनरुवा ४०० केभी प्रसारण लाईन र ढल्केवर-लोहरपट्टी १३२ केभी प्रसारण लाइन एवं १३२/३३/११ केभी सवस्टेशन निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याइएको, थप २३४.५ एमभिए क्षमताको (बुर्तिवाङ ४६ एमभिए बागलुङ, पौडीअमराई ४६ एमभिए गुल्मी, लोहारपट्टी ८२.५ एमभिए महोत्तरी, मलेखु ६० एमभिए धादिङ) नयाँ सबस्टेशनको निर्माण कार्यलाई तीव्रता दिइएको मन्त्रालयले जनाएको छ । यसैगरी, रसुवा जिल्लास्थित १११ मेगावाट क्षमताको रसुवागढी जलविद्युत् आयोजना, सिन्धुपाल्चोक जिल्लास्थित १०२ मेगावाटको मध्य भोटेकोशी जलविद्युत् आयोजना र रसुवास्थित ४२.५ मेगावाट क्षमताको साञ्जेन जलविद्युत् आयोजनाको निर्माणकार्य सम्पन्न भई सञ्चालनमा ल्याउन अन्तिम चरणमा रहेको बताइएको छ । यसैबीच, निजी क्षेत्रको लगानीमा ८८ मेगावाट जलविद्युत् आयोजना सञ्चालनमा ल्याई राष्ट्रिय प्रसारण ग्रीडमा आवद्ध गरी विद्युत् आपूर्ति प्रणालीलाई थप सुदृढ गरिएको बताइएको छ ।

सोही समयमा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रमार्फत ३२.४ किलोवाट बराबर क्षमताको सौर्य खानेपानी तथा सिँचाईपम्प जडानकार्य सम्पन्न भएको, केन्द्रमार्फत सुस्ता गाउँपालिकामा १०० किलोवाट क्षमताको सौर्य मिनीग्रिडबाट उत्पादित विद्युत् राष्ट्रिय प्रसारण ग्रीडमा जडान गरी करिब ३०० घरधुरीमा विद्युत सेवा सञ्चालनकार्य सम्पन्न भएको छ ।

यस्तै, जलस्रोत तथा सिँचाइ विभागबाट यस अवधिमा सतह तथा भूमिगत सिँचाइमार्फत थप करिब २६६ हेक्टर जमिनमा सिञ्चित क्षेत्र विस्तार, देशका विभिन्न नदी तथा खोलामा विभागमा करिब ५ किलोमिटर तटबन्ध निर्माण कार्यसम्पन्न गरी करिब ४.५ हेक्टर जग्गा उकास भएको बताइएको छ ।

उक्त अवधिमा कैलालीमा अवस्थित रानी जमरा कुलरिया सिँचाइ आयोजनाबाट १४ हजार ३०० हेक्टरमा सिँचाइ सुविधा उपलब्ध गराउनुका साथै ४.७१ मेवावाट क्षमताको विद्युत् गृहसमेत सञ्चालनमा ल्याइएकोमन्त्री खड्काले बताउनुभयो । सोही अवधिमा ९२ वटा जलविज्ञान केन्द्रको तथ्याङ्क प्रशोधन सम्पन्न गरी देशभर अतिजन्य मौसम र बाढीसम्बन्धी पूर्वसूचना प्रवाहको सहज उपलब्धता सुनिश्चित गर्दै तथ्याङ्कको गुणस्तरीयतामा उल्लेखनीय वृद्धि गरिएको बताइएको छ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ राज्यमन्त्री पूर्णबहादुर तामाङ (कान्छाराम)ले मुलुकको आर्थिक वृद्धिको संवाहकको रुपमा रहेको ऊर्जा क्षेत्रलाई मन्त्रालयले प्राथमिकतामा राखेर काम गरिरहेको बताउनुभयो । ऊर्जा, जलस्रोत तथा सिँचाइ क्षेत्रमार्फत मुलुकलाई समृद्ध, सवल समुन्नत बनाउन आफू लागिरहेको उहाँको भनाइ थियो ।

पत्रकार सम्मेलनमा मन्त्रालयका जलस्रोत तथा सिँचाइ सचिव सरिता दवाडी, नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, विद्युत् विकास विभागका महानिर्देशक नविनराज सिंह, जलस्रोत तथा सिँचाइ विभागका महानिर्देशक सञ्जीव बराल, वैकल्पिक ऊर्जा प्रबर्द्धन केन्द्रका कार्यकारी निर्देशक नवराज ढकाललगायतले बाढी पहिरोका कारण ऊर्जा र सिँचाइ क्षेत्रमा क्षति पुगेपनि उक्त क्षतिको पुनःनिर्माणका लागि आफूहरुले काम गरिरहेको बताउनुभएको थियो ।रासस

# सरकारको समीक्षा जनताले गर्छन् : वरिष्ठ उपाध्यक्ष श्रेष्ठ

विराटनगर । नेकपा (माओवादी केन्द्र)का वरिष्ठ उपाध्यक्ष एवं पूर्वउपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले माओवादी पार्टी सरकारमा जानेभन्दा सङ्गठन बलियो बनाउने अभियानमा लागेको बताउनुभएको छ ।

बुधबार विराटनगर विमानस्थलमा सञ्चारकर्मीसँगको सङ्क्षिप्त कुराकानीमा वरिष्ठ उपाध्यक्ष श्रेष्ठले आमनागरिकको हितमा काम गर्न सरकारलाई सुझाव दिँदै भन्नुभयो, "दुई ठूला दल मिलेर बनेको वर्तमान सरकारलाई निरङ्कुश बन्न छुट छैन, संसदीय पद्धति र परम्परालाई पालनागरी सुशासनसहित जनतालाई राहत सुविधा दिनेतर्फ सरकारको ध्यान जान आवश्यक छ ।"




उहाँले भ्रष्टाचारमा संलग्न दोषीलाई कुनै हालतमा छाड्न नहुने धारणा व्यक्त गर्दै गत असारमा आएको अविरल वर्षापछिको बाढीपहिरो र डुबानबाट प्रभावित जनतालाई राहत तथा पुनःस्थापनाको व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गर्नुभयो ।

एक प्रश्नको जवाफमा वर्तमान सरकारको सय दिनको समीक्षा हामी प्रतिपक्ष राजनीतिक दललेभन्दा आमनागरिकले गर्ने छन् भन्दै वरिष्ठ उपाध्यक्ष श्रेष्ठले भन्नुभयो, "विद्यमान अवस्थामा कुनै पनि किसिमका ऐन, कानुन अध्यादेशबाट ल्याउनुभन्दा जनताको सर्वोच्च निकाय संसद्मा छलफल गराई आउनुपर्दछ, संसद्लाई उपेक्षागरी कानुन ल्याउन खोजिए प्रमुख प्रतिपक्ष दलका हैसियतले माओवादी पार्टी संसद् र सडकबाट विरोधमा उत्रन्छ ।"

उहाँले हाम्रो ध्यान सरकारभन्दा पनि सङ्गठन विस्तार, सुदृढीकरण, पार्टी एकता एवं एकीकरण अभियानमा लागेको स्पष्ट गर्नुभयो ।रासस

# एमाले ललितपुरद्वारा प्रधानमन्त्रीको ध्यानाकर्षण

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीसमक्ष नेपाल कम्युनिष्ट पार्टी (एमाले) जिल्ला कमिटी ललितपुरले बाढी, पहिरो र डुबानका कारण उत्पन्न स्थितिबाट जनजीवनलाई सहज र पूर्ववत् बनाउन आग्रह गरेको छ । जिल्ला कमिटीका पदाधिकारीहरुले बुधबार प्रधानमन्त्री ओलीलाई प्रधानमन्त्री निवास, बालुवाटारमा ध्यानाकर्षणपत्र बुझाएको हो ।



मनसुनजन्य विपत्तिलगत्तै सरकारले प्रभावकारी रुपमा खोज, उद्धार र राहतका काम गरेको उल्लेख गर्दै अबका दिनमा ललितपुरसँग जोडिएका राजमार्ग, ठूला सडक, विद्युत् र सञ्चारका संरचना पुनःसञ्चालन तथा मर्मतका लागि पहल गरिदिन जिल्ला कमिटीले प्रधानमन्त्री ओलीसमक्ष आग्रह गरेको छ । जिल्ला कमिटीका अध्यक्ष पुरुषोत्तम आचार्यले प्राकृतिक विपद्बाट जिल्लामा ४६ जनाको मृत्यु, पाँच जना बेपत्ता भएका तथा १८ जना उपचाररत रहेको सो अवसरमा जानकारी दिनुभयो ।

बाढी पहिरो र डुबानबाट जिल्लामा दुई सय १२ परिवार विस्थापित भएको उहाँले बताउनुभयो । ललितपुरको पुनः निर्माणका लागि कम्तीमा रु तीन अर्ब बजेट विनियोजन गर्न अध्यक्ष आचार्यले प्रधानमन्त्री ओली समक्ष माग गर्नुभयो ।

ध्यानाकर्षणपत्र बुझेपछि प्रधानमन्त्री ओलीले सरकारले खोज, उद्धार र राहत तथा पुनः व्यवस्थापनका काम प्रभावकार रुपमा गरिरहेको उल्लेख गर्दै गत वर्ष जाजरकोटमा गएको भूकम्पबाट प्रभावितको दोस्रो किस्ता बाँकी रहेको अवस्थामा वर्तमान सरकारले निकासा दिन थालेको जानकारी दिनुभयो । उहाँले हुँदै नभएका कमजोरीलाई पनि कमजोरी देखाएर गलत प्रचार गर्ने शैली हुन नहुनेमा जोड दिनुभयो ।रासस

# खेलकुद क्षेत्रको विकासका लागि भगीरथ प्रयास

काठमाण्डु । युवा तथा खेलकुद क्षेत्रको विकासका लागि पाँचवटा नीतिगत तथा कानुनी सुधारका प्रयास प्रारम्भ भएका छन् ।

युवा तथा खेलकुद मन्त्रालयले राष्ट्रिय युवा नीति, २०८१ को मस्यौदा तयार गरी त्यसमा रायसँगै प्रस्तावित कार्यक्रममा सहमति दिन अर्थ मन्त्रालयसमक्ष अनुरोध गरेको छ ।

वर्तमान सरकारको एक सय दिनको उपलब्धिमा मन्त्रालयले राष्ट्रिय खेलकुद नीतिको मस्यौदा तयार गरी अर्थ मन्त्रालयमा पठाएको विषयलाई समावेश गरेको छ ।

राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को संशोधन मस्यौदा तयार भए तापनि त्यस सम्बन्धमा कानुन, न्याय तथा संसदीय मामिला र अर्थ मन्त्रालयकोसहमति लिन भने बाँकी रहेको जनाइएको छ ।

यसअवधिमा दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालन निर्देशिका तथा खर्चको आधार, २०८१ को मस्यौदामा मन्त्रालयको तर्फबाट पुनरावलोकन गरी अन्य प्रक्रियाका लागि राष्ट्रिय खेलकुद परिषद् पठाइएको उक्त मन्त्रालयले जनाएको छ ।

काठमाडौँमा निर्माण हुने मूलपानी क्रिकेट रङ्गशाला र विराटनगरको गिरिजाप्रसाद कोइराला क्रिकेट रङ्गशालाको विस्तृत परियोजना प्रतिवेदन तयारीलाई पनि खेलकुद मन्त्रालयले प्रगति विवरणमा समावेश गरेको छ ।रासस

# काठ तस्करी गर्न पिकअप भ्यानको प्रयोग बढ्दै

चन्द्रपुर । केही वर्षयता रौतहटका वन क्षेत्रबाट काठ तस्करी गर्न पिकअप भ्यानको प्रयोग बढ्दै गएको छ । छिटोछरितो हुने भएकाले काठ तस्करहरुले भारतीय नम्बरका साना सवारीसाधनको प्रयोग गर्दै आएको पाइएको छ ।


डिभिजन वन कार्यालय चन्द्रनिगाहपुरले दिएको तथ्याङ्कअनुसार गत असोजमा मात्रै दुई वटा पिकअप भ्यान र एक थान ट्र्याक्टर बरामद गरेको छ । कार्यालयका सूचना अधिकारी महालक्ष्मी शर्माले गत असोज ७ गते तीनजनासहित ३४ क्युफिट काठ, एउटा पिकअप भ्यान वन गस्तीमा खटिएको टोलीले पक्राउ गरेको थियो ।

गत असोज ८ गते ना ४ च ८७९४ नं को टाटा पिकअपबाट १४ दशमलव २० क्युफिट काठसहित दुईजनालाई पक्राउ गरिएको सूचना अधिकारी शर्माले जानकारी दिनुभयो । उहाँका अनुसार असोज २३ गते ८६ क्युफिट काठ, प्रदेश २–०३–००१ त २०८० नं को ट्र्याक्टरसहित तीनजनालाई पक्राउ गरिएको छ ।

गत आर्थिक वर्षमा विभिन्न मितिमा पाँच थान पिकअप भ्यान र पाँच थान ट्र्याक्टर काठ चोरी भएकामा वन कर्मचारीले खोजी गरी पक्राउ गरेको थियो । साथै मोटरसाइकल, साइकल, टायगाडामार्फत पनि काठ तस्करी भइरहेको भन्दै यी सवारीसाधन सुराकीको आधारमा तथा वनको नियमित गस्ती गर्ने क्रममा पक्राउ परेका सूचना अधिकारी शर्माले जानकारी दिनुभयो ।

गत आवमा काठ चोरी गर्ने ४९ जनामाथि मुद्दा चलाइएको जनाउँदै उहाँले एक हजार एक सय ९४.५८ क्युफिट काठ बरामद गरिएको उल्लेख गर्नुभयो । आव २०७९/८० मा ९५ वटा सवारीसाधनसहित दुई हजार पाँच सयबढी क्युफिट काठ बरामद गरेको थियो । सो अवधिमा काठ ढुवानी गर्न प्रयोग भएका पिकअप भ्यान आठ, ट्र्याक्टर तीन, ट्रक, मिनिट्रक र स्कारपियो एक/एक, साइकल ६५, मोटरसाइकल पाँच र रिक्सा ९५ वटा बरामद गरिएको थियो । ती तस्करीमा संलग्न ५० जना तस्करलाई नियन्त्रणमा लिएर मुद्दा चलाइएको थियो ।

सङ्घीय र प्रदेशको कानुन बाझिँदा बरामद गरिएका सवारीसाधन र काठ लिलाम नहुँदा ती सवारीसाधन र काठ कुहिने अवस्थामा पुगेका डिभिजन वन कार्यालय चन्द्रनिगाहपुरका प्रमुख हेमन्त साहले बताउनुभयो । "विगत १२ वर्षदेखि ती काठ र सवारीसाधनको लिलाम हुनसकेको छैन भने हालसम्म कुनै पनि मुद्दाको किनारा लाग्न सकेको छैन", उहाँले भन्नुभयो ।रासस



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# प्रलोभनको मारमा गृहिणी

आधुनिक जमानामा पनि अधिकांश महिलाहरु प्रलोभनमा परी ठगिने गरेका छन् । बडादशैँ, दीपावली र छठ पर्वको अवसरमा विशेष धमाकासहितको उपहार योजनाको प्रलोभनमा पार्ने गरी गाउँघरमा व्यापारिक प्रयोजनका नाममा केही महिलाहरु घरदैलोमा पुगेर गृहिणीलाई खोजी खोजी ठग्ने गरेको घटना सार्वजनिक भएको छ । गाउँघरमा सामग्रीहरु साट्ने गरी फलाम, टुटेफुटेका भाडाकुँडाको साट्दा नुन वा चिनी दिने गरी साटासाट गर्थे । तर सोको आवरणमा घरदैलोमा गएर घरपरिवारबारे बुझ्ने र ठगीलगायतका कामहरु व्यापारीको नाममा उनीहरुले गर्दै आएका थिए । त्यतिबेला गाउँघरमा स्थानीयवासीहरु सचेत भएपछि लामो समयसम्म तराई-मधेशमा देखिन छाडेका थिए । तर फेरि पनि केही वर्षदेखि महिला तथा पुरुषहरुको गिरोह चाडबाँडको बेला सक्रिय भएर रौतहट जिल्लालगायतका मधेश प्रदेशमा देखिन थालेका छन् । पुराना भाडाकुँडा, फलाम, सारी, कपाललगायतका सामग्री लिएर सोको साटो गरगहनाको प्रलोभनको नाममा केही गाउँका महिलाहरु सुनचाँदीका महँगा गरगहना गुमाउन थालेका छन् । भारतबाट भाडाकुँडा बोकेर सीमावर्ती क्षेत्र अवस्थित गाउँमा छिरेका महिलाहरुले मिठो बोली बचन बोल्ने, अनेक प्रलोभन देखाउने र एक दिनमै गरगहना दोब्बर हुने योजनासहितको उपहार समेत दिने भन्दै दर्जनौँ महिलाको सुनचाँदीको गरगहना ठगिएका छन् । महिलाहरु ठगिन थालेको गुनासाहरु आउन थालेपछि स्थानीय प्रहरी प्रशासनले एक सूचना जारी गर्दै विभिन्न प्रलोभन देखाएर ठगी गर्ने महिलाहरुको गिरोह सक्रिय रहेको भन्दै सचेततासहित सावधान गराएको छ । ठगी हुन थालेको केही दिनमै ५० लाखभन्दा बढीको गरगहना ठगेर लगिएको अनुमान गरिएको छ । यस प्रकारको ठगी धेरै पहिले पनि हुने गरेको थियो । एक दिनमै नगद डेढ गुणा र दुई गुणा वृद्धि गरी दिने, गरगहनाहरु दोब्बर गरिदिने खालका ठगी हुने गरेको थियो । तर फेरि यस्ता प्रलोभनमा परी महिलाहरु ठगिन थालेका छन् । रौतहटलगायत मधेश प्रदेशमा यसरी योजनावद्ध ढंगबाट महिलाबाटै गृहिणी ठगिनु परेको छ । त्यसैले विना परिचित व्यक्ति वा जोसुकैसंगको प्रलोभनमा नपरी सचेततापूर्वक सावधानी हुन आवश्यकता रहेको छ । अहिलेको जमानामा सबैको हातहातमा मोवाइल उपलब्ध रहेकोले बेला यसरी ठगिनु बिडम्वना र दुःखद रहेकोले हरेक पक्ष यसप्रति सजगता अपनाउन आवयश्क छ ।

# स्वास्थ्य सेवामा सुधारको सन्देश



डा बच्चुकैलाश कैनी

स्वास्थ्य सेवा हरेक नागरिकको व्यक्तिगत, सामाजिक, आर्थिक र समग्र विकाससँग जोडिएको हुनाले आम जनताका लागि प्रत्यक्ष चासोको विषय हो । नागरिकका लागि स्वास्थ्य सेवा प्रदान गर्न बन्ने नीति, नियम, योजना र कार्यक्रमका बारेमा धेरै नै टिप्पणी पनि हुन्छ । सकारात्मक र नकारात्मक दुवै किसिमका प्रतिक्रिया र टीकाटिप्पणीले पाठ सिकाउँछ र सुधार कार्यक्रमलाई सही रुपमा कार्यान्वयन गर्न मद्दत गर्छ ।

देशका हरेक कुनामा रहेका नागरिकका लागि गुणस्तरीय स्वास्थ्य सेवा सर्वसुलभ र सुपथ रुपमा प्रदान गर्नु हरेक सरकारको दायित्व हो । समग्र स्वास्थ्य सेवाको लागि अल्पकालीन र दीर्घकालीन रणनीति, योजना र कार्यक्रम बनाउने, आवश्यक स्रोत र साधनको व्यवस्था गर्ने, सरकारी, निजी र गैरसरकारी सेवा प्रदायकहरुको नियमन र अनुगमन गर्ने र सबैको लागि सबै प्रकारका स्तरीय स्वास्थ्य सेवा देशभित्र उपलब्ध गराउने व्यवस्था मिलाउनु पनि सरकारको मुख्य कामअन्तर्गत पर्छ । यसका साथै जनस्वास्थ्य प्रवर्द्धन र रोग रोकथाम गर्ने दायित्व पनि सरकारको हो ।

जब नयाँ सरकार बन्छ र नयाँ स्वास्थ्यमन्त्रीको पदबहाली हुन्छ, तब स्वास्थ्य सेवामा गर्नुपर्ने र स्वास्थ्य मन्त्रालयले गर्ने सुधारको निकै लामो सूची सार्वजनिक हुन्छ । यस्ता सूचीहरु हतारमा तयार हुने र सम्बन्धित सबै पक्षसँग आवश्यक एवं पर्याप्त परामर्श र छलफल नहुने हुनाले स्वास्थ्य सेवा सुधारको लागि गर्नुपर्ने सबै कामको लागि कार्यदिशा, कार्ययोजना, स्रोत र साधनको व्यवस्था, आवश्यक रकमको विनियोजन, विभाग र विभागीय प्रमुखहरुको कार्यविभाजन आदि काम गर्दा निकै नै कमीकमजोरीहरु रहेको आभास हुन्छ । स्वास्थ्य सेवा सुधारका योजनाहरु अपूरो, अधुरो र कमजोर हुन्छन् । जब सुधार कार्यक्रमको सुरुआत नै अधुरो र कमजोर हुन्छ, त्यसको कार्यान्वयन र अन्तिम परिणाम पनि स्वाभाविक रुपमा अपूरो र कमजोर नै हुन्छ ।

हरेक सुधारको पहिलो र महत्वपूर्ण सर्त सेवाप्रदायक निकाय, पेसाकर्मी र हरेक सरोकारवाला निकाय र व्यक्तिहरुलाई सुधारको कार्ययोजनामा सहभागी गराउनु हो । स्वाभाविक छ, स्वास्थ्य सेवा स्वास्थ्यकर्मीहरुले प्रदान गर्छन् । उनीहरुको संलग्नता, उत्साहपूर्ण सहभागिता र सहयोगबिना कुनै पनि कार्यक्रम सफल हुँदैन र सुधार कार्यक्रमले अपेक्षित उद्देश्य पूरा हुन सक्दैन । त्यसैले, कुनै दीर्घकालीन कार्यक्रम तय गर्नुपूर्व सम्बन्धित पक्ष, निकाय, व्यक्ति र सेवा प्रदान गर्ने पेसाकर्मीहरूसँग परामर्श गर्नु जरुरी हुन्छ । यसका लागि समय लाग्न सक्छ तर परामर्शका लागि लाग्ने समयले राम्रो र उचित प्रतिफल दिन्छ ।

केही आशा र महत्वाकाङ्क्षा बोकेर देशको स्वास्थ्य क्षेत्रको नेतृत्व सम्हाल्नुभएका स्वास्थ्यमन्त्री प्रदीप पौडेलले हालसालै सार्वजनिक गर्नुभएको आफ्नो एक सय दिनमा भएका मुख्य कामको सूची हेर्दा सङ्घीय तहमा धेरै नै सुधारका कामहरुले सुरुआत गरेको देखिन्छ । सुरुआतमै घोषणा गरेको बीमा पाँच लाख पुर्‍याउन सकिने विषय कार्यान्वयनमा जाने हो भने देशको स्वास्थ्यमा आम नागरिकको पहुँच वृद्धिका लागि महत्वपूर्ण प्रभाव पार्नेछ । उहाँले घोषणा मात्र नगरी स्रोत बढाउन सकिने व्यावहारिक मार्ग पनि देखाउनुभएको छ । प्रधानमन्त्रीले समेत चासो राखेको यो विषयमा मन्त्रीको निर्णयसँगै प्रधानमन्त्रीको समेत इच्छाशक्ति र समर्थन रहने हो भने देशको स्वास्थ्य सेवामा निकै महत्वपूर्ण दूरगामी निर्णय यो बन्नेछ ।

देशमा जटिल समस्याका रुपमा देखिन थालेको क्यान्सर रोगको उपचार सातै प्रदेशमा थाल्ने निर्णय सामान्य मात्र होइन, सङ्घीय देशका प्रदेश तहमा स्वास्थ्य सेवाको विस्तार अनि आम नागरिकको स्वास्थ्य समस्या सम्बोधन गर्ने दूरगामी सकारात्मक सुरुआत मान्न सकिन्छ । यही समयमा सहिद गङ्गालाल राष्ट्रिय हृदयरोग केन्द्रले मुटु उपचार सेवा सातै प्रदेशमा विस्तार गर्नेगरी गरेको निर्णयले अर्को दूरगामी प्रभाव पार्नेछ । केही सहरमा मात्र सीमित विशेषज्ञ उपचार प्रदेशका केन्द्रमा रहेका सरकारी अस्पतालमा पुर्‍याउन सक्ने हो भने त्यसले देशको स्वास्थ्य क्षेत्रको रुपान्तरण र आम नागरिकको पहुँचका लागि महत्वपूर्ण कोसेढुङ्गाको काम गर्नेछ ।

देशमा विपन्न भएकै कारण जलनमा परेर ज्यान गुमाउने र अङ्गभङ्ग हुने समस्या बढिरहेका बेला मन्त्री पौडेलले गरेको निःशुल्क उपचारको निर्णय पनि आम स्वास्थ्यमा पहुँच हुन नसक्नेका लागि महत्वपूर्ण निर्णय मान्न सकिन्छ । प्राविधिक क्षेत्रका नभए पनि दृढ इच्छाशक्ति र केही गर्छु भन्नेले थोरै समयमै पनि केही आशा देखाउन सक्छ भन्ने उदाहरण एक सय दिनभित्र मन्त्री पौडेलले सार्वजनिक गर्नुभएको निर्णयले प्रमाणित गरेको छ ।

> **देशमा जटिल समस्याका रुपमा देखिन थालेको क्यान्सर रोगको उपचार सातै प्रदेशमा थाल्ने निर्णय सामान्य मात्र होइन, संघीय देशका प्रदेश तहमा स्वास्थ्य सेवाको विस्तार अनि आम नागरिकको स्वास्थ्य समस्या सम्बोधन गर्ने दूरगामी सकारात्मक सुरुआत मान्न सकिन्छ ।**

देशमा चिकित्सकीय क्षेत्रमा एमबिबिएस माथिका चिकित्सकका लागि अध्ययन गराउन सक्ने कोटा जम्मा वार्षिक एक सय १३ छ । यसले बढ्दो स्वास्थ्य आवश्यकता पूरा गर्न सक्दैन । यस्तोमा चिकित्सक गोविन्द केसीसमेतले लामो समयदेखि उठाउँदै आएको विशेषज्ञ चिकित्सकको सङ्ख्या बढाउने माग सम्बोधन गर्नेगरी मन्त्री पौडेलले न्याम्समार्फत गर्नुभएको चार सय चिकित्सक अध्ययन गराउन सक्नेगरी शिक्षक दरबन्दी स्वीकृत गर्ने निर्णय देशमा अभाव भएको दक्ष चिकित्सकीय जनशक्ति स्वदेशमै न्यून शुल्कमा अध्यापन गर्न निकै महत्वपूर्ण हुनसक्ने अपेक्षा स्वास्थ्य क्षेत्रका विज्ञहरुले गरेका छन् ।

चिकित्सा शिक्षा महङ्गो भएको अवस्थामा उपत्यका बाहिर सरकारी पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान र राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमार्फत ५०/५० चिकित्सक अध्यापन सुरु गर्नुले चिकित्सक केसीले लामो समयदेखि उठाउँदै आएको अर्को प्रमुख माग सम्बोधन मात्र गरेको छैन, आर्थिक अभाव हुनेलाई स्वदेशमै चिकित्सा अध्ययनका लागि निकै ठूलो अवसर दिलाएको छ । यसले ती संस्थामा अभाव भएको चिकित्सक समस्यालाई समेत विद्यार्थी चिकित्सकमार्फत भए पनि केही राहतसमेत दिने र आम नागरिकलाई स्वास्थ्य सेवामा समेत सहज हुने अपेक्षा गर्न सकिन्छ । अस्पतालमा भीड व्यवस्थापनका लागि थालिएको अनलाइन प्रणालीले केही हदसम्म पहिलेभन्दा सुधार गरेको महसुस भए पनि यसको कुशल व्यवस्थापनमा अस्पतालका नेतृत्वकर्ता स्वास्थ्य जनशक्तिले केही बढी मेहनत गर्नुपर्ने देखिन्छ । आम नागरिकले लाइन अझै घटेको छैन भनेर सामाजिक सञ्जालमा व्यक्त गरेका प्रतिक्रियाले उनीहरुमा यसप्रति आशा भए पनि नतिजा सोचेजस्तो नआएकामा असन्तोष देखिन्छ । त्यसलाई सम्बोधन गर्न धेरैले बुझ्न सक्ने गरी प्रणालीबारे प्रचारप्रसार अनि गुनासो सम्बोधनमा तदारुकता देखाउन जरुरी छ । निर्णय गरेर मात्र हुँदैन व्यावहारिक कार्यान्वयन मुख्य विषय हो ।

सङ्घीय अस्पतालमा दुई सिफ्टमा ओपिडी सेवा सुरु, लामो समयदेखि सम्बोधन हुन नसकेको चिकित्सकहरुको समायोजनमा देखिएका समस्या सम्बोधन गर्न मन्त्रीले गर्नुभएको निर्णयले धेरै चिकित्सकलाई राहत दिएको महसुस गर्न सकिन्छ । तर यससँगै चिकित्सक अभाव पूर्ति गर्न अझ ठोस कदम स्वास्थ्यमन्त्रीले चाल्नुपर्ने आवश्यकता छ । यसका लागि अन्य मन्त्रालयसँगसमेत समन्वय गरेर स्रोतको व्यवस्थापन गर्न लाग्नुपर्ने आवश्यकता देखिन्छ । वीर अस्पताल तथा देशमा हालसम्म व्यावहारिक रुपमा सञ्चालन हुन नसकेको श्वासप्रश्वाससम्बन्धी विशिष्टीकृत जिपी कोइराला राष्ट्रिय श्वासप्रश्वास केन्द्रलाई तीन सय शय्या निर्माणका लागि छिमेकी भारतसँग समझदारीको काम अघि बढ्नु वास्तवमै महत्वपूर्ण छन् ।

अस्पतालको स्तरोन्नति प्रस्तावलगायतका कार्य सङ्घीय अस्पताल केन्द्रित देखिन्छन् । केही नीतिगत र अन्य तहगत सुधारका कामहरु पनि छन् । अब यस्तै सुधारको कार्यक्रमहरु स्वास्थ्य क्षेत्रको हरेक तह, विषयगत क्षेत्र र सेवा प्रदायकहरुमा तत्काल तय गर्ने र सुधारको प्रत्याभूति हरेक जनताले महसुस गर्नेगरी लागू गर्नुपर्ने देखिन्छ ।

स्वास्थ्य सेवाहरूलाई सामान्यतया स्वास्थ्य संस्थाहरुले प्रदान गर्ने सेवाको स्तर र बिरामीलाई गर्नुपर्ने हेरचाहको जटिलताको आधारमा विभिन्न श्रेणी वा स्तरहरूमा वर्गीकृत गरिन्छ । जस्तै प्राथमिक वा सामुदायिक, विशिष्ट, अतिविशिष्ट स्वास्थ्य सेवा आदि । यी हरेक तह वा स्तरहरुको बीच समन्वय, सहकार्य र सहयोग भएन भने स्वास्थ्य सेवाको सम्बन्ध छुट्छ वा टुट्छ । साथै, यीमध्ये कुनै तह वा श्रेणी कमजोर भयो भने पनि स्वास्थ्य सेवाको पहुँच धेरैको लागि असम्भव जस्तै हुन्छ । नेपालको स्वास्थ्य सेवामा देखिएको एउटा प्रमुख समस्या यो पनि हो ।

यो समाधान गर्नका लागि हरेक तह र श्रेणी समेटेर समस्त स्वास्थ्य सेवाको एकीकृत विकास र सुधार गर्न सक्ने योजना बनाई लागू गर्नुपर्ने देखिन्छ ।

नेपालको स्वास्थ्य सेवामा सेवाको माग र आपूर्तिबीच खाडल छ । स्वास्थ्य सेवामा सरकारी वा सार्वजनिक स्रोत र साधनको उपलब्धता कमी छभने माग निकै बढी छ । माग र आपूर्तिबीचको खाडल पुर्न सामुदायिक, गैरसरकारी र निजी क्षेत्रको कस्तो र कतिसम्मको भूमिका रहेको छ वा रहनुपर्ने हो, त्यसको लेखाजोखा पनि छैन । यस्तो अस्पष्ट अवस्थामा बन्ने रणनीति, नियम, योजना र कार्यक्रमहरुले अहिलेको स्वास्थ्य सेवामा देखिएका समस्या समाधान गर्न सक्दैन । यो समस्या समाधान गर्न अहिले हामी कहाँ छौँ, अर्को वर्ष वा एक निश्चित अवधिमा कहाँ र कसरी पुग्ने हो, त्यसको निर्क्योल गर्न वस्तुगत तथ्याङ्कसहित तथ्यगत आधार तयार गर्नुपर्ने हुन्छ । यसैको आधारमा बन्ने योजना र कार्यक्रमले मात्रै स्वास्थ्य क्षेत्रमा सरकारले तोकेको उद्देश्य पूरा हुन सक्छ ।

समस्या र चुनौतीको खातमाथि बसेको स्वास्थ्य मन्त्रालयले हिजोको आजै वा निकट भविष्यमा स्वास्थ्य सेवामा उल्लेख्य सुधार गर्न सक्दैन । यसका लागि सबै सरोकारवालासँग परामर्श गरेर स्वास्थ्य क्षेत्रको सुधारका लागि दीर्घकालीन नीति र कार्यक्रम बनाउनु जरुरी हुन्छ । यस्ता नीति र कार्यक्रमहरु पहिले पनि नबनेका हैनन्, तर राजनीतिक अस्थिरताका कारण स्वास्थ्यमन्त्रीले पूरै पाँच वर्ष वा संसद्को अवधिभर नरहने तथा मन्त्रीकै पनि दृढ इच्छाशक्ति नहुँदा विगतमा सरकारका नीति र कार्यक्रमहरु बीचैमा अलपत्र गर्ने गरेका छन् । नयाँ आउने स्वास्थ्यमन्त्री वा उसको दलको आ-आफ्नै प्राथमिकता र कार्यक्रम हुने हुनाले पहिलेको मन्त्रीका प्राथमिकता, राम्रा नीति र कार्यक्रमहरुलाई निरन्तरता दिने प्रचलन पनि छैन ।

त्यस्तै, स्वास्थ्य क्षेत्रमा स्रोत र साधनको कमी, स्वास्थ्य कार्यक्रमहरुको कमजोर कार्यान्वयन, फितलो मूल्याङ्कन र अनुगमन पद्धति, कर्मचारीमा जवाफदेहिता र जिम्मेवारीपनको कमी, पदीय दायित्वमा राम्राभन्दा हाम्राहरुको हालीमुहाली आदि कारणले पनि स्वास्थ्य सेवामा भनेजस्तो सुधार हुन सकेको छैन । यी कमजोरीहरु हटाउन सबै दलको राजनीतिक प्रतिबद्धताले मात्रै पुग्दैन, हरेक तह र क्षेत्रमा व्यापक सुधार र रूपान्तरण गर्नुपर्ने देखिन्छ ।

विगतको तथ्याङ्क हेर्दा मातृ एवं बाल स्वास्थ्यको क्षेत्रमा नेपालमा भएका सुधार र उपलब्धिको अन्तर ष्ट्रिय क्षेत्रबाट खुलेरै तारिफ भएको छ । यस्तै, काम अब कुनै एक क्षेत्रमा मात्रै हैन, समग्र स्वास्थ्य क्षेत्रको आमूल रुपान्तरण गर्न वर्तमान सरकार, स्वास्थ्य मन्त्रालय र मन्त्रीको भूमिका महत्वपूर्ण हुन्छ । स्वास्थ्य क्षेत्रमा भएका कमी कमजोरी र सुधार गर्नुपर्ने कामहरुबारे स्वास्थ्य मन्त्रालयका अधिकारीहरुलाई जानकारी नै छ । तर ती कमी कमजोरीहरुलाई कसरी सुधार गर्ने र त्यसको लागि स्रोत र साधनको व्यवस्था कसरी गर्ने भन्ने कुरा महत्वपूर्ण हो । यो काम मन्त्रालयका उच्च पदाधिकारीहरुको दीर्घकालीन सोच, प्रतिबद्धता र कुशल नेतृत्वले मात्रै सम्भव छ ।

जहाँ समस्या हुन्छ, त्यहाँ समस्याको समाधान पनि हुन्छ । समस्याको समाधान स्वचालित वा यन्त्रवत रुपमा आफैँ हुने हैन ।

आ-आफ्नो क्षेत्रमा भएका समस्याहरुको पहिचान गरी समाधान गर्न पद्धति, प्रणाली र संयन्त्रको व्यवस्था गरिएको हुन्छ । यसैका लागि सरकार, नीतिनियम, विभिन्न संरचना, निकायहरु, नागरिक समाज आदि हुन्छन् । नेपालको संविधान २०७२ ले व्यवस्था गरेबमोजिम स्वास्थ्यसम्बन्धी जनताको मौलिक हक र अधिकार सुनिश्चित गर्न, सर्वसुलभ र सुपथ रुपमा स्वास्थ्य सेवा उपलब्ध गराउन राजनीतिक दल, नेता, सरकारी निकाय र संयन्त्रले अहिले नै आ-आफ्नो ठाउँबाट उचित कदम राख्ने हो भने नेपालको स्वास्थ्य क्षेत्रमा व्यापक सुधार र रुपान्तरण गर्न सम्भव छ । (लेखक बेलायतमा स्वास्थ्य सेवा व्यवस्थापनको क्षेत्रमा परामर्शदाता र विश्वविद्यालयमा प्राध्यापकका रुपमा कार्यरत हुनुहुन्छ)

# सुस्ताको सास्ती

**प्रगति ढकाल**

"हमहनके नेपाली हइन, लेकिन हमनके नागरिकता नहीं बा । नहीं हमनके लालपुर्जा बा । नागरिकता लेके हमनके मरेके मन बा लेकिन खै काहुई कौनो पता नही बा" अर्थात "हामी नेपाली भए पनि नागरिकता छैन । अनि लालपुर्जा पनि । नागरिकता लिएर मर्न मन छ । के हुन्छ खै हेरौं ।"यो गुनासो हो, पश्चिम नवलपरासीको सुस्ता गाउँपालिका-५, सुस्ता गाउँका स्थानीय इन्द्रजित लोनियाको । उमेरले पनि ७० वर्ष नाघिसक्यो । नागरिकता कुर्दाकुर्दै उमेर पनि ढल्किसक्यो ।

अझै पनि पाइन्छ कि भन्ने आशा मरेको छैन उहाँको छ । उहाँसँग लालपुर्जा पनि छैन । यसले पनि उहाँलाई पिरोलिरहन्छ । "लालपुर्जा र नागरिकता पाए त मर्ने बेलामा पनि शान्तिले सास जान्थ्यो कि" उहाँ भन्नुहुन्छ ।

जीवन कष्टकरमै बितेको उहाँ सुनाउनुहुन्छ । भन्नेबित्तिकै सीमा कटेर भारत आवतजावत गर्न सहज त्यति नहुने र नेपाल जोड्ने पुल समेत नहुँदा निकै सास्ती भोग्नुपरेको उहाँको गुनासो छ । "यहाँ वर्षौंदेखि बिजुली थिएन, अन्धकारमा नै बित्यो, अहिले त हाम्रो बस्ती झलमल भएको छ," केही खुसीको भावमा उहाँ भन्नुहुन्छ, "अहिले त सुस्तामा पुल पनि बनिसक्यो, अब केही हुन्छ कि ?"

यसअघि नवलपरासी (पश्चिम) स्थित नारायणी नदीमा गाउँ पुल थिएन । सुस्तामा पुल नहुँदा ज्यानै जोखिममा राखेर वारपार डुङ्गामा वारपार गर्नुपर्दा गुजारा गर्न नै गाहे हुने गरेको अनुभव सुनाउनुहुन्छ सुस्ताकै मराक्षीदेवी लोनिया । "यहाँ हामी उखु रोप्थ्यौं तर बिक्दैनथ्यो । डुङ्गाबाट वारपार गर्दा लड्ने डर हुन्थ्यो, भारतले पनि हाम्रो उखु किन्दैनथ्यो," उहाँ सुनाउनुहुन्छ, "धेरै गाहो भएको थियो । बल्ल पुल बन्यो, अब त पहिला जस्तो सास्ती नहोला ।"केही वर्ष पहिले डुङ्गा पल्टेरै उहाँको देवरको ज्यानै गएको थियो । त्यसपछि डुङ्गामा नदी वारपार गर्न उहाँलाई सधैँ डर लाग्ने गर्दछ । "त्यसपछि म त पारी नेपालसम्म नै जान डर मान्थेँ । केही पर्‍यो भने भारत जाने हो," उहाँ भन्नुहुन्छ, "अब त पुल बनेको छ, पुल तरेर पारी नेपाल जानेछौँ ।" मनभरि नेपालको माया छ तर नेपाली भन्ने प्रमाण छैन उहाँसँगै । पुल बनेपछि खुसीले गद्गद् हुनुभएकी लोनियालाई अब नागरिकता पाए हुन्थ्यो भन्ने लाग्छ ।

गत असोज १० गते राष्ट्रपति रामचन्द्र पौडेल सुस्ता पुग्नु भई झोलुङ्गे पुलको उद्घाटन गरिरहँदा सुस्तावासीले आफ्नो वर्षौंदेखिको सपना पूरा भएको अनुभव गरिरहेका थिए । अब आफूहरुले नागरिकताको विषयमा भोग्नुपरेको सास्तीको विषयमा राष्ट्रपतिले केही बोल्दिए हुन्थ्यो भन्ने आशा बोकेर कार्यक्रमस्थल आइपुग्नुभएको थियो, लोनिया । कार्यक्रमलाई सम्बोधन गर्दै राष्ट्रपति रामचन्द्र पौडेलले भन्नुभयो, "ढुक्क हुनुस् तपाइँहरुलाई नागरिकता र लालपुर्जा दुबै दिन्छौँ ।" उपस्थित सर्वसाधारणहरुबाट खुसीले गडगडावट रुपमा बेस्सरी ताली बजेको थियो ।

लोनियालाई नेपाली भाषा बोल्न आउँदैन । बुझ्न पनि बुझ्नुहुँदैन । भन्नुहुन्छ, "हमरा सरकार काकहत बानी, हमके सम्झादेइ । अर्थात हाम्रो सरकारले के भन्नुभएको हो ? मलाई बुझाइदिनुस् त ।" छेउमै बस्नुभएका इन्दजित लोनियासँग सोध्नुहुन्छ उहाँ । जवाफमा इन्दजित भन्नुहुन्छ, "नागरिकता देहेके कहत बानी अर्थात नागरिकता दिन्छु भन्नुहुन्छ,"

अनि मुसुक्क मुस्कुराउनुहुन्छ लोनिया । सायद वर्षौंदेखि नपाएको नागरिकता अब पाइन्छ कि भन्ने विश्वासले होला । उहाँ भन्नुहुन्छ, "हमार सरकार हमन्के यहाँ आइलबानिजा । हमन्के बहुत खुसी बानिजा । हमन्के लिए बहुत अच्छा काम कइलिजा । विद्युत भि ल्यान देहनी जा । पुल भी बना देहनी जा । हमनके बहुत खुसी बानिजा । हमन्के लिए नागरिकता और लालपुर्जा मिल्जातते और खुसी होतिजा । अर्थात हाम्रो सरकार पनि यहाँ आउनुभएछ । हामीलाई धेरै खुसी लागेको छ । हाम्रो लागि राम्रो काम गर्दिनुभयो । विद्युत पनि ल्याइदिनुभएको छ । पुल पनि बनाइदिनुभएको छ । हामी धेरै खुसी छौँ । हाम्रो लागि नागरिकता र लालपुर्जा दिलाइदिनुभयो भने अझै धेरै खुसी हुन्थ्यौँ," सुस्ता क्षेत्रसमेतको संसदमा प्रतिनिधित्व गर्ने विनोद चौधरी नवलपरासी पुग्ने बित्तिकै उहाँलाई घेरा हाल्नेको भीड हुने गर्छ । कोहीले नागरिकता, कोहीले लालपुर्जा, कोहीले शिक्षा, स्वास्थ्य लगायतका क्षेत्रका समस्याहरु व्यक्त गर्दै हुनुहुन्थ्यो सांसद चौधरीसँग । "सरकार हमन्के दुः ख बुझ्देहन जा नाही नाही कहिके मिलि अर्थात सांसदज्यू हाम्रो दुःख बुझिइदिनु है । हुन्न नभन्नु होला ।" बिधौती हरिजनले सांसद चौधरीलाई गनभएको आग्रह हो यो । "ठीक हे चिन्ता मत करे । निचिन्त रहिए, मैं आफ्के साथ हुँ अर्थात हुन्छ । चिन्ता नगर्नुस् । ढुक्क हुनुस् म तपाईहरुकै साथमा छु" सांसद चौधरीले आश्वासन दिनुभयो । सांसद चोधरी भन्नुहुन्छ, "उहाँहरुको मागलाई संसदसम्म पुर्‍याउनेछु, ठेक्का



सम्झौता भएर पनि लामो समयसम्म बन्न नसकेको सुस्ताको पुल मेरै पहलमा आजसम्पन्न भएर प्रयोगमा आएको छ । अरु समस्या विस्तारै समाधान हुँदै जानेछ ।" पुल बनेपछि अब त ज्यानै जोखिममा राखेर डुङ्गाको यात्रा गर्नुपर्ने दिन सकियो भनेर खुसी देखिनुहुन्छ, सुस्ताकै मीना चौधरी । "हामी नेपालसँग जोडिन पाएका थिइनौ, कहिले खोलामा भेल आउथ्यो पारी नेपाल जानै पाइँदैनथ्यो, रातिको समयमा डुङ्गा चल्दैनथ्यो" उहाँ भन्नुहुन्छ, "पुल बनेको छ, अब त हामीलाई पहिलाको जस्तो सास्ती छैन ।" सुस्तालाई पनि अरु नेपालको भूमीलाई जस्तै माया गरेर सेवा सुविधाबाट बञ्चित नगराइदियोस् सरकारले भन्ने लाग्छ उहाँलाई । "हामी पनि त नेपाली नै हौँ, हामीलाई पनि शिक्षा स्वास्थ्य जस्ता सुविधा पाउने हक त छ नि," मीना भन्नुहुन्छ, "लामो समय अन्धरकारमै गुजारा गरेका थियौँ, अहिले झलमल बत्तीमा बस्न पाएका छौँ, अब चाहीँ अरु सास्तीबाट मुक्ति हुन पाए हुन्थ्यो झैं लाग्छ ।"रामबृक्ष चमारको पनि उही नै गुनासो छ । लालपुर्जा छैन । आफूले त कष्ट काटे पनि छोरी, नातिको पालामा सुख भइदिए पनि हुन्थ्यो झैं लाग्छ । सुस्तामा जोडिएको पुलले केही आशा त जगाएको छ उहाँलाई । उहाँ भन्नुहुन्छ, "अहिले पुल बनेको छ, पारी ओहोरदाहोर गर्न पाइएको छ, अब अरु माग पनि पूरा होला कि भन्ने आशा छ ।" अब लालपूर्जाहरु पनि समयमा नै पाउन पाए हुन्थ्यो झैं लाग्छ उहाँलाई । नागरिकता नपाउँदा राज्यबाट पाउनुपर्ने कुनै पनि सुविधा पाउन नसक्दा अझै मन विचलित छ उहाँको । "हामी पनि नेपाली हौँ हामीलाई पनि नागरिकता चाहिन्छ भनेका छौँ" चमार भन्नुहुन्छ ।

नवलपरासी जिल्लाको भूमि आयोगका अध्यक्ष, देवराज भण्डारीले सुस्ता पारीको हकमा मात्रै लालपूर्जामा समस्या रहेको बताउनुभएको छ । सीमा विवाद नटुङ्गिएसम्म समस्या रहेको र अन्तर्राष्ट्रिय सिमानासँग जोडिएका क्षेत्रमा छुट्टै ऐन लागू हुने भएकाले लालपुर्जाको समस्या समाधान गर्न चुनौती रहेको उहाँको भनाइ छ । "नवलपरासी पश्चिमका २२ हजारसँग लालपूर्जा नै छैन, पश्चिम क्षेत्र नं. १ मा १४ हजार जानको हाराहारीमा लालपुर्जा छैन," उहाँ भन्नुहुन्छ, "सांसद चौधरीको पहलमा जग्गा वितरण गर्ने कार्य सुरु भए पनि आयोग विघटन भएपछि काम रोकिएको छ ।"उहाँका अनुसार लालपुर्जाको समस्या विषेशगरी सुस्ता गाउँपालिका, बर्दघाट नगरपालिकामा देखिएको छ । सम्पर्क तथा भू-आर्जन कार्यालय गण्डक योजना, वाल्मिकी नगर, नवलपरासीकी सम्पर्क तथा भू-आर्जन आधिकृत कमला पराजुली (तिवारी) ले सुस्तावासीले नागरिकता, शिक्षा, सुरक्षा, स्वास्थ्य, लालपूर्जा, रोजगारीलगायतका समस्या भोग्नुपरेको बताउनुभएको छ । "सुस्ता नेपाल-भारत सीमाको नजिक भएकाले, विवाह गरेर आउने र जाने चलन छ । बसाइ सरेर आउनेको संख्या पनि छ," उहाँ भन्नुहुन्छ, "सुस्तामा बस्ने सबै सर्वसाधारणले नागरिकता पाएका हुँदैनन् । अनि राज्यको सुविधाबाट बञ्चित हुनु परेको छ ।"

रामु ढकाल सखर स्थानीय व्यवसायी हुनुहुन्छ । सुस्ता उखुको राम्रो उत्पादन हुने ठाउँ हो ।

सुस्ताको उखु लैजान निकै कठिन हुने गरेको उहाँको भनाइ छ । "यहाँको उखु डुङ्गाकै भरमा लानुपर्थ्यो, डुङ्गा नै पल्टिन्छ कि भन्ने छर उस्तै थियो," उहाँ भन्नुहुन्छ, "उखु नै नबिकेर कतिले त धान खेती लगाउन थालेका छन् । पुल बनेपछि अब उखु नबिक्ने सास्ती हट्नेछ यहाँ ।

हामी व्यापारीलाई पनि सहज रुपमा पारी पुर्‍याउन सकिन्छ ।"सुस्ता बचाउका युवा अभियन्ता कमल बत्स्याल पनि सुस्तामा शिक्षा, स्वास्थ्य, रोजगारीलगायतका समस्याहरु यथावत् रहेकाले सरकारले त्यसतर्फ ध्यान दिनुपर्ने बताउनुहुन्छ । नागरिकता नै नहुँदा अनेक समस्या रहेको सरावल गाउँपालिका पूर्वअध्यक्ष राधेश्याम चौधरीको भनाइ छ । "नागरिकता नहुँदा बैंकिङ समस्या भइरहेको छ ।

मानिस स्नाकोत्तर पढेका छन् । तर नागरिकता नहुँदा रोजगारीमा समस्या छ," उहाँ भन्नुहुन्छ, "सामाजिक सुरक्षा भत्ता पनि पाउन सकेका छैनन् । यहाँका मानिसको मनमनमा नेपाली पन छ । तर प्रमाण छैन ।"

## प्रम सम्बोधन पूर्णपाठसहितः

# 'कांग्रेस र एमालेजस्ता इतिहास र हैसियत भएका दलहरू मिलेर बनेको सरकार ढल्ने दिवासपना कसैले नदेखे हुन्छ'



काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले राष्ट्रियताको रक्षा, राष्ट्रिय हितको संरक्षण, सुशासन र विकासका काममा सरकारले कसैसँग कुनै सम्झौता नगर्ने बताउनुभएको छ । सरकारको सय दिनको उलपब्धि सार्वजनिक गर्दै उहाँले भ्रष्टाचार नियन्त्रण र सुशासन एकछिनको हल्लाबाजी र 'सुटिङ' गरेर देखाउने विषय बन्न नहुने भएकाले यसले सुशासनको प्रणालीका रुपमा गति लिनु पर्छ भन्नेमा सरकार स्पष्ट छ भन्नुभयो ।

"भ्रष्टाचार नियन्त्रणमा सरकारले क्यामेरालाई होइन, कानुनलाई गुरु मानेको छ । 'भ्रष्टाचारी समातियो' भन्ने केही समय हल्ला मच्चिने, तर परिणाममा भ्रष्टाचार बढ्दै जाने खालको अवस्था होइन, परिणाममा भ्रष्टाचार नियन्त्रण हुने कानुनी प्रणाली स्थापित हुने पद्धति बसाल्ने हाम्रो प्राथमिकता छ", उहाँले भन्नुभयो, "भ्रष्टाचारका कसुरमा फस्ने त्रास र त्यसबाट उम्किने आकाङ्क्षा, भ्रष्ट र भ्रष्टाचारका मतियार जोगाउने उद्देश्यका साथ देशमा अस्थिरता र अराजकता फैलाउन खोज्ने तत्वहरु सक्रिय रहेको हामीले देखिरहेका छौं ।"

(**सरकार गठनको सय दिन पुगेको अवसरमा प्रधानमन्त्री केपी शर्मा ओलीको सम्बोधनको पूर्ण पाठ यसप्रकार छः**)

**प्रिय दिदीबहिनी तथा दाजुभाइहरू,**

गएको असार ३१ गतेको दिन, जब मैले पदको शपथ लिँदै थिएँ, तपाईंहरूको नाममा शपथ लिएको थिएँ । किनभने यो सरकार तपाईंहरूको आशा, तपाईंहरूको सपना, र तपाईंहरूको विश्वासले बनेको हो ।

त्यो दिन मैले तपाईं नाममा शपथ लिनुको दुईवटा कारण छन् ।

पहिलो, तपाईंकै विश्वास र भरोसाका कारण यो सरकार बनेको हो ।

दोस्रो, यो सरकार तपाईंकै लागि बनेको हो ।

आज हामीले सत्ता सम्हालेको एक सय दिन पूरा भएको छ । तर म यहाँ तपाईंहरूलाई तथ्याङ्कको लामो सूची सुनाउँदै छैन । किनकि अङ्कहरू आफैँमा के हुन् र ? वास्तवमै महत्वपूर्ण कुरा भनेको ती अङ्कहरूले छोएका जीवन, हल्का बनाएका पीडा, र देखाएका सुन्दर भविष्य हुन् ।

**प्रिय दिदीबहिनी तथा दाजुभाइहरू,**

गएको साउन ६ गते मैले संसद्मा विश्वासको मत लिँदै गर्दा यो सरकारका पाँचवटा प्राथमिकता प्रस्तुत गरेको थिएँ ।'थालेका कामहरू अघि बढाउने र निर्धारित समयमा सक्ने' कुरालाई सरकारले पहिलो प्राथमिकतामा राखेको थियो ।

पहिलो सय दिनमा हामीले कुन-कुन मन्त्रालयअन्तर्गत के-के काम थालेका छौँ र ती थालिएका कामहरू कसरी समयमै सम्पन्न गर्ने भन्नेबारे योजना बनाई कामको प्राथमिकता तोक्यौँ । र, त्यसैको आधारमा प्रधानमन्त्री र मन्त्रीहरूका बीच कार्यसम्पादन सम्झौता गर्‍यौँ । सबै मन्त्रालयले पहिलो, एक सय दिन, दोस्रो सय दिन र बाँकी अन्य दिनभित्र गर्ने कामहरूको सूची बनाए । पहिलो सय दिनभित्र सबै मन्त्रालयको गर्ने भनेको कामको स‌ङ्ख्या २७४ वटा पुग्यो। तीमध्ये १८५ वटा कामहरू सम्पन्न भएका छन् । अर्थात्, यो सरकारले आफूले गर्छु भनेको करिब ७० प्रतिशत काम सम्पन्न गरेको छ । यदि प्रकृति प्रतिकूल नभइदिएको भए बाँकी ३० प्रतिशत काम पनि यो सरकारले पूरा गर्थ्यो ।

**प्रिय दिदीबहिनी तथा दाजुभाइहरू,**

जब म नयाँ प्रधानमन्त्रीका रूपमा शपथ लिँदै थिएँ, त्यसको केही दिन अघिदेखि नै हामी त्रिशूली नदीको सिमलतालमा तीर्थयात्री बोकेको बस यात्रुसहित बेपत्ता भएको दुःखद घटनाबाट शोकमा थियौँ । त्यसको केही दिनपछि सौर्य विमान दुर्घटना, नुवाकोटमा हेलिकप्टर दुर्घटना र भारतीय पर्यटक बस दुर्घटना भयो । गएको असोज १० देखि १३ गते अकल्पनीय बाढी पहिरोको चपेटामा मुलुक पर्‍यो । यसै अवधिमा देशभर सात हजार १३५ वटा विभिन्न प्रकारका विपद्‌जन्य दुर्घटना भए । प्राकृतिक विपत्तिले धनजनको ठूलो क्षति गर्‍यो । कृषिबाली, पशुचौपाया एवम् सडक, पुल, खानेपानी, सञ्चार, विद्यालय, विद्युतलगायतका भौतिक संरचनामा ठूलो नोक्सानी पुग्यो ।

विपत्तिबाट प्रभावित नागरिकहरूको परिवारहरूलाई तत्काल उद्धार, राहत, अत्यावश्यक भौतिक पूर्वाधार र सेवाको सञ्चालनलाई प्राथमिकतामा राखेर हामीले काम अघि बढायौँ । पीडितपरिवारको राहत, घाइतेहरूको उद्धार र निःशुल्क उपचार, मृतकको परिवारलाई आर्थिक सहयोग र प्रभावित नागरिकको सुरक्षित पुनर्स्थापनमा सरकारलाई केन्द्रित गर्‍यौँ । बाढीपहिरोका कारण मृत्यु भएका ३९१ जनाको परिवारले दुई लाखका दरले राहत पाएका छन् । बाढीपहिरोबाट प्रभावित दुई हजार ५५५ परिवारलाई चार करोड ५० लाख रुपैयाँ तत्काल राहत प्रदान गरिएको छ । सङ्कटग्रस्त क्षेत्रका ७१ वटा स्थानीय तहमा ४३ करोड रुपैयाँ विनियोजन गरिएको छ ।

प्रारम्भिक क्षतिको आकलन गरी अस्थायी बासस्थानको प्रबन्ध गर्ने कामलाई प्राथमिकतामा राख्यौँ । हामी अहिले बाढीपहिरोले क्षति पुर्‍याएका भौतिक संरचनाहरूको निर्माणका कार्ययोजनासहित काम गरिरहेका छौँ । सङ्कटग्रस्त क्षेत्र घोषणा गरिएका जिल्लाको खानेपानी, विद्युत्, सडक, सञ्चारलगायत अत्यावश्यक सेवा पन्ध्र दिनभित्र सञ्चालनमा ल्याउन जिल्ला विपद् व्यवस्थापन कोषमार्फत रकम उपलब्ध गराइसकेका छौँ ।

यही बीचमा नेपालीहरूको महान् पर्व बडादसैँ आयो । ठाउँ-ठाउँमा बाटाहरू भत्किएका थिए, सडकहरू पहिरोले पुरिएका थिए, र पुलहरू बाढीले बगाएका थिए । राजधानी आउने/जाने सबै बाटा बन्द थिए । प्राकृतिक प्रकोपका कारण चारैतिर एक किसिमको अत्यासलाग्दो अवस्था सिर्जना भएको थियो, जसले जनतामा त्रास छाएको थियो । पहिले त मानिसहरू डराएका थिए–सडक नबन्दा वा जोखिमका कारण कतै घर फर्कन नपाउने हो कि भन्ने डर थियो । तर, सरकारले ती चुनौतीपूर्ण परिस्थितिहरूलाई कुशलतापूर्वक सम्हाल्यो । परिणामस्वरूप, राजधानी आउने बाटाहरू चालु अवस्थामा पुर्‍याए, अब बन्दै बन्दै भनिएको बिपी राजमार्ग हुँदै सवारी साधन चल्न सुरु गरे । यस वषर्को दसैँमा पनि काठमाडौँ छोडेर घर फर्कनेको स‌ङ्ख्या अघिल्लो वर्ष जस्तै करिब आठ लाख १४ हजार २४६ पुग्यो । दसैँमा एक लाख ११ हजार १५४ सवारी साधन काठमाडौँ उपत्यकाबाट बाहिरिए ।

**प्रिय दिदीबहिनी तथा दाजुभाइहरू,**

एक वर्षअघि जाजरकोट, पश्चिम रुकुम, बझाङ, बाजुरा र डोटीमा भूकम्पले गहिरो चोट पुर्‍याएको थियो । ती स्थानहरूको पुनर्निर्माण कार्य त सुरु नै भइसक्नुपर्ने थियो । तर स्रोत व्यवस्थापनका लागि गर्नैपर्ने क्षतिको विस्तृत आकलन (डिडिए) समेत भएको रहेनछ, अस्थायी वासको लागि दिइने २५ हजार राहतमै पुनर्निर्माण कार्य अल्झिएको रहेछ ।

हामीले यस समस्यालाई समेत सम्बोधन गर्नेगरी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्को बैठकबाट क्षतिको विस्तृत आकलन पूरा गर्दै, ती ठाउँमा स्थायी निजी आवास पुनर्निर्माणको काम अघि बढाउन आवश्यक बजेट १५ दिनभित्र उपलब्ध गराउने निर्णय गरिसकेका छौँ । हाम्रो उद्देश्य पीडित जनताको जीवनमा स्थिरता र सुरक्षा फिर्ता ल्याउनु हो । अब, एक वर्षअघिको भूकम्पले क्षतिग्रस्त भएका घरहरू र यस वर्षको बाढी र पहिरोले पीडित नागरिकहरूको आवास पुनर्निर्माण सँगसँगै अघि बढ्नेछ ।

**प्रिय दिदीबहिनी तथा दाजुभाइहरू,**

प्राकृतिक विपत्तिले सरकारको कामलाई केही समय धीमा त बनायो, तर सरकार सम्हालिँदै अघि बढ्यो । लामो समयदेखि ३५ जिल्लाका ३० लाखभन्दा बढी किसान दूधको भुक्तानी नपाएर कठिनाइमा थिए । बितेको एक सय दिनमा, लगभग १५ लाख दुग्ध किसानले भुक्तानी पाएका छन् । उनीहरूले पाउने रकम भुक्तानीका लागि सरकारले ६० करोड रुपैयाँ निकासा गरेको थियो ।

त्यसैगरी, करिब ७५ हजार उखु किसान, जसले वर्षौंदेखि आफ्नो पसिनाको मूल्य पाउन सकेका थिएनन्, उनीहरूले पनि आफ्नो अनुदान बापतको भुक्तानी पाइसकेका छन् ।कृषिबाली तथा पशुधन बीमामा समावेश भएका हजारौँ कृषकले पनि अब राहतको श्वास फेरेका छन् । बितेको एक सय दिनमा, तिनीहरूको बीमाबापतको भुक्तानी गर्न ८० करोड रुपैयाँ बीमा प्राधिकरणको खातामा पठाइएको छ । हिउँदे बालीका लागि चाहिने रासायनिक मलको बन्दोबस्त गरिसकिएको छ ।

हामीले संसद्मा भनेका थियौँ–निर्माण सम्पन्न गरेर भुक्तानी पाउन नसकेका निर्माण व्यवसायीहरूलाई समयमै भुक्तानी दिनेछौँ। निर्माण व्यवसायीहरूले पाउनुपर्नेमध्ये सङ्घीय मन्त्रालयहरूबाट ६ अर्ब ७५ करोड रुपैयाँ यस अवधिमा भुक्तानी पाइसकेका छन् ।

**प्रिय दिदीबहिनी तथा दाजुभाइहरू,**

संसद्‌बाट विश्वासको मत लिने बेला प्रस्तुत गरेको अर्को प्राथमिकता थियो- उद्यमशीलताको प्रवर्द्धन ।

काम गर्ने युवाहरूलाई देशमा केही अवसर छैन, विदेश नै भासिनुपर्छ भन्ने समाजमा जबर्जस्त भाष्य छ । उद्योग मन्त्रालयले १६५ जना युवालाई खुला आवेदनको माध्यमबाट विनाधितो २५ लाख रुपैयाँ सम्मको 'स्टार्टअप' कर्जा प्रवाह गरेका थियो । ती युवाहरूले आफ्नो व्यवसाय सञ्चालन गरेर कर्जाको सावा/ब्याजको किस्ता भुक्तानी समेत सुरु गरेका छन् । यस वर्ष पाँच हजार १५८ जना उद्यमीले स्टार्टअप कर्जाका लागि प्रस्ताव पेस गरेका छन् । प्राप्त प्रस्तावहरूमध्येबाट स्टार्टअप उद्यमी छनोट गरी पुस मसान्तभित्र कर्जा प्रवाह गर्ने तयारी गरिएको छ ।

**प्रिय दिदीबहिनी तथा दाजुभाइहरू,**

संसद्‌बाट विश्वासको मत लिँदैगर्दा मैले भनेको थिएँ- 'कुनै पनि कालखण्डमा भएका भ्रष्टाचार र जो कोही भ्रष्टाचारीउपर कानुनी कारबाही अघि बढाउँछौँ । जोसुकै भए पनि सहकारी ठगलाई कानुनी कारबाही गर्नेछौँ ।'

आज यहाँ उभिएर म यो भन्ने ठाउँमा आइपुगेको छु- सर्वसाधारणले सहकारीमा जम्मा गरेको रकम अपचलन र ठगी गर्नेहरूलाई सरकारले कानुनी कारबाहीको दायरामा ल्याएको छ । सहकारी ठगी गर्ने व्यक्तिहरूमाथि कानुनी कारवाही सुरु भएको छ । हालसम्म ६ सयभन्दा माथिलाई कानुनी कारबाही गरिएको छ, ५७५ भन्दा बढी त जेलमै छन् । सहकारी ठगहरूलाई कारबाही गर्ने मात्र होइन, बचतकर्ताको बचत फिर्ता गर्नका लागि आवश्यक पर्ने सहकारी प्राधिकरण ऐन तर्जुमा गर्ने र सहकारी कर्जा सूचना केन्द्र तथा ऋण असुली न्यायाधीकरण स्थापना गर्ने काम पनि सँगसँगै अघि बढाइँदैछ ।

भ्रष्टाचार नियन्त्रण र सुशासन एकछिनको हल्लाबाजी र 'सुटिङ' गरेर देखाउने विषय बन्नु हुँदैन । यसले सुशासनको प्रणालीका रूपमा गति लिनुपर्छ । भ्रष्टाचार नियन्त्रणमा सरकारले क्यामेरालाई होइन, कानुनलाई गुरु मानेको छ । 'भ्रष्टाचारी समातियो' भन्ने केही समय हल्ला मच्चिने, तर परिणाममा भ्रष्टाचार बढ्दै जाने खालको अवस्था होइन, परिणाममा भ्रष्टाचार नियन्त्रण हुने कानुनी प्रणाली स्थापित हुने पद्धति बसाल्ने हाम्रो प्राथमिकता छ ।

भ्रष्टाचारका कसुरमा फस्ने त्रास र त्यसबाट उम्किने आकाङ्क्षा, भ्रष्ट र भ्रष्टाचारका मतियार जोगाउने उद्देश्यका साथ देशमा अस्थिरता र अराजकता फैलाउन खोज्ने तत्वहरू सक्रिय रहेको हामीले देखिरहेका छौँ । सरकारले विकास र सुशासनका लागि सही दिशामा काम अघि बढाएकाले भ्रष्टहरूको मोर्चा बन्नु बेग्लै कुरा हो । तर, म प्रतिबद्धता दोहोर्‍याउन चाहन्छु- राष्ट्रियताको रक्षा, राष्ट्रिय हितको संरक्षण, सुशासन र विकासका काममा सरकारले कसैसँग कुनै सम्झौता गर्दैन ।

हामी सरकारमा आउँदा अर्थतन्त्र डावाडोल थियो । आज त्यसमा सुधारका सङ्केतहरू देखापरेका छन् । निजी क्षेत्रकै मागबमोजिम अर्थतन्त्र सुदृढीकरणका लागि आर्थिक सुझाव आयोगजस्ता महत्वपूर्ण आयोगहरूको गठनले व्यवसायीहरूमा आत्मविश्वास पलाउँदै गएको छ । परिणमस्वरुप, एक सय दिनको अवधिमा २०० वटा उद्योगमा करिब ३४ अर्ब रुपैयाँ लगानीको प्रतिबद्धता आएको छ । अन्तर्राष्ट्रिय स्वतन्त्र विज्ञ संस्थाबाट नेपालको सार्वभौम साख मूल्याङ्कन (क्रेडिट रेटिङ) को कार्य अन्तिम चरणमा पुगेको छ । लामो समयदेखि गिरेको शेयरबजार प्राकृतिक विपत्तिको प्रतिकूलताका बीचमा पनि प्रगतिकै लयमा छ ।

नेपालमा पेट्रोलियम पदार्थको सहज आपूर्ति र भण्डारण क्षमता अभिवृद्धिका लागि भारतको सिलिगुडीदेखि झापाको चारआलीसम्म र अमलेखगञ्जदेखि चितवनको लोथरसम्म पाइपलाइन विस्तार तथा टर्मिनल भवन निर्माण कार्य अगाडि बढाउन नेपाल आयल निगम र इन्डियन आयल कर्पोरेसनबीच सम्झौता सम्पन्न भएको छ ।

वस्तु, सेवा र प्रक्रियाको गुणस्तरलाई सुनिश्चित गर्न, मापदण्डको आवश्यकतालाई ध्यानमा राख्दै नेपाल एक्रिडिटेसन सेन्टर सञ्चालनमा ल्याइएको छ । यस संस्थाले मुलुकभरका विभिन्न क्षेत्रका गुणस्तर निर्धारण गर्ने संस्थाहरूको कार्यक्षमता, पारदर्शिता, र प्रमाणिकताको मापन गर्ने जिम्मेवारी बहन गर्नेछ ।चालु आर्थिक वर्षको असोज मसान्तसम्म सङ्घीय सरकारी खर्च गत आर्थिक वर्षको सोही अवधिको तुलनामा केही प्रतिशतले वृद्धि भई करिब ३२९ अर्ब रुपैयाँ पुगेको छ । कुल राजस्व परिचालन १३ दशमलव तीन प्रतिशतले वृद्धि भई करिब २४८ अर्ब रुपैयाँ पुगेको छ ।

**प्रिय दिदीबहिनी तथा दाजुभाइहरू,**

अभाव र गरिबीको जीवन बाँचिरहेका नागरिकहरूको सेवा, हाम्रो तेस्रो प्राथमिकता थियो । यसका लागि हामीले आर्थिक अभावमा जलनको उपचार गर्न नसक्ने नागरिकहरूका लागि सातवटै प्रदेशमा निःशुल्क उपचारको व्यवस्था गरेका छौँ । कोशी प्रदेशको बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, मधेश प्रदेशको नारायणी अस्पताल, बागमती प्रदेशको कीर्तिपुर अस्पताल, गण्डकी प्रदेशको पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, लुम्बिनी प्रदेशको भेरी अस्पताल, कर्णाली प्रदेशको सुर्खेत प्रादेशिक अस्पताल र सुदूरपश्चिम प्रदेशको सेती प्रादेशिक अस्पतालमार्फत उपचार खर्च व्यहोर्न नसक्ने नागरिकलाई कस्मेटिक बाहेकको जलन उपचार निःशुल्क गर्ने व्यवस्था गरिएको छ । यसअघि तीनवटा प्रदेशमा मात्रै उपलब्ध रहेको क्यान्सर उपचार सेवा सातै प्रदेशमा विस्तार गरेका छौँ । देशभरका १९ वटा सङ्घीय अस्पतालहरूमा दुई सिफ्टमा बहिरङ्ग सेवा सञ्चालन गरी १८ सङ्घीय अस्पतालहरूमा सहज उपचार सेवा प्राप्तिका लागि टोकन प्रणाली लागू गरिएको छ ।

**दिदीबहिनी तथा दाजुभाइहरू,**

सार्वजनिक प्रशासनमा हुने ढिलासुस्ती र प्रशासनिक काममा हुने झन्झट र नागरिक सेवालाई मध्यनजर गरी हामीले केही कामको थालनी गरेका छौँ । अब सवारी चालकले 'ट्रायल पास' गर्नासाथ नागरिक एपमा नै लाइसेन्स पाउनेछन् । सवारी नियम उल्लङ्घनको जरिवाना तिर्दा अब जहाँ नियम उल्लङ्घन भएको हो, सोही स्थानमा जरिवाना भुक्तानी गर्न सकिने सजिलो व्यवस्था सरकारले गरेको छ । कुनै पनि सरकारी सेवा लिन कार्यालय धाउनु नपर्ने, कर्मचारी भेट्नु नपर्ने र घरमै बसेर सबै सेवा लिन सक्ने व्यवस्था गर्दैछौँ । यसले सेवा प्रवाहमा हुँदै आएको झन्झट अन्त्य हुने र सुशासन प्रवर्द्धनमा सहयोग पुग्नेछ ।

सरकारी कार्यालयमा कामका फाइलहरू अड्काउने, कामको समयावधि लम्ब्याउने र यसबाट सेवाग्राहीले दुःख पाउने स्थितिबाट मुक्त गर्न क्युआर कोडमार्फत फाइल 'मुभमेन्ट ट्र्याकिङ' गर्ने प्रणाली परीक्षणका रूपमा सुरुआत गरेका छौँ । अब तपाईंले सरकारी अफिसमा हुने तपाईंको आफ्नो कामको जानकारी मोबाइलबाटै पाउनु हुनेछ ।

लगानीकर्ताको भौतिक उपस्थितविना कुल पुँजी ५० करोड रुपैयाँसम्मको विदेशी लगानी स्वचालित प्रणालीबाट तुरुन्त स्वीकृतिको प्रमाणपत्र प्राप्त गर्न सक्नेगरी उद्योग विभागमा स्वचालित मार्ग कार्यान्वयनमा आएको छ ।नेपाल ल्यान्ड इन्फरमेसन सिस्टम लागू भएका ५८ नापी कार्यालयमा अनलाइनमार्फत सेवा 'ट्र्याकिङ' प्रणाली लागू भएको छ ।

नेपालभरका २६७ वटा मालपोत कार्यालयमा ज्येष्ठ नागरिक, अपाङ्ग, अशक्त नागरिकले लाइनमा नबसी सेवा प्राप्त गर्नेगरी व्यवस्था गरिएको छ । वैदेशिक रोजगारीमा मृत्यु भएकाहरूको परिवारलाई यसअघि दिने गरिएको क्षतिपूर्ति रकम रु सात लाखबाट रु १० लाख पुर्‍याइएको छ । बिरामी उपचार खर्च पाएर मृत्यु भएकाहरूले क्षतिपूर्ति नपाउने यसअघिको व्यवस्थाको सट्टा उनीहरूको परिवारलाई पनि रु १० लाख उपलब्ध गराउने व्यवस्था गरिएको छ । विदेशमा रोजगारी अनुमतिपत्र नभएकाहरू र यस वर्षको सेप्टेम्बरभित्र विदेशमा रहेकाहरूले नेपाली नियोगमा आवदेन दिएमा उनीहरूलाई 'वर्क परमिट' उपलब्ध गराउने व्यवस्था गरिएको छ ।

**प्रिय दिदीबहिनी तथा दाजुभाइहरू,**

देशभित्र बनेका भौतिक पूर्वाधारको अधिकतम प्रयोग गर्ने र त्यसबाट लाभ लिने यो सरकारको घोषित नीति हो । त्यसैले राम्ररी सञ्चालनमा नआएका अन्तर्राष्ट्रिय विमानस्थलको प्रयोग बढाउन यस सरकारले ठोस कदम चालेको छ । भैरहवा र पोखरामा फ्लाइट आकर्षित गर्न भैरहवा र पोखराको लागि हवाई इन्धनको मूल्यमा प्रतिलिटर शून्य दशमलव ३७ डलर कम गरी अन्तर्राष्ट्रिय उडानको प्रबन्ध गर्न सफल भयौँ ।

अब आउँदो कात्तिक २४ गतेदेखि दुबईदेखि भैरहवासम्म र काठमाडौँ हुँदै भैरहवादेखि दुबईको उडान सुरु हुनेछ । फ्लाई दुबईले हप्ताको सातै दिन दुबई र भैरहवा एवम् काठमाडौँ हुँदै भैरहवा र दुबईबीच उडान भर्नेछ । जजिरा एयरवेजले हप्ताको तीन दिन भैरहवा र कुवेत एवम् कुवेत र भैरहवाबीच सिधा उडान भर्ने कार्यतालिका स्वीकृत भएको छ ।

क्रिकेट मैदान भएको तर आवश्यक पूर्वाधार नभएको गुनासोलाई सम्बोधन गर्न सरकार गठन भए लगत्तै हामीले तीन सय दिनभित्र कीर्तिपुरको क्रिकेट मैदानमा फ्लड लाइट जोड्ने, स्कोर बोर्ड राख्ने र राति पनि खेल्न मिल्नेगरी रङ्गशाला बनाउने निर्णय गरेका थियौँ । कीर्तिपुर क्रिकेट रङ्गशालामा फ्लड लाइट जडान र प्यारापिट निर्माण गर्न सहरी विकास मन्त्रालय र राष्ट्रिय खेलकुद परिषद्‌बीच समझदारी भई काम सुरु भएको छ ।

नेपालले आफूलाई चाहिनेभन्दा बढी उत्पादन गरे पनि विद्युत् ऊर्जा बिक्री गर्नसक्ने सम्भावनामाथि निकै प्रश्न उठ्ने गरेको छ। तर, गत एकसय दिनको अवधिमा बङ्गलादेशमा ४० मेगाबाट विद्युत् निर्यातका लागि त्रिपक्षीय विद्युत् बिक्री सम्झौता भएको छ ।

**प्रिय दिदीबहिनी तथा दाजुभाइहरू,**

अग्रज पुस्तादेखि आजको पुस्तासम्मको लामो सङ्घर्षले संविधानसभामार्फत हाम्रो संविधान जन्मियो, जसले देशलाई नयाँ दिशामा अग्रसर गर्‍यो । सरकारले संविधान दिवसलाई राष्ट्रिय दिवसका रूपमा मनाउने निर्णय गरे पनि विगतका वर्षहरूमा यो दिवस सरकारी औपचारिकतामा सीमित सरकारी कार्यक्रमजस्तो मात्र रहँदै आएको थियो ।

यस वर्ष भने, सरकारको प्रयासले पहिलोपटक नागरिकस्तरमा व्यापक जनसहभागितासहित संविधान दिवसलाई एक उत्सवमय र उल्लासपूर्ण रूपमा मनाइएको छ । समाजका हरेक तप्का, वर्ग, क्षेत्र, पेसा र व्यवसायबाट सहभागी भएको खुसी यहाँ म तपाईंहरूसँग बाँड्न चाहन्छु । यस वर्षको संविधान दिवसमा पहिलोपटक 'नेसनल डे कन्सर्ट' आयोजना गरियो, जहाँ विभिन्न विधाका कलाकार, नवयुवाहरू र सबै पेसाका प्रतिनिधिहरूले एकसाथ भेला भई संविधान दिवसमा खुसी साट्ने मौका पाए । यसरी, राष्ट्रिय दिवसलाई हामीले जनताको उत्सवका रूपमा परिणत गर्‍यौँ ।

**प्रिय दिदीबहिनी तथा दाजुभाइहरू,**

पछिल्ला एक सय दिनमा महत्वपूर्ण प्रगति हासिल भएका छन् । 'फास्टट्र्याक'को मकवानपुरको धेद्रे सुरुङ 'ब्रेक थ्रू'भएको छ । नागढुङ्गा मुख्य सुरुङको लाइनिङ पनि सफलतापूर्वक सम्पन्न भएको छ । रुपन्देहीको सिद्धबाबा सुरुङमा उल्लेखनीय प्रगति भएको छ, जहाँ ३९६.८५ मिटर सुरुङ खन्ने काम मात्र एक सय दिनभित्र पूरा भयो, र अहिलेसम्म ६४७ मिटर सुरुङ खनिएको छ ।सडक निर्माण र मर्मतका क्षेत्रमा पनि ठूला उपलब्धिहरू हासिल भएका छन् । बितेको सय दिनमा चार हजार ३८ किलोमिटर सडक मर्मत गरिएको छ, र ३२.५ किलोमिटर सडक कालोपत्र गरिएको छ, जसले यातायातलाई थप सहज र सुरक्षित बनाएको छ ।

ऊर्जा उत्पादनको क्षेत्रमा, माथिल्लो त्रिशूली ३ 'ए' जलविद्युत् आयोजनामा दुईवटा टरबाइनसहित मेकानिकल पार्ट्सको मर्मत-सम्भार गरी ३० मेगावाट विद्युत् उत्पादन सुरु भएको छ। साथै, चिलिमे हब जिआईएस सबस्टेसन र त्रिशूली हब हाइब्रिड जिआइएस सबस्टेसन पनि सञ्चालनमा आएको छ, जसले देशको विद्युत् प्रणालीलाई थप सुदृढ बनाएको छ ।

विषय त सानै होला तर खास ठाउँका लागि महत्वपूर्ण छ । देशभरका ७५३ पालिकामध्ये, सैपाल गाउँपालिका एकमात्र यस्तो स्थानीय तह थियो, जहाँ वित्तीय संस्थाको पहुँच थिएन । प्राविधिक रूपमा असम्भव मानिएको उक्त गाउँपालिकामा, जब वाणिज्य बैङ्कको शाखा स्थापना भयो, करिब ५०० घरधुरीका तीन हजार जनाले यसबाट प्रत्यक्ष लाभ पाउने अवसर प्राप्त गरेका छन् ।

त्यस्तै, हुम्ला जिल्ला एकमात्र यस्तो जिल्ला थियो, जहाँ 'फाइबर टू द होम' (एफटिटिएच) सेवा अझै पुगेको थिएन । तर, गत भदौदेखि यो सेवा पनि सञ्चालनमा आएपछि, अब ७७ वटै जिल्लामा यस सुविधाको पहुँच पुर्‍याइएको छ, जसले दूरदराजका क्षेत्रहरूमा 'डिजिटल कनेक्टिभिटी'को नयाँ युगको सुरुआत गरेको छ ।

**प्रिय दिदीबहिनी तथा दाजुभाइहरू,**

कानुन वा नीति/निर्माणको प्रगतिले सर्वसाधरणलाई प्रत्यक्ष त केही असर नगर्ला तर तिनै नीतिहरू शासन र प्रशासनको आधारशिला हुन् । ती विना राज्य चल्नै सक्दैनन् । यस अवधिमा, विभिन्न मन्त्रालयसँग सम्बन्धित चार दर्जनभन्दा बढी ऐन, नियम, र कार्यविधिहरूमा सहमति प्रदान गरिएको छ ।

यस अवधिमा १७ वर्षअघि देखि थालनी भएको शान्तिप्रक्रियाका बाँकी कामलाई अन्तिम निष्कर्षमा पुर्‍याउन हामी सफल भएका छौँ । त्यस सिलसिलामा 'सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१' लाई संशोधन गर्न बनेको विधेयक सर्वसम्मतिबाट स्वीकृत र प्रमाणीकरण भएको छ । आयोग गठनका लागि सिफारिस समिति बनेको छ र त्यसले आयोग गठनको प्रक्रिया अघि बढाएको छ । लामो समयदेखि द्वन्द्व खेपेको हाम्रो समाजका लागि यो सुखद सन्देश हो ।

**प्रिय दिदीबहिनी तथा दाजुभाइहरू,**

यस सरकारमा तपाईंहरूले विश्वाससाथ चुनेका संसद्का प्रमुख दुई दल नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले) छन् । मैले सरकारको नेतृत्व गरेको छु । यी दुवै दल लोकतन्त्रका लागि लामो सङ्घर्ष र योगदान गरेका तथा लामो इतिहास भएका दल हुन् । यी प्रतिस्पर्धी दल हुन्, तर राजनीतिक स्थिरता, विकास, सुशासन दुवै दलका साझा प्रतिबद्धता छन् । यी प्रतिबद्धता पूरा गर्न बिग्रिएको स्थितिलाई सही ठाउँमा ल्याउनुपर्छ । अफवाह, झुठ, स्टन्ट र अराजकताले बिथोलेको सामाजिक जीवनलाई यथार्थमा आधारित, शान्त र सुसंस्कृत बनाउनुपर्छ ।

हामीले हाम्रो छिमेक सम्बन्धलाई न्यायोचित राष्ट्रिय हितमा अडिँदै पारस्परिक लाभ र सम्मानका आधारमा अघि बढाएका छौँ । हामी स्पष्टतः सुमधुर र उपलब्धिपूर्ण छिमेक सम्बन्ध, शान्तिपूर्ण, न्यायोचित र जिम्मेवार अन्तर्राष्ट्रिय सम्बन्धमा विश्वास गर्छौं । विश्वका कतिपय भूभागमा भएका हिंसा र तनावबाट हामी चिन्तित छौँ, वार्ताको माध्यमबाट ती सबै तनावहरूको शान्तिपूर्ण समाधान चाहन्छौँ । सबैले संयमतापूर्वक शान्ति स्थापनामा लाग्न जरुरी ठान्छौँ ।

म यहाँ एउटा तथ्य उल्लेख गर्न चाहन्छु- सरकारले १०० दिन पूरा गरेपछि होइन, सरकार बनेकै दिनदेखि विरोध सुरु गरियो । यसको कारण थियो- देशमा साम्प्रदायिक विद्वेष खडा गर्ने, अराजनीतिक बोली र व्यवहारबाट हाम्रो सभ्यता र संस्कृतिमाथि हमला गर्ने, चलिरहेका उद्योगहरू बन्द गराउने, पुँजी पलायन गराउँदै देशको अर्थतन्त्र र वाणिज्य क्षेत्रलाई तहसनहस पार्ने र नयाँ उद्योग स्थापना हुन नदिने ।

अहिले साम्प्रदायिक विद्वेष, घृणा र परस्पर बेमेलको वातावरण पैदा गरेर हाम्रो राष्ट्रिय एकतालाई बिथोल्ने र प्रतिगमनतर्फ लैजाने प्रयास पनि भइरहेको छ । तर नेपाल र नेपालीलाई प्रतिगमन कुनै हालतमा स्वीकार्य छैन । सरकारले लोकतन्त्रलाई सुदृढ गर्न बनेको संविधानको रक्षा गर्ने छ । साम्प्रदायिक विद्वेष र घृणा होइन, सामाजिक न्याय र समानतामा आधारित सामाजिक सद्भावको बाटोबाट राष्ट्रिय एकता कायम गर्ने हाम्रो नीति दृढताका साथ कार्यान्वयन गर्ने छ । हाम्रा सुन्दर, शिष्ट र समृद्ध सामाजिक-सांस्कृतिक मूल्यहरूलाई कमजोर पार्ने प्रयत्नलाई असफल बनाउनेछ ।

सरकार अहिले ढल्छ, भरे ढल्छ, भोलि बिहानै ढल्छ भन्ने जस्ता अफवाह पनि फैलाउने गरिएको छ । यो काम गर्न नदिने उद्देश्यले चलाइएको हल्ला हो । कांग्रेस र एमालेजस्ता इतिहास र हैसियत भएका दलहरू मिलेर बनेको सरकार ढल्ने दिवासपना कसैले नदेखे हुन्छ । हामीलाई काममा सफलता पाउन कर्मचारी प्रशासनको सहयोग चाहिन्छ । अझ सरकारका प्राथमिकतालाई नागरिकको जीवनमा विस्तार गर्न मुख्य जिम्मेवारी 'ब्यूरोक्रेसी'ले निर्वाह गर्नुपर्छ । कामका दौरानमा मलाई कतिपयले सुनाउनुहुन्छ- बारम्बार सरकार फेरबदलका घटनाहरूले ब्यूरोक्रेसी नै अल्मलिएको छ, कर्मचारीले काम होइन स्थायित्वप्रति आशङ्का गर्छन् ।

त्यसरी सुनाइएका कुराहरूलाई मैले खण्डन गर्ने गरेको छु- कर्मचारीले नै काम गर्ने हो । ब्यूरोक्रेसीको नेतृत्व गरेका मुख्य सचिव र सचिवज्यूहरू यहीँ हुनुहुन्छ । उहाँहरू पनि मेरो भनाइसँग पक्कै सहमत हुनुहुन्छ- राजनीतिक नेतृत्वले नीति र प्राथमिकता अघि सार्छ, कर्मचारी प्रशासनले त्यसलाई कार्यान्वयन गर्छ ।

सीमित स्रोतसाधन, विरासतमा प्राप्त भएको बिग्रँदो आर्थिक अवस्था र अचानक आइपरेको प्राकृतिक विपद्का बाबजुद सरकारले नीति तथा कार्यक्रम र बजेटको कार्यान्वयनलाई शीघ्र, प्रभावकारी, नतिजामुखी र नागरिकमैत्री बनाउँदै कार्यान्वयन गरिरहेको छ ।

**प्रिय दिदीबहिनी तथा दाजुभाइहरू,**

हामीलाई राम्ररी थाहा छ–यो सरकारप्रति तपाईंहरूको अपेक्षा उच्च छ । तपाईंको अपेक्षालाई पूरा गर्नु सरकारको दायित्व हो । तर यहाँनेर हाम्रो काम र अपेक्षाबीच सन्तुलन चाहिएको छ । हाम्रो सङ्कल्प असीमित भए पनि हामीसँग भएको स्रोतसाधन सीमित छ ।

नागरिकको अपेक्षा मात्रै बढाए पुग्ने तर कामको जिम्मेवारी लिनु नपर्ने पक्षले समाजमा असन्तुष्टिको माहौल खडा गर्न खोजेको छ । मिलेर सामना गर्नुपर्ने राष्ट्रिय सङ्कटबाट पनि राजनीतिक लाभ खोजिरहेको छ । तपाईंहरूले यस कुरामा विचार पुर्‍याउनुपर्ने र हामीले आफ्नो कामको रफ्तार बढाउनुपर्ने छ ।

सय दिन सकियो, अर्को सय दिन र बाँकी अवधिमा गर्ने कामका योजनाहरू आजबाट सुरु हुन्छन् । बितेका एक सय दिनमा हामीले विपत्तिका बीच पनि गरेका केही नवीन थालनी स्थिरता, सुशासन र विकासको लक्ष्यतर्फका पाइला हुन् ।

**प्रिय दिदीबहिनी तथा दाजुभाइहरू,**

आउनूस्, हाम्रो साझा लक्ष्य समृद्ध नेपाल सुखी नेपालीतर्फ हाम्रो पाइला अघि बढाऔँ ।

*धन्यवाद ।*

*७ कात्तिक २०८१*

# राष्ट्रिय पुरुष क्रिकेटका लागि अर्जुनको कप्तानीमा गण्डकीको टोली घोषणा




कास्की । नेपाल क्रिकेट सङ्घको आयोजनामा कोशी प्रदेशको विराटनगरमा हुने वाई-वाई पुरुष यू-१९ राष्ट्रिय क्रिकेट प्रतियोगिताका लागि गण्डकी प्रदेशको टोली घोषणा गरिएको छ।

गण्डकी प्रादेशिक क्रिकेट सङ्घले गण्डकीका स्टार खेलाडी अर्जुन कुमालको कप्तानीमा मङ्गलबार १४ सदस्यीय टोलीको घोषणा गरिएको हो । कुमाल अण्डर १९ राष्ट्रिय टोलीका सदस्यसमेत हुनुहुन्छ ।

वाई वाई अण्डर १९ राष्ट्रिय क्रिकेट यही कात्तिक १० गतेदेखि सुरु हुँदैछ ।प्रादेशिक टोलीको छनोटका लागि सङ्घले गत असोज ७ गते देखि १३ गतेसम्म पोखरा क्रिकेट रङ्गशालामा प्रदेशस्तरीय छनोट प्रतियोगिता सञ्चालन गरेको थियो । तर सो प्रतियोगिता प्रतिकूल मौसमका कारण पूरा सञ्चालन हुन सकेको थिएन ।

प्रतियोगितामा सहभागी खेलाडीहरुको प्रदर्शन र सहभागी प्रशिक्षकहरुको रायका आधारमा पहिलो चरणमा ३७ खेलाडीहरुलाई बन्द प्रशिक्षणका लागि छनोट गरिएको प्रादेशिक क्रिकेट सङ्घका अध्यक्ष सञ्जयकान्त सिग्देलले बताउनुभयो ।

असोज अन्तिम साता सञ्चालन भएको बन्द प्रशिक्षणपछि अन्तिम टोलीका खेलाडी चयन गरिएको हो ।टोलीमा करन पगेनी, सोहेल कुँवर, बंश क्षेत्री, सुदीप अर्याल, नरेश शाह, अश्विन थापा, किरण भट्टराई, अपरिचित पौडेल, सुजन गौतम, विज्ञान पाण्डे, सुप्रिम सुनार, सिव्रिन श्रेष्ठ र रोहित चन्द रहनुभएको छ ।

वैकिल्पक खेलाडीमा सरोज खत्री, नितेश गिरी, सोनु यादव र अनिष ताम्राकार हुनुहुन्छ । टोलीको प्रशिक्षकमा रिजन प्रजु र व्यवस्थापकमा अविशेषक ढकाल रहनुभएको छ । गण्डकीको टोली सन्तुलित रहेकाले उपाधिको दावेदार रहेको अध्यक्ष सिग्देलले बताउनुभयो । उहाँले भन्नुभयो, "गण्डकीको टिममा नयाँ र अनुभवी दुवै खेलाडी छन् ।

टोली सन्तुलित छ । उपाधिको आस गरेका छौं ।" गण्डकीले प्रतियोगिताको आफ्नो पहिलो खेल कात्तिक ११ गते मधेस प्रदेशसँग खेल्नेछ ।रासस

# हमासका शीर्ष नेताहरू मारिए तर गाजामा किन हुन सकेन युद्धविराम

बीबीसी

काठमाण्डु । इजरेलका प्रधानमन्त्री बेन्जमिन नेतन्याहूले गाजामा युद्ध अझै "समाप्त नभएको" भनेर गरेका टिप्पणीले हमासका नेता याह्या सिन्वारको मृत्युपछि त्यहाँ एक वर्षभन्दा बढी समयदेखि जारी युद्ध तत्काल समाप्त हुन्छ भन्ने अपेक्षा गर्नेहरूको आशामा तुषारापात भएको छ।अमेरिकी राष्ट्रपति जो बाइडनलगायतका पश्चिमा नेताहरूले सिन्वार मारिएपछि अब गाजा युद्धले नयाँ मोड लिनुपर्ने धारणा व्यक्त गरेका थिए। तर विभिन्न पर्यवेक्षकहरूका अनुसार लडाइँमा संलग्न दुवै पक्ष अनिच्छुक रहेकाले त्यहाँ कुनै प्रकारको शान्ति सम्झौता हुने सम्भावना निकै नै क्षीण छ। इजरेलले सिन्वारको मृत्यु भएको पुष्टि गरेको केही घण्टापछि बोल्दै नेतन्याहूले त्यसलाई "उल्लेख्य कोसेढुङ्गा"को सङ्ज्ञा दिँदै लडाइँलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरेका थिए। हालैका साताहरूमा त्यहाँको द्वन्द्व झन् चर्केर गएको देखिन्छ। गाजामा हमाससँगको लडाइँ फैलिएर इजरेल अधीनस्थ वेस्टब्याङ्क, दक्षिणी लेबननमा इजरेली अतिक्रमणका साथै उक्त देशको ठूलो भूभागमा व्यापक बम हमलाहरूको चरणमा पुगेको छ। यसैबीच लेबननी उग्रवादी समूह हिज्बुल्लाहले इजरेलविरुद्धको लडाइँलाई निरन्तरता दिने बताएको छ। उक्त समूहको समर्थक इरानले "प्रतिरोधको भावना" गाजामा उस्का प्यालेस्टिनी साझेदारमध्येका एक सिन्वार मारिएको घटनाले झन् सबल बन्न पुगेको घोषणा गरेको छ।

**'अक्टोबर ७ मा भएको आक्रमणका योजनाकार'**

सिन्वार इजरेलले सर्वाधिक खोजी गरिरहेका मानिसको सूचीमा शीर्ष स्थानमा थिए। सिन्वारलाई गत वर्ष अक्टोबर ७ मा हमासले दक्षिण इजरेलमा गरेको हमलाका पछाडिका एक महत्त्वपूर्ण व्यक्ति मानिन्थ्यो। त्यस घटनामा १,२०० जनाको ज्यान जानुका साथै २५१ जनालाई बन्धक बनाइएको थियो।

लन्डन स्कूल अफ इकोनोमिक्स एन्ड पोलिटिकल साइन्स (एलएसई) मा अन्तर्राष्ट्रिय सम्बन्धका प्राध्यापक फवाज गेर्गेसले बीबीसीसँग कुरा गर्दै दुई पक्षबीचको आपसी अविश्वास र परस्परविरोधी उद्देश्यहरूका कारण युद्धविरामका लागि निकै थोरै आशा देखिएको छ। उनका अनुसार इजरेली प्रधानमन्त्री उनको समग्र उद्देश्यमा एकदमै स्पष्ट छन्। " याह्या सिन्वार मारिएको घटनाको खुसी मनाएपछि नेतन्याहूले लडाइँ जारी रहने कुरामा जोड दिएका थिए किनकि उनले भने जस्तो त्यहाँ पूर्ण विजय हासिल भइसकेको छैन। उनले भनेको जस्तो विजय हासिल हुन सबै बन्धकहरूको घरफिर्ती र हमासको पूर्ण पराजय हुनुपर्ने छ।"

**'गाजामा युद्ध समाप्त भएको छैन'**

सामाजिक सञ्जाल 'एक्स'मा एउटा भिडिओ प्रस्तुत गर्दै नेतन्याहूले भने, "याह्या सिन्वार मारिएका छन्। तर यो गाजामा युद्धको अन्त्य नभए पनि अन्त्यको आरम्भ चाहिँ हो। "प्राध्यापक गेर्गेस भन्छन्, "खासमा नेतन्याहूले भनेको के हो भने हमासले सैन्य प्रतिरोध गर्न बन्द गरेपछि मात्र युद्धको अन्त्य हुने छ। यसबाट उक्त प्यालेस्टिनी समूहसँग लडाइँ गर्नुबाहेक अन्य विकल्प छैन।"

**गाजामा युद्धविराम वार्ता**

प्राध्यापक गेर्गेस इजरेली प्रधानमन्त्रीको मुख्य उद्देश्य मध्यपूर्वमा भूराजनीतिक परिदृश्यको पुनर्लेखन हो भन्ठान्छन्। उनका अनुसार यही कारणले गर्दा नै सिन्वार मारिएपछि पनि गाजामा युद्धविरामसम्बन्धी चर्चाले नेतन्याहूको विस्तारित उद्देश्यहरू समेटेका थिएनन्।उनका अनुसार त्यस्तो उद्देश्य हमासलाई पराजित गर्ने कार्यभन्दा पनि टाढा पुग्छ। त्यसमा वेस्टब्याङ्क, हिज्बुल्लाह र अन्ततः इरानलगायतका उक्त उग्रवादी समूहका समर्थक र साझेदारहरूलाई निसाना बनाउने कार्य पर्छ।

याह्या सिन्वारलाई बन्धक मुक्त गराउने सम्झौताका वार्तामा मुख्य अवरोधका रूपमा हेर्ने गरिन्थ्यो।तर सेन्टर फर इन्टरन्याश्नल पोलिसी (सीआईपी) का कार्यकारी उपाध्यक्ष म्याथ्यू डस यदि सिन्वार वास्तवमै युद्धविरामका बाधक थिए भने अब त्यस्तो अवरोध हटिसकेको औंल्याउँछन्। डसले इन्टरनेटको सामाजिक सञ्जाल 'एक्स'मा लेखेको सन्देशका अनुसार यसले संयुक्त राज्य अमेरिका र उसले समर्थन गर्ने साझेदारहरूलाई हालको द्वन्द्वले विस्तारित क्षेत्रीय सङ्कटको स्वरूप लिनबाट रोक्न एउटा अवसर प्राप्त भएको छ ।

# भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैंक लि शाखा कार्यालय गोलबजारको २१ दिने सूचना

यस बैंकको तपसिलका कार्यालयहरुबाट तपसिल बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि बिभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले वारम्वार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज तथा बैंकले पाउनुपर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मितिभित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरिने व्यहोरा समेत जानकारी गराउदछौं। साथै तपसिल बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुलाई बैंकबाट कर्जा लिन मन्जुरीनामा दिने व्यक्तिहरुलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन जानकारी गराइएको छ।

**सम्बन्धित कार्यालयको नाम : गोलबजार, सिरहा**

| क्र.स. | मि.नं. | ग्राहक नं. | कर्जा ग्राहको नाम | ठेगाना | बाजे/ ससुराको नाम | पिता/ पतिको नाम | कर्जाको उदेश्य | भाखा नाघेको सावा रकम रु | २०८१ असोज मसान्त सम्मको ब्याज | तिर्नुपर्ने जम्मा रकम रु | मन्जुरिनामा दिने व्यक्ति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ३८७ | ३०२९३२८ | अहमद कृषि फर्म | देवीपुर १, सिरहा | मैनुदि खाँ | नियाज अहमद | पशुपंक्षि पालन कर्जा | ५०००० | ११६,४४९।३९ | १६६,४४९।३९ | |
| २ | ३३५ | ८४६८५९ | अमर प्रसाद यादव | चन्द्रअयोध्यापुर ९, सिरहा | दायाराम यादव | बुनि लाल यादव | सरल कृषि कर्जा | ०।०० | ११०६८९।१६ | ११०,६८९।१६ | |
| ३ | ७३२ | ८४७२६३ | अमिरका देवी राय | महनौर ३, सिरहा | श्यामफल राय | पलट राय | घरायसी कर्जा | ०।०० | ६८४४४।७२ | ६८,४४४।७२ | |
| ४ | ११८० | १२९६५४१ | अमृत विश्वकर्मा | गोलबजार ६, सिरहा | अनुज बरैली | सुकदेव विश्वकर्मा | घरायसी कर्जा | ०।०० | ८१४०६।०८ | ८१,४०६।०८ | |
| ५ | १५३४ | ८४६९१० | आशा देवी यादव | नरहा ३, सिरहा | किशोरी यादव | उतिमलाल यादव | सरल कृषि कर्जा | १०००००० | १०७७७९।२७ | १,१०७,७७९।२७ | |
| ६ | १२४८ | १५७७७१४ | असलानी देवी महतो | धनगढीमाई ८, सिरहा | रघुनन्दन महतो | रिझन महतो | सरल कृषि कर्जा | ०।०० | १२६६५।६ | १२,६६५।६० | |
| ७ | १७५५ | ३०५९६२२ | बेचना यादव | गोलबजार ६, सिरहा | महाविर यादव | सबुरी यादव | सरल कृषि कर्जा | १६००००० | १११४८३।१७ | १,७११,४८३।१७ | |
| ८ | ७१६ | ८४७२४० | विजय माछा पशुपालन केन्द्र | नरहा १, सिरहा | राम खेलावन मण्डल | कौशल मण्डल | सहुलियतपुर्ण कर्जा | ०।०० | १६५७९५।९१ | १६५,७९५।९१ | |
| ९ | १६०१ | ५१३४९४७ | बिकास ज्वेलर्स | गोलबजार ६, सिरहा | गेसरी साहु | राम अशिस साह सोनार | व्यापार कर्जा | ४०००००० | ५५९५२८।१ | ४,५५९,५२८।१० | |
| १० | ३१८ | ८४६९४७ | विन्देश्वर ठाकुर | चन्द्रअयोध्यापुर ७, सिरहा | हरि ठाकूर | देब नारायण ठाकूर | व्यापार कर्जा | १७०००० | १६२७८।५८ | १८६,२७८।५८ | |
| ११ | ५६१ | ८४७०५८ | बिशेश्वर मण्डल | चन्द्रलालपुर ९, सिरहा | फेकु मण्डल | प्रभु मण्डल | सरल कृषि कर्जा | ०।०० | ४७७४।९८ | ४,७७४।९८ | |
| १२ | ३६८ | ८४६८३४ | चन्दा देवी दनुवार | चन्द्रअयोध्यापुर ६, सिरहा | बिलट सिंह | तिलक सिंह | व्यापार कर्जा | ८८०००० | ११८०४१।८५ | ९९८,०४१।८५ | |
| १३ | १७०१ | ३०४२०७५ | धनिराम राय | गोलबजार १२, सिरहा | मेही राय | जामुन राय | सरल कृषि कर्जा | ३१२४९।९८ | ४७५५१।४९ | ७८,८०१।४७ | |
| १४ | १४९३ | १९४२७०० | दिनेश कुमार सिंह | गोलबजार ९ सिरहा | बिलट महतो | अमृत महतो | कर्मचारी सेवा कर्जा | १०००००० | ३७६३०।५१ | १,०३७,६३०।५१ | |
| १५ | १६५४ | ३०३३९९८ | दिपक सुर्ति खरिद बिक्री | गोलबजार ७, सिरहा | शिवलाल श्रेष्ठ | बुद्धि बहादुर श्रेष्ठ | व्यापार कर्जा | ०।०० | १३७०७१।६३ | १३७,०७१।६३ | |
| १६ | १७४४ | ३०५८९७३ | फुलबन्ती कामती | नरहा गा.पा.१, सिरहा | मुगेलाल कामती केवट | राम सुनैर कामैत | सरल कृषि कर्जा | ८००००० | ८३८७२।४९ | ८८३,८७२।४९ | |
| १७ | १२४५ | १५६७८३१ | हिमालयण फर्म हाउस | गोलबजार ९ सिरहा | मनरुप महतो | महेन्द्र महतो | सहुलियतपुर्ण कर्जा | ०।०० | १४६४०८।२३ | १४६,४०८।२३ | |
| १८ | ९७० | १११९४२० | जहरी बति यादव | धनगढीमाई ७, सिरहा | मानबिर यादव | अबधि यादव | सरल कृषि कर्जा | ०।०० | ६४९२४।०५ | ६४,९२४।०५ | |
| १९ | ४५९ | ८४६८२८ | जानकी देवी | मुक्सार ३, सिरहा | रासलाल चमार | बद्रि नारायण राम | घरायसी कर्जा | १२५००० | १६५६८।८९ | १४१,५६८।८९ | |
| २० | २६२ | ८४६८५१ | जय कृष्ण कन्स्ट्रक्सन कम्पनी | नरहा १, सिरहा | ब्रज किशोर मण्डल | राम खेलावन मण्डल | व्यापार कर्जा | ३०००००० | ५१७४८२।९१ | ३,५१७,४८२।९१ | |
| २१ | १३३७ | १७४२७४६ | जय मा लक्ष्मि ट्रेडर्स प्रो. निलम पंजियार साह | गोलबजार ३, सिरहा | ज्ञान कुमार साह | भोला पंजियार | व्यापार कर्जा | ०।०० | ३०३९७६।९५ | ३०३,९७६।९५ | |
| २२ | १६९४ | ३०१३०८८ | जय शम्भु ईटा उद्योग प्रो. शक्ति कुमार यादव | सुखिपुर ७, सिरहा | जय नाथ यादव | मटुक यादव | उद्योग कर्जा | ९२७७३।२७ | १०८७३७।२७ | २०१,५१०।५४ | |
| २३ | ४८५ | ८४६९११ | जिबछी यादव | देवीपुर ७ तिलासी, सिरहा | गौरी शंकर यादव | फुलगेन यादव | सरल कृषि कर्जा | ०।०० | ७०१३५।५९ | ७०,१३५।५९ | |
| २४ | १६६३ | ३०३६९३९ | कबिता यादव | गोलबजार ९,सिरहा | जय नाथ यादव | किशुन यादव | पशुपंक्षि पालन कर्जा | १९७५३।०८ | २१४०२०।५५ | २३३,७७३।६३ | |
| २५ | १७३७ | ३०५८६८० | कमलेश ठाकुर | नरहा २, सिरहा | रघुबंस ठाकुर | मोति ठाकुर | सरल कृषि कर्जा | ०।०० | १२९२६०।३१ | १२९,२६०।३१ | |
| २६ | ७११ | ८४७२४३ | किसुन यादव | नरहा २, सिरहा | राम सुफल यादव | गुजन यादव | सरल कृषि कर्जा | ०।०० | ८७७६।२६ | ८,७७६।२६ | |
| २७ | १५७१ | १९८९७३८ | कृष कृषि तथा पशुपालन फर्म | नरहा २, सिरहा | अनुप ठाकुर | राम कुमार ठाकुर | सहुलियतपुर्ण कर्जा | ३५०७५।१५ | २१५५७२।३२ | २५०,६४७।४७ | |
| २८ | १४३८ | १८५६३९४ | लटु मुखिया | अर्नमा १, सिरहा | मिठु मुखिया | महेन्द्र मुखिया | सरल कृषि कर्जा | ८१९३६७।६२ | १०३१२९।९६ | ९२२,४९७।५८ | |
| २९ | ५६९ | ८४७०७३ | लक्ष्मेश्वर मण्डल | गोलबजार १२, बेतौना | सिंहेश्वर मण्डल | गणपैत मण्डल | सरल कृषि कर्जा | ३००००० | १३९१०।५९ | ३१३,९१०।५९ | |
| ३० | १६८४ | ३०१८९४३ | मा भगवती एकिकृत कृषि तथा पशु फर्म | देवीपुर १, सिरहा | शोभा कान्त झा | सत्यदेव झा | पशुपंक्षि पालन कर्जा | ३५३१६।८४ | २३९५६६।७८ | २७४,८८३।६२ | |
| ३१ | १२९१ | १७०५१७० | माँ धमिनि हेयर सैलुन | गोलबजार ४, सिरहा | अमृत ठाकुर | सत्यनारायण ठाकुर | व्यापार कर्जा | ०।०० | ८६१९२।५१ | ८६,१९२।५१ | |
| ३२ | १५२० | १९३२५७४ | महालक्ष्मि डेरी उद्योग | धनगढीमाई ७, सिरहा | मखन महतो | पंचि महतो | सहुलियतपुर्ण कर्जा | ०।०० | ७६२६१।४९ | ७६,२६१।४९ | |
| ३३ | ४५२ | ८४६७४२ | महेन्द्र एग्रोभेट | गोलबजार ४, सिरहा | मौधकी यादव | राम चन्द्र यादव | व्यापार कर्जा | ०।०० | १७९८४८।७७ | १७९,८४८।७७ | |
| ३४ | ६९५ | ८४७२२३ | महेन्द्र यादव | अयोध्यानगर ३, सिरहा | गनौर यादब | राम नारायण यादब | घरायसी कर्जा | ०।०० | १३८७६९।४१ | १३८,७६९।४१ | |
| ३५ | ४८२ | ८४६८८० | मकिना खातुन | दुर्गापुर ५, सिरहा | अब्दुल मह्मद | सदिन मिया | व्यापार कर्जा | ०।०० | १५४०९७।८४ | १५४,०९७।८४ | |
| ३६ | ११९६ | १३५७५७७ | मलभोगिया देवी यादव | अयोध्यानगर ९, सिरहा | नेबि यादव | राम बिलास यादव | सरल कृषि कर्जा | ०।०० | १०९८८१।२५ | १०९,८८१।२५ | |
| ३७ | ६१६ | ८४७१२६ | मानकी देवी मंडल | देवीपुर १, सिरहा | भगलु मण्डल | राजदेव मण्डल | घरायसी कर्जा | ०।०० | ४७१५१।६२ | ४७,१५१।६२ | |
| ३८ | ८९३ | ८४७३२८ | माया देवी धोवी | अयोध्यानगर ९, सिरहा | राम पृत साफि | राम भगत साफि | सरल कृषि कर्जा | ०।०० | ८९८६०।२३ | ८९,८६०।२३ | |
| ३९ | १५३२ | १९८२४९० | माया कृषि तथा पशुपंक्षि फर्म | गोलबजार १, सिरहा | संजिब लामा | रतन कुमार लामा | सहुलियतपुर्ण कर्जा | ०।०० | ६२२३४।७२ | ६२,२३४।७२ | |
| ४० | ११९२ | १३४०९९९ | मेनुका कुमारी कार्की | गोलबजार २, सिरहा | ब्रमहदेव महतो | राम सेवक महतो | पशुपंक्षि पालन कर्जा | १२६६४।४८ | २१४९९२।७५ | २२७,६५७।२३ | |
| ४१ | १३२१ | १७२९९५१ | निरा कुमारी यादव | धनगढीमाई ८, सिरहा | सुमर यादव | बिल्टु यादव | सरल कृषि कर्जा | ०।०० | १११०७६।११ | १११,०७६।११ | |
| ४२ | ७०५ | ८४७२३२ | पबित्रि देवी महतो | अयोध्यानगर ६, सिरहा | झुलन महतो | देव नारायण महतो | सरल कृषि कर्जा | ९९०००० | १०९७६४।८९ | १,०९९,७६४।८९ | |
| ४३ | ५६७ | ८४७०७२ | प्रमेश्वरी हजामनी | अयोध्यानगर २, सिरहा | देवलाल ठाकुर | भोला ठाकुर | घरायसी कर्जा | ०।०० | १३६४६५।५१ | १३६,४६५।५१ | |
| ४४ | ५२३ | ८४७००१ | फुल कुमारी देवी सिंह | अर्नमा १, सिरहा | सुभक नारायण सिंह | राम बिलास सिंह | घरायसी कर्जा | ३००००० | २८५१५।८२ | ३२८,५१५।८२ | |
| ४५ | १०७९ | १२०९५४२ | फुलेश्वर पशुपालन | गोलबजार ५, सिरहा | नेबि महतो | जनक महतो | सरल कृषि कर्जा | ५००००० | ६६३०३।२७ | ५६६,३०३।२७ | |
| ४६ | १६२८ | ३०२९६९६ | प्रकाश कृषि फर्म | गोलबजार २, सिरहा | लक्ष्मि राय | सगमलाल राय | पशुपंक्षि पालन कर्जा | ९००००० | १२७१०४।८९ | १,०२७,१०४।८९ | |
| ४७ | ११७५ | १२८७३८८ | प्रमिला देवी राय | गोलबजार २, सिरहा | चलितर अमात | भरत राय अमात | सरल कृषि कर्जा | ०।०० | ५०२५८।०२ | ५०,२५८।०२ | |
| ४८ | ५४२ | ८४७०३७ | प्रत्युश ड्रग सेन्टर | असनपुर ६, सिरहा | असर्फि यादव | कैलाश यादव | व्यापार कर्जा | ०।०० | २४८६३७।८७ | २४८,६३७।८७ | |
| ४९ | १६०६ | १९९४३०० | पुजा पशुपंक्षि तथा कृषि फर्म | मिर्चैया १०, सिरहा | कुमार यादव | सुरेन्द्र यादव | पशुपंक्षि पालन कर्जा | ८७५००० | ११४४१२।९ | ९८९,४१२।९० | |
| ५० | १५९० | ३०१७०६६ | रबिन्द्र कुमार महतो | गोलबजार १, सिरहा | बुदि महतो | सहदेव महतो | सरल कृषि कर्जा | ०।०० | ९३२४५।९१ | ९३,२४५।९१ | |
| ५१ | ३१३ | ११२७७७९ | राज लाल महतो | चन्द्रअयोध्यापुर ३, सिरहा | तिलक महतो | लखन महतो | सरल कृषि कर्जा | ०।०० | १७२१७।०२ | १७,२१७।०२ | |
| ५२ | १५६९ | १३०९४१७ | राजेन्द्र कुमार पुलामी | गोलबजार २, सिरहा | कार बहादुर मगर | टेक बहादुर सिंह | सरल कृषि कर्जा | १५००००० | १६४९१६।७९ | १,६६४,९१६।७९ | |
| ५३ | १४१४ | १८३८१५० | राकेश कृषि फर्म | नरहा ५, सिरहा | बहरु इादव | कृष्णानन्द यादव | सहुलियतपुर्ण कर्जा | ०।०० | ४१७६२६।४३ | ४१७,६२६।४३ | |
| ५४ | १५७९ | ५००१६३४ | राम भरोसी महता | गोलबजार ७, सिरहा | केश्वर महतो | राम सुभाग महतो | घरायसी कर्जा | ०।०० | १२२०९८।१ | १२२,०९८।१० | |
| ५५ | ४८१ | १२५७४३१ | आदर्श कन्स्ट्रक्सन | गोलबजार ४, सिरहा | अनुप साह | रासलाल साह | जमानत दाबी/हायर चेंज कर्जा | ११,४५५,४०८।५५ | २,८४६,१२९।९७ | १४,३०१,५३८।५२ | |
| ५६ | १६७ | ८४७२०८ | राम विलास महतो | अयोध्यानगर ९, सिरहा | ईनरदेव महतो | गुलाई महतो | सरल कृषि कर्जा | २००००० | १२४५०।०७ | २१२,४५०।०७ | |
| ५७ | ११५८ | १२४३३६३ | राम दियाल | नरहा २, सिरहा | संगम सिंह दनुवार | दरो सिंह दनुवार | घरायसी कर्जा | ०।०० | ३९९७५।०६ | ३९,९७५।०६ | |
| ५८ | १३७८ | १७८०६५२ | राम दुलारी कोईरीन | धनगढीमाई ९, सिरहा | गोपाल महतो | मोति महतो | सरल कृषि कर्जा | ०।०० | ११३९६४।१५ | ११३,९६४।१५ | |
| ५९ | १७०० | ३०३१४०३ | राम करण मोचि | गोलबजार १२, सिरहा | रगम मोचि | जुगेश्वर मोचि | सरल कृषि कर्जा | ०।०० | ९६८८९।१ | ९६,८८९।१० | |
| ६० | १६४९ | ३०३५१३४ | राम किशोर राय | गोलबजार १२, सिरहा | महाबिर राय | राम बिलास राय | पशुपंक्षि पालन कर्जा | ०।०० | ८४७०३।५७ | ८४,७०३।५७ | |
| ६१ | १६४१ | ३०३१४०१ | राम सागर मण्डल | गोलबजार १२, सिरहा | रितु मण्डल | भौसु मण्डल | पशुपंक्षि पालन कर्जा | १२६६६।६६ | १०६३४१।८९ | ११९,००८।५५ | |
| ६२ | १५१६ | ५३१२०० | राम सागर साह | मुक्सार १, सिरहा | राम लोचन साह | अमृता साहु तेलि | सरल कृषि कर्जा | १५००००० | १९११४०।२५ | १,६९१,१४०।२५ | |
| ६३ | १०९१ | १२११११०२ | राम ध्यानी यादव | गोलबजार ४, सिरहा | अजबी यादव | सहबिर यादव | घरायसी कर्जा | ०।०० | ६८५३६।४९ | ६८,५३६।४९ | |
| ६४ | १५७७ | ५००१८०२ | रतन कृषि फर्म | धनगढीमाई ८, सिरहा | सुनर यादव | बिल्टु यादव | पशुपंक्षि पालन कर्जा | ०।०० | १८५५२८।४ | १८५,५२८।४० | |
| ६५ | ६२९ | १२८५२५६ | रिषी पशु तथा कृषि फर्म | गोलबजार १०, सिरहा | अबधि मियाँ | शुभ नारायण महतो | पशुपंक्षि पालन कर्जा | १५३८८४५।२२ | १७७०२४।४१ | १,७१५,८६९।६३ | |
| ६६ | ११७९ | १३०५००६ | रुषतम हार्डवेयर एण्ड सप्लायर्स | नरहा ३, सिरहा | सुरजान मिया | मजिद मियाँ | व्यापार कर्जा | ०।०० | ३८५८०९।११ | ३८५,८०९।११ | |
| ६७ | १६४३ | ३०३३९७९ | एस पी होस्टल | नरहा ३, सिरहा | सिताई यादव | राम प्रकाश यादव | सेवा कर्जा | १०००६४।९८ | ६७३११३।८६ | ७७३,१७८।८४ | |

बाँकी पृष्ठ ७ मा

सन्दर्भ हिउँ चितुवा दिवसः

# जलवायु परिवर्तनले हिउँ चितुवाको बासस्थानमा चुनौती

काठमाण्डु । हिउँ चितुवाको संरक्षणका निम्ति जनचेतना अभिवृद्धि गर्ने उद्देश्यसहित आज ११औँ अन्तर्राष्ट्रिय हिउँ चितुवा दिवस मनाइँदै छ । विश्वका १२ देशमा मात्र पाइने हिउँ चितुवा स्वच्छ हिमाली पर्यावरणको सूचक मानिन्छ ।

यस वर्ष यो दिवसको नारा 'भविष्यका पुस्ताका लागि हिउँ चितुवाको बासस्थानको सुरक्षा' रहेको छ । यस विषयले हिउँ चितुवाको प्राकृतिक बासस्थानको सुरक्षा र हिमाली पारिस्थितिकीय प्रणालीको स्वास्थ्य सुनिश्चित गर्नलाई महत्व दिएको छ ।वन तथा वातावरण मन्त्रालयले यो दिवस आज विभिन्न कार्यक्रम गरी मनाउँदैछ । मन्त्रालयको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले वनमन्त्री ऐनबहादुर शाही ठकुरीको उपस्थितिमा दिवसका अवसरमा कञ्चनजङ्घा संरक्षण क्षेत्रको हिउँ चितुवा सर्वेक्षण नतिजा सार्वजनिक गर्दैछ ।

डोल्पा राष्ट्रिय निकुञ्जभन्दा पूर्व (वन क्षेत्र)को हिउँ चितुवा अध्ययन प्रतिवेदन लोकापर्ण र डोल्पा राष्ट्रिय निकुञ्जभित्र खिचिएको जङ्गली याकको फोटो फ्रेम अनावरण गरिने विभागका महानिर्देशक डा रामचन्द्र कँडेलले जानकारी दिनुभयो । विश्वमा हिउँ चितुवा नेपालका साथै अफगानिस्तान, भुटान, चीन, काजकिस्तान, किर्गिस्तान, भारत, मङ्गोलिया, रसिया, पाकिस्तान, ताजकिस्तान र उज्वेकिस्तानमा पाइन्छ ।

जलवायु परिवर्तनले उच्च हिमाली क्षेत्रमा बढी असर पुर्याएको र यसको प्रभावले हिउँ चितुवाको बासस्थानमा ह्रास आएको उहाँले बताउनुभयो । बासस्थानमा आएको ह्रासले यसको आहारा प्रजातिमा कमी आएको महानिर्देशक डा कँडेलले बताउनुभयो ।

"हिउँ चितुवाको बासस्थानमध्ये झण्डै ६० प्रतिशत क्षेत्र निकुञ्ज बाहिर रहेको र त्यस्तो बासस्थान खण्डिकरण हुँदै गएको छ", उहाँले भन्नुभयो, "यसबाहेक द्वन्द्वका कारण बद्लावको भावनाले केही व्यक्तिले पासो थाप्ने, आहारमा विष मिसाउने, भौगोलिक कठिनाइ, उचित प्रविधि,



जनशक्ति र बजेटको कमीका कारण प्रभावकारी अनुगमन गर्न नसक्नुलगायत चुनौती पनि छन् ।"

हिउँ चितुवा संरक्षणमा लागि तीनै तहका सरकारबीच सहयोग र समन्वयको आवश्यकता औँल्याउँदै महानिर्देशक डा कँडेलले विभागले स्थानीय समुदायमा चेतना फैलाउने, अनुगमन गर्ने तथा यसको अवस्था, स्थिति, चुनौती र समाधान उपायका बारेमा थाहा पाउन सर्वेक्षण गर्ने गरेको बताउनुभयो । "यसले गर्दा चोरी निकासीमा अलिकति भए पनि कमी आएको छ", उहाँले भन्नुभयो । विभागले हिउँ चितुवाबाट स्थानीयका भेडा, बाख्रा र च्याङ्ग्रा जोगाउन सुरक्षित खोर बनाउन सहयोग गर्दै आएको छ । हिउँ चितुवा सामान्यतया समुद्री सतहबाट पाँच सय ४० देखि पाँच हजार मिटर उचाइमा पाइन्छ । हिउँ चितुवालाई आइयुसिएनले रातो सूचीमा विश्वव्यापी जोखिमको रूपमा सूचीबद्ध गरेको छ ।

**हिउा चितुवाको संख्या तीन सयदेखि पााच सय रहेको अनुमान**

हिउँ चितुवा उच्च हिमाली क्षेत्रको स्वास्थ्य परिस्थितिकीय प्रणालीको महत्त्वपूर्ण हिस्सा हो । हिउँ चितुवा नेपालमा करिब तीन सयदेखि पाँच सय र विश्वमा करिब चार हजारदेखि छ हजार पाँच सयको संख्यामा रहेको अनुमान छ । बिरालो प्रजातिको हिउँ चितुवाले आफ्नो लामो पुच्छरले शरीरलाई सन्तुलन गर्छ ।

विभागका सिनियर इकोलोजिष्ट हरिभद्र आचार्यले उच्च हिमाली र कठिन भौगोलिकताका कारण हिउँ चितुवाको राष्ट्रियस्तरमा एकसाथ गणना गर्न सम्भव नभएकाले भूगोललाई विभिन्न क्षेत्रमा विभाजन गरी गणना गर्न सुरु गरिएको बताउनुभयो । पूर्वको कञ्चनजङ्घाबाट गणेश हिमालसम्म, मनास्लुबाट धवलागिरि हिमालसम्म र कालीगण्डकी नदीबाट अपीनपा संरक्षण क्षेत्रसम्मका भाग रहेका छन् ।

मन्त्रालयले यसअघि सार्वजनिक गरेको तथ्याङ्कअनुसार डोल्पा क्षेत्रमा ९० हिउँ चितुवाको संख्या रहेको छ । यसको गणना 'क्यामेरा ट्र्याप'बाट गर्ने गरिएको छ । "तराईमा स्वस्थ पारिस्थितिक प्रणालीको सूचक बाघ भएजस्तै उच्च हिमाली क्षेत्रको स्वस्थ पारिस्थितिक प्रणालीको सूचक हिउँ चितुवा हो", सिनियर इकोलोजिष्ट आचार्यले भन्नुभयो, "त्यसैले यसको ठूलो महत्व छ । यसलाई हिमालकी रानी पनि भनिन्छ । हिउँ चितुवा लजालु प्रकृतिको हुन्छ । त्यसैले यसलाई भेट्न गाह्रो पनि हुन्छ ।"

लोपोन्मुख प्रजातिको चोरी सिकार तथा बेचबिखनलाई सरोकारवाला सबै मिलेर प्रभावकारी ढङ्गबाट नियन्त्रण गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । मन्त्रालयले हिउँ चितुवाको संरक्षणलाई प्राथमिकतामा राखेर 'हिउँ चितुवा संरक्षण र कार्य योजना (२०२४-२०३०)' तयार गरी कार्यान्वयनमा ल्याइएको छ । कार्ययोजनाले संरक्षण प्रयासलाई मार्गदर्शन गर्न विभिन्न रणनीतिक लक्ष्य र उद्देश्य राखेको छ । योजनामा अनुसन्धान र अनुगमनमार्फत हिउँ चितुवाको पर्यावरणीय स्थिति, सिकार, बासस्थानबारे ज्ञान बढाउने उद्देश्य लिएको छ । कार्ययोजनामा हिउँ चितुवाको संरक्षणका लागि बासस्थान र करिडोर सुधार गर्ने, समुदायको संलग्नतामार्फत मानव-हिउँ चितुवा द्वन्द्व कम गर्ने, प्रभावकारी कानुन कार्यान्वयनमार्फत चोरी सिकारी नियन्त्रण गर्ने र सीमापार, क्षेत्रीय, अन्तर्राष्ट्रिय सहयोग र समर्थनलाई बलियो बनाउने लक्ष्य राखिएका छन् ।

छ वर्षसम्म यो कार्ययोजना कार्यान्वयन गर्न रु एक अर्ब ७७ करोड ९७ लाख खर्च गर्ने अनुमान गरिएको छ । योजनामा मानव-हिउँ चितुवा द्वन्द्वलाई कम गर्न समुदायको सहभागितामार्फत करिब ३५ प्रतिशत र वन्यजन्तु अपराध व्यवस्थापनका लागि करिब २६ प्रतिशत बजेट अनुमान गरेको छ । यद्यपि सबै रणनीतिमा, स्थानीय समुदाय र उनीहरूको नेतृत्वलाई साझेदारी, क्षमता निर्माण र संलग्न गर्न लगानी गरिने कार्ययोजनामा उल्लेख छ ।रासस

# जडीबुटी बिक्रीबाटै मनग्गे आम्दानी

धरान । संखुवासभाकी फुपु पोङ्सुवा शेर्पाले जडीबुटी व्यवसायलाई मुख्य पेसा बनाएको झण्डै दुई दशक भयो । हिमाल र पहाडमा सङ्कलन भएका जडीबुटी बिक्री गर्न उहाँ लामो समयसम्म टाढा-टाढासम्म पनि पुग्नुभयो ।

लामो समय तराईदेखि पहाडका विभिन्न स्थानमा डुल्दै जडीबुटी बिक्री गर्नुभएकी शेर्पाले अहिले भने इटहरी उपमहानगरपालिका-६ मा पसल नै सुरु गर्नुभएको छ । जडीबुटीबाट राम्रो आम्दानी हुन थालेपछि उहाँ यतिबेला स‍ंखुवासभा छाडेर धरान उपमहानगरपालिका-१५ मा बस्दै आउनुभएको छ ।"पहिले टाढाटाढासम्म पुग्दा पनि भने जस्तो आम्दानी हुँदैनथ्यो, तर अहिले यसको माग बढ्दो छ, इटहरीको पसलबाट पनि राम्रो बिक्री भइरहेको छ", उहाँले सुनाउनुभयो ।

सुरुआती समयमा उहाँ जडीबुटी बिक्री गर्न धनकुटा, बर्दिबास, लालबन्दी, सिन्धुली र रामेछाप हुँदै काठमाडौँ र पोखरासम्म पुग्नुहुन्थ्यो । "सुरुका दिनमा विभिन्न जिल्ला घुम्दा पनि भने जस्तो आम्दानी हुँदैनथ्यो, तर अहिले भने अधिकतम मासिक रु एक लाख ५० हजारसम्म आम्दानी हुन्छ", उहाँले भन्नुभयो, "जडीबुटी बिक्रीबाट भएको आम्दानीले परिवारको खर्च र सन्तान पढाउन पुगेको छ ।" उहाँले यसै आम्दानीबाट धरानको बगरकोटमा साढे दुई तलाको घर पनि बनाइसक्नुभएको छ ।

उहाँले संखुवासभा, सोलु भोटखोला, पश्चिमको रोल्पा, डोल्पा, खासादेखि सिक्किम, दार्जीलिङबाट समेत जडीबुटी ल्याउनुहुन्छ । कहिले आफै गएर



त कहिले अर्डर गरेकै भरमा इटहरीमा जडीबुटी आइपुग्ने उहाँले बताउनुभयो ।उहाँको पसलमा यार्सागुम्बा, चिरैतो, पदमचाल, हर्बो, पाषणभेद, सतुवा, जेठी मधु, चिप्लेकिरा, बिखुमा, पुदिना, रिठ्ठा, टिम्मुरलगायत तीन सयभन्दा बढी जडीबुटी बिक्रीका लागि राख्नुभएको छ । जडीबुटी बिक्रीको अनुमति लिइसकेपछि भने निक्कै सहज भएको उहाँको भनाइ छ । त्यसमाथि बर्सेनि नगरपालिकाले औषधि व्यापारसम्बन्धी तालिम समेत दिने गरेको छ । तालिमले गर्दा आफूलाई यसबारे थप ज्ञान हासिल भएको समेत उहाँले बताउनुभयो । शेर्पा जस्तै धरान-८ का आचुङ्मा भोटे इटहरी-६ को टेङ्गा खोला नजिकै खुला आकाशमुनी पारिलो घाममा जडीबुटी बिक्री गर्दै गर्दा भेटिनुभयो । उहाँ पनि जडीबुटी व्यवसायमा लागेको झण्डै दुई दशक हुन लाग्यो । पछिल्लो समय जडीबुटीबाट आम्दानी राम्रो भएको उहाँले सुनाउनुभयो ।

पुर्ख्यौली घर संखुवासभा भएका उहाँ जडीबुटी व्यापारकै लागि १५ वर्षअघि धरान झरेको सुनाउनुभयो । "सुरुआती दिनमा हिमालका जडीबुटी तराई झरेर बिक्री गरी उतै फर्किन्थ्यो, त्यो समयमा अस्पतालको सहज पहुँच नहुँदा बिरामी हुँदा धेरैका लाग जडीबुटीको विकल्प थिएन", उहाँले भन्नुभयो, "पछिल्लो समय फेरि यसको माग बढेको छ ।" पुर्खाले समेत यही व्यापार गरेकाले आफूले पनि यही पेसा अपनाएको उहाँको भनाइ छ ।

उहाँले जडीबुटी बिक्रीबाट मासिक रु ६० हजारभन्दा बढी आम्दानी हुने गरेको सुनाउनुभयो । "अहिले जडीबुटीप्रति धेरैको विश्वास बढ्दै गएको छ, काठमाडौँ, विराटनगर, मोरङ, झापालगायतका ठाउँहरुबाट समेत फोन गरेर जडीबुटी अर्डर गर्नुहुन्छ", उहाँले भन्नुभयो, "पहिले जडीबुटीले पनि रोग निको हुन्छ र ? भन्नेहरु पनि अहिले जडीबुटी किन्न थालेका छन् ।"

इटहरीको पूर्वको हटिया खोला किनारमा जडीबुटीको व्यापार गर्दै आउनुभएका धरानका दावा शेर्पा पनि १० वर्षदेखि यही पेसामा हुनुहुन्छ । उहाँले भन्नुभयो, "जडीबुटी बिक्रीबाटै परिवार राम्रोसँग चलेको छ, दैनिक रु पाँच हजारदेखि १० हजार व्यापार हुन्छ ।" उहाँले पनि नेपालका विभिन्न ठाउँ र भारतबाट समेत जडीबुटी आउने गरेको सुनाउनुभयो ।रासस

# यस्तो छ विदेशी मुद्राको विनिमय दर



काठमाण्डु । नेपाल राष्ट्र बैंकले बुधबारका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरको छ । राष्ट्र बैंकका अनुसार अमेरिकी डलर एकको खरिददर एक सय ३४ रुपैयाँ २३ पैसा र बिक्रीदर एक सय ३४ रुपैयाँ ८३ पैसा कायम भएको छ ।

युरोपियन युरो एकको खरिददर एक सय ४५ रुपैयाँ ३४ पैसा र बिक्रीदर एक सय ४५ रुपैयाँ ९९ पैसा, युके पाउण्ड स्टूलिङ एकको खरिददर एक सय ७४ रुपैयाँ २४ पैसा र बिक्रीदर एक सय ७५ रुपैयाँ ०२ पैसा, स्वीस फ्रयाङ्क एकको खरिददर एक सय ५५ रुपैयाँ ०८ पैसा र बिक्रीदर एक सय ५५ रुपैयाँ ७७ पैसा कायम गरिएको छ । अष्ट्रेलियन डलर एकको खरिददर ८९ रुपैयाँ ७६ पैसा र बिक्रीदर ९० रुपैयाँ १६ पैसा, क्यानेडियन डलर एकको खरिददर ९७ रुपैयाँ ०७ पैसा र बिक्रीदर ९७ रुपैयाँ ५० पैसा, सिङ्गापुर डलर एकको खरिददर एक सय दुई रुपैयाँ ०५ पैसा र बिक्रीदर एक सय दुई रुपैयाँ ५० पैसा निर्धारण गरिएको छ ।

जापानी येन १० को खरिददर आठ रुपैयाँ ९० पैसा र बिक्रीदर आठ रुपैयाँ ९४ पैसा, चिनियाँ युआन एकको खरिददर १८ रुपैयाँ ८५ पैसा र बिक्रीदर १८ रुपैयाँ ९३ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३५ रुपैयाँ ७४ पैसा र बिक्रीदर ३५ रुपैयाँ ९० पैसा, कतारी रियाल एकको खरिददर ३६ रुपैयाँ ८२ पैसा र बिक्रीदर ३६ रुपैयाँ ९८ पैसा कायम भएको छ ।

केन्द्रीय बैंकका अनुसार थाइ भाट एकको खरिददर चार रुपैयाँ ०१ पैसा र बिक्रीदर चार रुपैयाँ ०३ पैसा, युएई दिराम एकको खरिददर ३६ रुपैयाँ ५४ पैसा र बिक्रीदर ३६ रुपैयाँ ७१ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३१ रुपैयाँ ०१ पैसा र बिक्रीदर ३१ रुपैयाँ १५ पैसा, साउथ कोरियन वन एक सयको खरिददर नौ रुपैयाँ ७४ पैसा र बिक्रीदर नौ रुपैयाँ ७८ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १२ रुपैयाँ ७४ पैसा र बिक्रीदर १२ रुपैयाँ ८० पैसा र डेनिस क्रोनर एकको खरिददर १९ रुपैयाँ ४९ पैसा र बिक्रीदर १९ रुपैयाँ ५८ पैसा तोकिएको छ ।

राष्ट्र बैंकले हङ्कङ डलर एकको खरिददर १७ रुपैयाँ २७ पैसा र बिक्रीदर १७ रुपैयाँ ३५ पैसा, कुवेती दिनार एकको खरिददर चार सय ३७ रुपैयाँ ९७ पैसा र बिक्रीदर चार सय ३९ रुपैयाँ ९३ पैसा, बहराइन दिनार एकको खरिददर तीन सय ५६ रुपैयाँ ०२ र बिक्रीदर तीन सय ५७ रुपैयाँ ६२ पैसा तथा भारतीय रुपैयाँ एक सयको खरिददर एक सय ६० रुपैयाँ र बिक्रीदर एक सय ६० रुपैयाँ १५ पैसा तोकेको छ ।

राष्ट्र बैंकले यो विनिमय दरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने जनाएको छ । वाणिज्य बैंकले तोक्ने विनिमय दर भने फरक हुनसक्ने र अद्यावधिक विनिमय दर केन्द्रीय बैंकको वेबसाइटमा उपलब्ध हुने जनाइएको छ ।रासस

# रिचार्ज पोखरी बनाइएका 'काङ्साहोल ताल'मा डुङ्गा सयरसँगै माछापालन

खोटाङ । दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-११ खार्मीस्थित भञ्जेटारका स्थानीयले चन्दा सङ्कलन तथा श्रमदान गरी निर्माण गरेको कृत्रिम तालमा डुङ्गा सयरसँगै व्यावसायिक माछापालन गरिएको छ ।

कोरोना भाइरस (कोभिड-१९) को महामारी फैलिन नदिन गरिएको बन्दाबन्दीमा भञ्जेटारका २४ घरले चन्दा सङ्कलन तथा श्रमदान गरी साढे छ रोपनी जग्गामा निर्माण गरेको कृत्रिम तालमा डुङ्गा सयरसँगै व्यावसायिक माछापालन गरिएको हो ।रिचार्ज पोखरी बनाउने उद्देश्यले रु आठ लाख लगानीमा निर्माण गरिएको तालमा रमिता हेर्ने र घुमफिर गर्ने आन्तरिक तथा बाह्य पर्यटक आउन थालेपछि काठको डुङ्गा निर्माण गरेर व्यावसायिकरुपमा सञ्चालन गरिएको ताल निर्माण उपभोक्ता समितिका सचिव दीपककुमार तामाङले बताउनुभयो ।

"खार्मीको काङ्साहोप, बाँझोबारी, रमितेडाँडा, निङ्गालेडाँडा लगायतका ठाउँहरु आफैमा पर्यटकीय क्षेत्र हो । यसको पर्यटन प्रवर्द्धन गर्न सकेमा वडाको मात्र नभइ नगरपालिकाको समेत आम्दानीको स्रोत वृद्धि हुन्छ", उहाँले भन्नुभयो, "कृत्रिम तालमा जम्मा भएको पानीमा माछापालन व्यवसायसमेत उपयुक्त हुने भएकाले ग्रासकार्प प्रजातिका १९ किलो माछाका भुरा ल्याएर



हालेका छौँ ।" जमिन रिचार्ज गर्नुका साथै तल्लो क्षेत्रका स्थानीयको खेतबारीमा सिँचाइ गर्न मिल्नेगरी निर्माण गरिएको 'एल' आकारको ताल पछिल्लो समय आन्तरिक तथा बाह्य पर्यटकका लागि डुङ्गा सयर गर्ने स्थलकोरुपमा विकास हुँदै गएको छ । तालमा दुईवटा काठको गुङ्गा निर्माण गरेर सञ्चालन गरिएको छ भने, सयर गर्ने आन्तरिक तथा बाह्य पर्यटकबाट रु एक सय लिने गरिएको छ । आन्तरिक तथा बाह्य पर्यटकलाई गुङ्गा सयर गराउने तालिम प्राप्त व्यक्तिलाई रु ५० र समितिमारु ५० रकम जम्मा गर्ने गरिएको सञ्चालक समितिले जनाएको छ । गुङ्गा सयर गर्न आउने आन्तरिक तथा बाह्य पर्यटकबाट सङ्कलन भएको रकम ताल सरसफाइ तथा व्यवस्थापनमा खर्च गर्ने गरिएको छ ।

तालमा ढुङ्गा सयर गर्ने र हेर्नेको भीड लाग्न थालेपछि तालसम्म पुग्नका लागि कच्ची सडकसमेत निर्माण गरिएको सचिव तामाङले बताउनुभयो । "तामाङ भाषामा मट्याङ्ग्रा तथा मूर्ति बनाउने माटोलाई 'काङ्सा' र खाल्डोलाई 'होप' भन्ने गरिन्छ । मट्याङ्ग्रा तथा मूर्ति बनाउने माटो भएको ठाउँमा ताल निर्माण गरिएकाले तालको नाम 'काङ्साहोप ताल' राखेका छौँ", उहाँले भन्नुभयो, "कच्ची सडकसमेत निर्माण गरेर सञ्चालनमा आएपछि तालमा गुङ्गा सयर गर्न आउने आन्तरिक तथा बाह्य पर्यटकलाई सहज भएको छ ।"

नियमित पानी पलाउने ठोट्नेखोल्सा मुहान भएको सानो खाल्डोलाई स्काभेटरले फराकिलो बनाएर निर्माण गरिएको काङ्साहोप तालमा व्यावसायिकरुपमा पालिएका माछाको हेरचाह स्थानीयबासी आफैले गर्दै आएका छन् । टाढाबाट झट्ट हेर्दा पानको पातजस्तो आकृति देखिने काङ्साहोप तालमा हिउँद्को समयमा समेत पानी कम हुन नदिन नजिकैको खोदुखोलाको पानी पनि ल्याएर हाल्ने गरिएको जनाइएको छ । काङ्साहोप तालबाट दुई मिनेट पैदल यात्रा गर्दा पुगिने पश्चिम दिशामा रहेको रमितेडाँडा वा रमितेढुङ्गा घुमफिरका लागि चर्चित छ ।

समुन्द्री सतहदेखि करिब एक हजार सात सय मिटर उचाईमा रहेको काङ्साहोप तालबाट उच्च हिमशृंखला तथा टाढा-टाढाका मनोरम दृश्याहरुको सजिलै अवलोकन गर्न सकिन्छ । स्थानीयबासीकै सक्रियतामा बाँझोबारीबाट सिधै काङ्साहोप ताल पुग्ने छोटो दूरीको सडक निर्माण गरेपछि आवतजावतमा समेत सहज भएको छ ।

सङ्घ, प्रदेश र स्थानीय सरकारबाट आवश्यक बजेट प्राप्त भएको खण्डमा काङ्साहोप तालको क्षेत्रफल थप बढाउन सकिनेगरी विस्तृत परियोजना प्रतिवेदन (डिपिआर)समेत निर्माण गरिएको ताल निर्माण उपभोक्ता समितिका अध्यक्ष वीरबहादुर श्रेष्ठले जानकारी दिनुभयो । बाह्रै महिना पानी पलाउने खाल्डोलाई स्थानीय बासिन्दाले कृत्रिम तालको रुपमा विकास गरेपछि वडा कार्यालय खार्मीले तीन वर्षअघि उपलब्ध गराएको रु दुई लाख ५० हजार बजेटबाट ड्याम निर्माण गरिएको छ ।

चार वर्षअघि निर्माण गरिएको काङ्साहोप तालभन्दा तल्लो भेगमा यसअघि सुकिसकेका पानीको मुहानमासमेत पुनः मुल फुटेको स्थानीयबासीले बताएका छन् । रासस

| क्र.स. | मि.नं. | ग्राहक नं. | कर्जा ग्राहकको नाम | ठेगाना | बाजे/ ससुराको नाम | पिता/ पतिको नाम | कर्जाको उदेश्य | भाखा नाघेको सावा रकम रु | २०८१ असोज मसान्त सम्मको ब्याज | तिर्नुपर्ने जम्मा रकम रु | मन्जुरिनामा दिने ब्यक्ति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६८ | ११६ | ८४६९५९ | सबिता यादव | अयोध्यानगर ९, सिरहा | चमकलाल यादव | नागेश्वर यादव | घरायसी कर्जा | ०।०० | ३७८४०।१६ | ३७,८४०।१६ | |
| ६९ | १७२१ | ३०५०९७९ | सलमान पशुपालन फर्म | नरहा ३, सिरहा | बौका मिया | समिम मियाँ | पशुपंक्षि पालन कर्जा | ३३३५२।१८ | १७३८१४।५३ | २०७,१६६।७१ | |
| ७० | ११२९ | १२२४०२७ | सन्तोष कुमार यादव | गोलबजार १०, सिरहा | सर्बजित यादव | धनबिर यादव | घरायसी कर्जा | ०।०० | ५७१२४।७१ | ५७,१२४।७१ | |
| ७१ | १४९१ | १९४५७०४ | सपना खाजा घर | नरहा १, सिरहा | बासुदेव साह | विन्देश्वर साह | सेवा कर्जा | ४९२३८।४ | १३८६०६।०४ | १८७,८४४।४४ | |
| ७२ | ११२८ | १२२३२०४ | शिव बाबा चुरी जेनरल स्टोर | असनपुर ३, सिरहा | राज लाल सिंह | धिरोज कूमार सिंह | व्यापार कर्जा | ०।०० | २२७४७६।९१ | २२७,४७६।९१ | |
| ७३ | १५२५ | १९७०४७४ | शिव कुमारी देवी मुखिया | अर्नमा १, सिरहा | राम चन्द्र मुखिया | राम औतार मुखिया | सरल कृषि कर्जा | ५००००० | ५५४३०।९१ | ५५५,४३०।९१ | |
| ७४ | १५९५ | ३०४२५१८ | श्रीराम ईटा उद्योग | गोलबजार ४, सिरहा | बुनि यादव | लक्ष्मि यादव | उद्योग कर्जा | १३७९५२।५६ | ५७८९६०।१८ | ७१६,९१२।७४ | |
| ७५ | ६९३ | १५९२६८४ | संग्राम पशु तथा कृषि फर्म | गोलबजार १, सिरहा | दल बहादुर | खड्ग बहादुर | पशुपंक्षि पालन कर्जा | ०।०० | २७७५४९।०४ | २७७,५४९।०४ | |
| ७६ | १११६ | १२१७२९७ | श्रीवती दास तत्मा | गोलबजार २, सिरहा | बुधेश्वर दास | मुगलाल दास तत्मा | घरायसी कर्जा | ०।०० | ३३८३२।६२ | ३३,८३२।६२ | |
| ७७ | ११७८ | १२८७९१७ | सुरेन्द्र कृषि फर्म | नरहा ३, सिरहा | रामदेव यादव | चन्दर यादव | सहुलियतपुर्ण कर्जा | ०।०० | ७६२३५८।४१ | ७६२,३५८।४१ | |
| ७८ | १२०४ | १४९२३३२ | सुरेश कोल्ड सेन्टर | गोलबजार ९, सिरहा | अगमलाल साह | राम सोगारथ साह कलबार | व्यापार कर्जा | ७००००० | ५२४३०।६६ | ७५२,४३०।६६ | |
| ७९ | १४५ | ८४६८६८ | सुशिला कुमारी बडही | अयोध्यानगर १, सिरहा | सोनेलाल ठाकुर | मानबिर ठाकुर | सरल कृषि कर्जा | ७००००० | ७६७०१।२८ | ७७६,७०१।२८ | |
| ८० | ९५९ | ८४७३९४ | तेतरी बति तेलिन | असनपुर ९, सिरहा | राम धनि साहु | सुकन साहु | सरल कृषि कर्जा | ०।०० | २१५९४६।९१ | २१५,९४६।९१ | |

Agricultural Development Bank Ltd.
कृषि विकास बैंक लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था)
मधेश प्रदेश कार्यालय जनकपुर

# जनलोकपालका अध्यक्षद्वारा आत्मलोचना

**टुडे समाचारदाता**

जनकपुरधाम । जनलोकपाल आयोगले प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीलाई वार्षिक प्रतिवेदन बुझाउँदै अध्यक्ष रामसहाय यादवले आत्मलोचना गरेका छन् ।



जनकपुरधाममा बुधबार आयोगका अध्यक्ष रामसहाय यादवले सो प्रतिवेदन बुझाउँदै स्थापना भएदेखि नै कुनै पनि काम गर्न नसकेको प्रति आत्मलोचित भएका छन्।

स्थापना भएको तीन वर्ष बितिसक्दा पनि आयोगले कुनै काम गर्न सकेको छैन । तीन वर्षमा आयोगमा परेको ४२ वटा उजुरीमा पनि कुनैमा काम गर्न नसकेको उनले स्वीकारे । कर्मचारीको अभाव, नियमावली नहुनु, सुरक्षाकर्मी कर्मचारी नहुनु, डर धम्कीको वातावरण रहेको भन्दै कुनै पनि कामकारबाही गर्न नसकेको प्रदेश प्रमुख भण्डारीलाई उनले बताए।

कारबाहीको लागि चाहिने निर्देशिका कार्यविधिसमेत तीन वर्षसम्म मधेश प्रदेश सरकारले बेवास्ता गर्दा काम गर्न नसकेको अध्यक्ष यादवले स्पष्ट पारे ।

# सूचनालाई पारदर्शी बनाउन मधेश सरकारको द्वैध चरित्र

**टुडे समाचारदाता**

जनकपुरधाम । संचारमाध्यमले गर्ने गरेको टिकाटिप्पणी मधेश प्रदेश सरकारलाई मन परेको छैन । मधेश प्रदेश सरकारविरुद्ध जथाभावी लेख्ने गरेको भन्दै सूचनाको हक कार्यान्वयनमा समस्या भइरहेको एक मन्त्रीले जनाएका छन् ।



जनकपुरधाममा आयोजित एक कार्यक्रममा मुख्यमन्त्री सतीशकुमार सिंहले सूचनाको हकप्रति आफूहरु प्रतिवद्ध रहेको बताउँदै गर्दा गृह, सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखीले सूचनाको हक कार्यन्वयनमा कठिनाइ रहेको बताएका छन् ।

एकातर्फ सूचनाको हकप्रति प्रतिवद्धता व्यक्त गरिरहँदा उनकै अगाडि उनकै क्याविनेटका मन्त्रीले सूचनाको हकलाई संचारमाध्यमसंग जोडेर सूचना सार्वजनिक भएपछि मधेश प्रदेश सरकारको विरोधमा समाचार सम्प्रेषण भइरहेकाले सूचना दिन समस्या भइरहेको सार्वजनिक कार्यक्रममै घुमाउँरो पाराले आफ्ना धारणा राखे ।

मुख्यमन्त्री सिंहले सरकारका काम, प्रक्रिया र निर्णयका बारेमा सार्वजनिक गर्ने पद्धतिलाई संस्थागत भए सूचनाको हक आफै स्थापित हुने बताए । उनले लोकतान्त्रिक व्यवस्थामा नागरिक सर्वोच्चता महत्वपूर्ण र अपरिहार्य भएकाले सार्वजनिक निकायसँग सम्बद्ध कार्य वा विषयमा सूचनाको हक कार्यान्वयन गर्न सरकार प्रतिबद्ध रहेको बताए।

प्रदेशस्तरीय सूचनाको हकसम्बन्धी प्रशिक्षण शिविरको उद्घाटन गर्दै मुख्यमन्त्री सिंहले सार्वजनिक जरुरी वा चासोका विषयमा नागरिकलाई सहज ढंगले सूचना उपलब्ध गराउन सरकारको कानुनी र नैतिक कर्तव्य भएको उल्लेख गरे ।

> प्रदेशस्तरीय सूचनाको हकसम्बन्धी प्रशिक्षण शिविरको उदघाटन गर्दै मुख्यमन्त्री सिंहले सार्वजनिक जरुरी वा चासोका विषयमा नागरिकलाई सहज ढंगले सूचना उपलब्ध गराउन सरकारको कानुनी र नैतिक कर्तव्य भएको उल्लेख गरे ।

उनले पछिल्ला दिनमा सूचनाको हक प्रयोगप्रति नागरिक चेतना वृद्धि भएको औंल्याउँदै सूचनाको हकमार्फत माग गरिएका सूचना प्रवाहका बारेमा व्यवस्थित अभिलेखीकरण हुनुपर्ने बताए ।

मुख्यमन्त्री सिंहले पनि सूचनाको हकको वकालत गरे पनि सूचना दिन कठिन हुने खालका काम नगर्नका लागि जनप्रतिनिधि तथा कर्मचारीहरूलाई चेताए ।

उनले सूचनाको हकलाई व्यवस्थित, प्रभावकारी र परिणामुखी बनाउन विभिन्न मन्त्रालय तथा मातहतका निकायहरूमा बाँकी रहेका सूचना अधिकारी तोकी तत्काल तस्बिर र फोन नम्बर उल्लेख गरी सार्वजनिक सूचना टाँस गर्न आफूले निर्देशन दिएको बताए ।

उनले मधेश प्रदेशमा १ सय ३६ वटै पालिकालाई सूचना अधिकारी नियुक्त गर्न प्रदेश सरकारले तत्काल पत्राचार गर्ने बताए । उनले प्रदेशमा कर्मचारी अभाव र कार्यबोझका कारण सूचना अधिकारीले पनि समयमा आवश्यक सूचना उपलब्ध गराउन कठिन भइरहेको बाध्यता पनि सुनाए ।

मुख्यमन्त्री सिंहले सूचनाको हकलाई कार्यमूलक र उपलब्धिपरक बनाउन प्रदेशमा प्रमुख सचिव र जिल्लामा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा रहेको अनुगमन समिति विघटन गरी अर्को समिति बनाउनुपर्ने आग्रह गरे ।

तर सोही कार्यक्रममा गृह, सञ्चार तथा कानुन मन्त्री लेखीले भने मधेश प्रदेश सरकारमाथि सुरुदेखि नै हुँदै आएका टिकाटिप्पणी र आरोपका कारण सूचनाको हक कार्यान्वयनलाई समस्याको रुपमा लिएका छन्।


उनले राज्यको संरचना र परिवेश फेरिएकाले पनि प्रदेश सरकार आफ्नो भूमिकालाई समयानुकूल बनाउन खोजेको भन्दै सूचनाको हक कार्यान्वयनमा सबै पक्षको सक्रियता आवश्यक भएको बताए ।

उनले सञ्चार क्षेत्रमा रूपान्तरण ल्याउन प्रदेश सरकारले गर्नुपर्ने कामकाजका बारेमा सञ्चारसम्बद्ध संस्था र सञ्चारकर्मीको सल्लाह पनि दिए । उनले भने, 'सरकारलाई मात्र दोष दिएर हुँदैन, कामका लागि यथोचित सल्लाह दिएर सञ्चारजगतले पनि आफ्नो दायित्व निर्वाह गर्नुपर्छ ।'

मन्त्री लेखीले सञ्चार क्षेत्रको विकासका लागि गर्नुपर्ने कामकाजका बारेमा सुझाव संकलन गर्न मन्त्रालयले तीन सदस्यीय समिति गठन गरेको बताए ।

मधेश प्रदेश सरकारले अहिलेसम्म सूचनाको हकको बारेमा स्पष्ट जानकारी नहुँदा आमसर्वसाधारणलाई बेवास्ता गर्दै संचारकर्मीहरुसंग जोडेर देख्नु दुःखद रहेको सहभागी भएका संचारकर्मीहरु बताउँछन् ।

# व्यापारी कुट्ने नगरप्रहरीलाई कारबाहीको माग



**टुडे समाचारदाता**

जनकपुरधाम । कर तिर्न पुगेका एक व्यापारीलाई नगर प्रहरीले कुटपिट गरेको छ।

सडक छेउमा बिक्री गरेको भन्दै नगरप्रहरीले एक व्यापारीको सामग्री जथाभावी फ्यालेर जरिवानाको रसिद थमाएका थिए ।

जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर ९ स्थित ब्रह्मपुरी चोकस्थित पसल गर्दै आएका कौशलकिशोर साहलाई नगर प्रहरी इन्चार्ज नितेशकुमार रायले जनकपुरधाम उपमहानगरकै कार्यालय परिसरमा कुटपिट गरेको आरोप लगाएका छन् ।

पीडित व्यापारी साहले जरिवानाको रकम तिर्न कार्यालयमा जाँदा नगरप्रहरी इन्चार्ज रायले उनलाई कोठामा थुनेर कुटपिट गरी यातना दिएको आरोप लगाए ।

पीडित साहका अनुसार उनीमाथि उपमहानगरको नगरप्रहरीका ईन्चार्ज रायले उनी माथि विनाकारण कुटपिट गरेका छन् । पीडित व्यापारी साहले भने, 'मंगलबार पसलको सरसफाई गरिरहेको थिएँ ।

यता व्यापारीमाथि कुटपिट भएपछि जनकपुरधाम उद्योग वाणिज्य संघले कुटपिट गर्ने नगर प्रहरीलाई तत्काल कारबाही गर्न माग गरेका छन् ।

व्यापारी कुटपिटमा संलग्न नगरप्रहरीका इन्चार्ज रायलाई कारबाही नगरिए कानुनी उपचार खोज्ने चेतावनीसमेत जउवा संघका अध्यक्ष सुरेन्द्र भण्डारीले दिए । व्यापारी कुटिएको विषयमा जानकारी लिनका लागि जउवा संघका अध्यक्ष भण्डारीको अगुवाइमा महासचिव फुलदेव पण्डितलगायतका पदाधिकारीहरु उपमहानगरका प्रमुख प्रशासकीय अधिकृत राजकुमार केसीलाई भेटघाट गरेका थिए ।

अध्यक्ष भण्डारीले जनाए अनुसार प्रमुख प्रशासकीय अधिकृत केसीले नगर प्रहरी इन्चार्जलाई निलम्बन गर्ने आश्वासन दिएको दाबी गरे।

# पत्नीकै मिलेमतोमा पतिको हत्या आरोपमा पक्राउ

**टुडे समाचारादता**

बारा । बारामा पत्नीले नै मिलेमतोमा पतिको हत्या गरेको रहस्य खुलेको छ ।

पत्नीकै मिलेमतोमा पतिको हत्या भएको खुलेपछि हत्या आरोपमा प्रहरीले हत्याका मुख्य आरोपी रहेका एक भारतीय युवकलाई पक्राउ गरेको छ ।



भारतको रक्सौलको परेवा गाउँका २८ वर्षीय विजय गुप्तालाई दशगजा क्षेत्रबाट राति १ बजे पक्राउ गरी अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय बाराको हिरासतमा राखिएको बारा प्रहरीले प्रवक्ता प्रहरी नायब उपरीक्षक प्रकाश सापकोटाले जानकारी दिए ।

उनले भारतीय प्रहरीको समन्वयमा घटनाको ११ औं दिनमा गुप्ता पक्राउ परेका छन् । सो घटनापछि आरोपीलाई पक्राउ गर्न प्रहरी उपरीक्षक महेन्द्र खड्का भारतीय समकक्षीसित सहयोग माग्दै आरोपीलाई पक्राउ गरिएको छ । प्रहरी उपरीक्षक खड्काले आरोपीले हत्या गरेको स्वीकार गरिसकेका छन् । मृतककी पत्नी मनिषाको मिलेमतोमा हत्या भएको प्रारम्भिक अनुसन्धानबाट खुलेको उनले बताए ।

मनिषा गत कार्तिक २ गतेदेखि नै प्रहरी हिरासतमा रहेका छन् । उनीहरुलाई कर्तव्य गरी हत्या गरेको कसुर अन्तर्गत अनुसन्धान भइरहेको उनले बताए । गत असोज २७ गते वीरगञ्ज महानगरपालिका-३ स्थित छपकैयाका २६ वर्षीय वीरेन्द्र साह सोनारलाई हत्या गरी बाराको प्रसौनी गाउँपालिका-१ स्थित त्रिवेणी गाउँको त्रिवेणी खोलासंगै रहेको गण्डक नहर छेउमा हत्या गरी फालिएको अवस्थामा ६ दिनपछि कार्तिक २ गते शव फेला परेको थियो ।

मनिषाकी छिमेकी एक स्थानीयले जनाए अनुसार ६ दिनदेखि हराइरहेका युवक सोनारको खोजी कार्य गरिदिन भन्दै घटनाको भोलिपल्ट मनिषा र विजय दुवै जना संगै पर्सा प्रहरी कार्यालयमा निवेदन दर्ता गराएका थिए । उनले विजय र मृतक वीरेन्द्र घरबाट संगै मेला हेर्न बाइकमा निस्केका थिए। आरोपी विजय, मृतक वीरेन्द्र र उनकी पत्नी मनिषा वीरगञ्ज घरमा संगै बस्दै आएका थिए ।

'हत्या आरोपी विजयले फोनमा 'लोकेसन' दिएको अनुसार वीरेन्द्र पत्नी आफैं शव खोज्न घटनास्थलतर्फ गएकी थिइन् । तर विजयले दिएको 'लोकेसन' ठयाक्कै पुग्न नसकेपछि मनिषाले दोस्रो पटक विजयसित 'लोकेसन' मागेकी थिइन्,' अनुसन्धानमा खटिएका एक प्रहरीले भने, 'विजय 'लोकेसन दिँदै घटनाको पर्सिपल्ट (असोज २९ गते) भारततर्फ फरार भएका थिए ।'

मनिषाकै बयानले विजयलाई पक्राउ गरेका छन् । विजयले मेला हेर्न भन्दै सोनारलाई लगेदेखि घर नफर्किदा खोजतलास गर्दै जाँदा प्रहरीले शव भेटाएको थियो । घटनाबारे विस्तृत अनुसन्धान भइरहेको उनले बताए ।

# काठ तस्करीमा पिकअप भ्यानको प्रयोग बढ्दो

**टुडे समाचारदाता**

रौतहट । रौतहटमा वन क्षेत्रबाट काठ तस्करी गर्न पिकअप भ्यानको प्रयोग बढ्दै गएको छ । केही वर्षयतादेखि वन क्षेत्रबाट काठ तस्करी गर्न पिकअप भ्यान बढ्दै गएको छ।



छिटोछरितो हुने भएकाले काठ तस्करहरुले भारतीय नम्बरका स-साना सवारीसाधनको प्रयोग गर्दै हुन थालेको देखिन्छ ।

डिभिजन वन कार्यालय चन्द्रनिगाहपुरले दिएको तथ्यांकअनुसार गत असोजमा मात्रै दुई वटा पिकअप भ्यान र एक थान ट्र्याक्टर बरामद गरेको छ । सो कार्यालयका सूचना अधिकारी महालक्ष्मी शर्माले गत असोज ७ गते तीनजनासहित ३४ क्युफिट काठ, एउटा पिकअप भ्यान वन गस्तीमा खटिएको टोलीले पक्राउ गरेको थियो।

गत असोज ८ मा ना ४ च ८७९४ नम्बरको टाटा पिकअपबाट १४ दशमलव २० क्युफिट काठसहित दुईजनालाई पक्राउ गरिएको सूचना अधिकारी शर्माले जनाए । उनका अनुसार असोज २३ गते ८६ क्युफिट काठ, प्रदेश २-०३-००१ त २०८० नं को ट्रैक्टरसहित तीनजनालाई पक्राउ गरेको छ ।

गत आर्थिक वर्षमा विभिन्न मितिमा पाँच थान पिकअप भ्यान र पाँच थान ट्रैक्टरसहित काठ चोरी भएकामा वन कर्मचारीले खोजी गरी पक्राउ गरेको थियो । यसका साथै मोटरसाइकल, साइकल, टायरगाडामार्फत पनि काठ तस्करी भइरहेको भन्दै यी सवारीसाधन सुराकीको आधारमा तथा वनको नियमित गस्ती गर्ने क्रममा पक्राउ परेका सूचना अधिकारी शर्माले बताए।

गत आर्थिक वर्षमा काठ चोरी गर्ने ४९ जनामाथि मुद्दा चलाइएको जनाउँदै उनले एक हजार एक सय ९४.५८ क्युफिट काठ बरामद गरिएको उल्लेख गरे।

आर्थिक वर्ष २०७९/०८० मा ९५ वटा सवारीसाधनसहित दुई हजार पाँच सयबढी क्युफिट काठ बरामद गरेको थियो। सो अवधिमा काठ ढुवानी गर्न प्रयोग भएका पिकअप भ्यान आठ, ट्रैक्टर तीन, ट्रक, मिनिट्रक र स्कारपियो एक/एक, साइकल ६५, मोटरसाइकल पाँच र रिक्सा ९५ वटा बरामद गरिएको थियो। ती तस्करीमा संलग्न ५० जना तस्करलाई नियन्त्रणमा लिएर मुद्दा चलाइएको थियो।

संघीय र प्रदेशको कानुन बाझिँदा बरामद गरिएका सवार ीसाधन र काठ लिलाम नहुँदा ती सवारीसाधन र काठ कुहिने अवस्थामा पुगेका डिभिजन वन कार्यालय चन्द्रनिगाहपुरका प्रमुख हेमन्त साहले बताए।

कानुनी स्पष्टता नहुँदा कुनै पनि मुद्दाको फैसला नभएको भन्दै काठ र सवारीसाधनको लिलाम हुन नसकेको प्रमुख साहले बताए । यो समस्या देशव्यापी रुपमा रहेको उल्लेख गर्दै उनले समस्या समाधान गर्न संघीय सरकारसँग समन्वय भइरहेको जानकारी दिए। बरामद काठ र सवार ीसाधनको लिलाम नहुँदा राजस्व सङ्कलनमा कमी आएकाले तत्काल समाधानको पहल थाल्नुपर्ने उनले बताए।

**जुवातास खेल्नु र खेलाउनु कानूनी अपराध हो**

**जुवातास खेले वा खेलाएमा, मुलुकी अपराध संहिता २०७४ को दफा १२५ मा–**

- पहिलोपटक खेल्ने वा खेलाउनेलाई तीन महिनासम्म कैद वा तीसहजारसम्म जरिबाना,
- दोश्रोपटकमा एक वर्षसम्म कैद र पचार हजार रुपैंयासम्म जरिबाना,
- त्यसपछि हरेक पटक थप तीन महिनासम्म कैद र दश हजार रुपैंयासम्म जरिबाना,
- जुवा खेल्न प्रयोग भएको साधन, जुवाखलमा प्राप्त सम्पूर्ण चल अचल सम्पत्ति जफत हुनेलगायतका कानूनी व्यवस्था छ।

**त्यसैले जुवातास नखेलौं, नखेलाऔं, कानूनी कार्वाहीबाट बचौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१–५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८